# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन

ज्ञानु रेग्मी
दोस्रो वर्षको परीक्षा क्रमाङ्क : ४१३०१३८/२०६६
त्रि.वि.वि. दर्ता नं. : ९-२-४१३-९९-२००४

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्र (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत
शोधपत्र
२०६९

टीकापुर बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
टीकापुर, कैलाली

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली विषयका छात्रा ज्ञानु रेग्मीद्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा  तयार पारिएको हो । निकै परिश्रमपूर्वक तयार पार्नु भएको यो शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९।०६।२१

.....................

शोध निर्देशक

तिलक देव गिरी

उप- प्राध्यापक

टीकापुर बहुमुखी क्याम्पस

टीकापुर, कैलाली

टीकापुर बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
टीकापुर, कैलाली

मिति :- २०६९।०६।२१

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत टीकापुर बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग एम.एड.दोस्रो वर्षका छात्रा ज्ञानु रेग्मीद्वारा उप-प्राध्यापक श्री तिलक देव गिरीको निर्देशनमा स्नातकोत्तर तह दोस्रो वर्षको (नेपा. शि.५९८) लागि तयार पारिएको **कक्षा सातका विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकको शोधपत्र एम.एड. तहका लागि उपयुक्त देखिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. विषय समिति अध्यक्ष | धनकृष्ण उपाध्याय | …………… |
| २. बाह्य परीक्षक | | ……………. |
| ३. विषय विशेषज्ञ | | ……………… |
| ४. | | |

# कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत टीकापुर बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको (ने.पा.शि.५९८) प्रयोजनका लागि तयार पारिएको हो ।

प्रस्तुत शोधको उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन गर्नु, आवधिक प्रगतिको तुलनात्मक अध्ययन गर्नु, भाषिक सिपगत प्रगतिको लेखाजोखा गर्नु, कक्षा सातमा आवधिक मूल्याङ्कनको उपयुक्तता पहिल्याउनु रहेको छ । यो शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरी तयार पारिएको छ। शोधकार्य आफैमा जटिल कार्य हुँदो रहेछ अरुको सहयोग बिना पुरा गर्न कठिन पर्दो रहेछ । यो शोधपत्र तयार पार्ने क्रममा शीर्षक छनोटदेखि यो शोधपत्रलाई पूर्णता दिँदासम्म विभिन्न व्यस्तता भएपनि आफ्नो अमूल्य समय खर्च गरी निरन्तर आवश्यक निर्देशन, उत्साह र प्रेरणा प्रदान गर्नु हुने शोध निर्देशक (आदरणीय गुरु) उपप्राध्यापक श्री तिलक देव गिरीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा तयार पारिएको शोध प्रस्ताव स्वीकृत गरी शोधपत्र तयार पार्ने अवसर प्रदान गर्ने टीकापुर बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग निर्देशन समितिका अध्यक्ष आदरणीय गुरुहरु धनकृष्ण उपाध्याय र सदस्य लय खतिवडा ज्युप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रेरणादायी सल्लाह र सामग्री प्रदान गर्नु हुने मित्र सीता भट्टराई र देनकला रावलप्रति हार्दिक आभार प्रकट गर्दछु । सामग्री सङ्कलनका क्रममा आवश्यक पुस्तक, पत्रपत्रिका, शोधपत्र उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने टीकापुर बहुमुखी क्याम्पस पुस्तकालय र श्री खड्ग स्मृति उ.मा.वि.को पुस्तकालयका सम्पूर्ण सरहरुप्रति आभारी छु । आवश्यक सूचना उपलब्ध गराउने विद्यालयका भाइ बहिनीहरुलाई धन्यबाद दिन चाहन्छु । मलाई उच्च शिक्षातिर अग्रसर गराउन भूमिका

निभाउने र प्रेरणामूलक सुझाब प्रदान गर्ने आदरणीय पतिदेव उपेन्द्र उपाध्यायप्रति विशेष आभारी छु । शोध कार्य लेखनमा सहयोग पुऱ्याउने मेरा प्यारी छोरीहरु अनु उपाध्याय, श्रीया उपाध्याय र छोरा सुयोग उपाध्यायलाई वातसल्यमय स्मरण गर्न चाहन्छु । आवश्यक सहयोग गरी शोधपत्र लेखनमा हौसला प्रदान गर्नुहुने मेरा अन्य परिवारजन प्रति पनि आभार व्यक्त गर्नु मेरो कर्तव्य ठान्दछु ।

शोधकार्यमा जुन-जुन पुस्तक लेख रचनाको सहयोग प्राप्त भयो त्यसका लेखकहरु प्रति पनि आभार व्यक्त गर्नु मेरो जिम्मेवारी ठान्दछु । प्रस्तुत शोधपत्र शुद्ध र सफासँग टङ्कन गरी सहयोग गर्ने लता कम्प्युटर सेन्टरका सहयोगी मित्र भोजराज भट्टराई जी लाई हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०६९।०६।२१

शोधार्थी

....................

ज्ञानु रेग्मी

# शोधसार

शोध शीर्षक :- **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन**

शोधार्थी :- ज्ञानु रेग्मी

शोध निर्देशक :- उप प्राध्यापक तिलक देव गिरी

विभाग/क्याम्पस :- नेपाली भाषा शिक्षा विभाग, टीकापुर बहुमुखी क्याम्पस, टीकापुर,कैलाली

शैक्षिक सत्र :- २०६९

जम्मा अध्याय :- पाँच

जम्मा पृष्ठ सङ्ख्या : १३ + १०४ + १९

शोध प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको ने.पा.शि.५९८ पाठयाशंको प्रयोजनका लागि तयार पारिएको हो । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन गर्नु, आवधिक प्रगतिको तुलनात्मक अध्ययन गर्नु, भाषिक सिपगत प्रगतिको लेखाजोखा गर्नु र कक्षा सातमा आवधिक मूल्याङ्कनको उपयुक्तता पहिल्याउनु यस शोध अध्ययनका उद्देश्यहरु रहेका छन् । प्रस्तुत शोध कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययनमा केन्द्रित रहेको छ । यसमा कक्षा सातका सम्पूर्ण विद्यार्थीहरुको प्रतिनिधित्व हुने गरी दलित, जनजाति र अन्य विद्यार्थीहरुबाट कक्षा ६ को नतिजालाई आधार मानी उत्तम, मध्यम र निम्न शैक्षिक क्षमता भएका ३० जना विद्यार्थीहरुलाई मात्र

जनसङ्ख्याको रुपमा लिई अध्ययन गरिएको छ । अध्ययन गर्दा वर्णनात्मक, तुलनात्मक, प्रयोगात्मक र पुस्तकालयीय विधिहरु अपनाइएको छ । विश्लेषण गर्दा प्राथमिक सामग्री र गौण सामग्रीको यथोचित उपयोग गरिएको छ ।

यस अध्ययनलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा शोध परिचय, अध्याय दुईमा मूल्याङ्कनको सैद्धान्तिक अध्ययन, अध्याय तिनमा भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन, अध्याय चारमा प्रयोगात्मक परीक्षाको तुलना र अध्याय पाँचमा उपसंहार, शैक्षणिक उपयोगिता र भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरु समावेश भएका छन् । प्रस्तुत शोधपत्रको सन्दर्भ ग्रन्थ सूचीलाई ए.पि.ए. पद्धतिमा राखिएको छ ।

प्रस्तुत शोधमा लिखित रुपमा लिइएको आवधिक परीक्षाको नतिजाको मूल्याङ्कन गर्दा पहिलोभन्दा दोस्रो, दोस्रोभन्दा तेस्रो र तेस्रोभन्दा चौथो परीक्षामा विद्यार्थीहरुले नेपाली भाषा सिकाइको उपलब्धि स्तरमा वृद्धि गरेको पाइएको छ । त्यसै गरी मौखिक रुपमा लिइएको सुनाइ, बोलाइ र पढाइ जस्ता भाषिक सिपको मूल्याङ्कन गर्दा सुनाइ सिपको दोस्रो र तेस्रो प्रयोगात्मक परीक्षामा र बोलाइ सिपको दोस्रो प्रयोगात्मक परीक्षामा ऋणात्मक उपलब्धि प्राप्त भएको छ । यस बाहेकका सुनाइ, बोलाइ र पढाइ सिपको प्रयोगात्मक परीक्षामा विद्यार्थीहरुले सिकाइ उपलब्धि स्तरमा क्रमशः वृद्धि गरेको पाइएको छ ।

यसरी लिखित र मौखिक परीक्षाको तुलना गर्दा लिखित परीक्षाबाट प्राप्त भएको सिकाइ उपलब्धि नै सन्तोषजनक देखिएको छ । यसबाट ऋणात्मक उपलब्धि प्राप्त भएको भाषिक सिपको त्रुटि क्षेत्रहरु पत्ता लगाई सोही बमोजिम शिक्षण तथा व्यवस्थापन गर्नु पर्ने र नेपाली विषयको कमजोर मूल्याङ्कन पक्षलाई सुधार गरी अन्य विषय जस्तै प्रयोगात्मक परीक्षामा जोड दिनु पर्ने निष्कर्ष निकालिएको छ ।

यस शोध अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार विद्यालय शिक्षाको आधारभूत तहमा अनिवार्य रुपमा निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु पर्ने, नेपाली भाषा शिक्षकलाई अनिवार्य रुपमा तालिमको व्यवस्था गरिनु पर्ने, भाषिक सिपको निरन्तर मूल्याङ्कन माथिल्ला कक्षाहरुमा पनि गर्नु पर्ने, विद्यालयमा सञ्चालन गरिने आवधिक परीक्षाहरुलाई निरन्तर मूल्याङ्कन प्रणालीसँग सम्बन्धित गराई दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक रुपमा अनिवार्य मूल्याङ्कन गरिनु पर्ने भनेर सुझाब दिइएको छ । यसै गरी विद्यालय शिक्षाको आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्नु पर्ने यसै प्रणाली अन्तर्गत विद्यार्थी, शिक्षक र अभिभावकलाई तालिमको व्यवस्था गरिनु पर्ने, निर्णयात्मक मूल्याङ्कनभन्दा निर्माणात्मक मूल्याङ्कनमा जोड दिइनु पर्ने, पाठयक्रमले निर्देश गरेका उद्देश्य अनुरुपका भाषिक सिप सम्बद्ध अतिरिक्त क्रियाकलापहरु विद्यार्थीहरुलाई गराउनु पर्ने, नेपाली विषयको आवधिक मूल्याङ्कनको उपयुक्ततामा जोड दिनु पर्ने, ऋृणात्मक उपलब्धि प्राप्त भएको भाषिक सिपको कमी कमजोरी पत्ता लगाई तदनुकूल शिक्षण तथा व्यवस्थापन गर्नु पर्ने, कक्षा सातको नेपाली भाषा पाठयक्रमलाई सुधार गरी अन्य विषय जस्तै यस विषयको पनि मौखिक परीक्षाद्वारा मूल्याङ्कन गर्नु पर्ने जस्ता सुझाबहरु पनि पेश गरिएको छ ।

# विषय सूची


पृष्ठ सङ्ख्या

अध्याय एक : शोधको परिचय 1-19

१.१.शोधको शीर्षक १

१.२.शोधको प्रयोजन १

१.३.समस्या कथन १

१.४.अध्ययनको उद्‌देश्य ३

१.५.अध्ययनको औचित्य ३

१.६.पूर्वकार्यको समीक्षा ५

१.७.शोधको सीमा १२

१.८.शोध विधि १३

१.८.१. जनसङ्ख्याको छनोट १५

१.८.२. सामग्री निर्माण तथा तथ्याङ्क सङ्कलन १५

१.८.३. तथ्याङ्क विश्लेषण र व्याख्या १७

१.९.अध्ययनको रूपरेखा १७

अध्याय दुई : मूल्याङ्कनको सैद्धान्तिक अवधारणा २०-५१

२.१. मूल्याङ्कनको सैद्धान्तिक परिचय २०

२.२. भाषिक मूल्याङ्कनको परिचय २६

२.३. निरन्तर विद्‌यार्थी मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमि २८

२.४.भाषिक मूल्याङ्कनका प्रकारहरु ३०

२.५.भाषिक मूल्याङ्कनका साधनहरु ४५

२.६.निरन्तर विद्‌यार्थी मूल्याङ्कन गर्नुका उद्‌देश्यहरु ४६

२.७.निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगिता ४७
२.८.निरन्तर विद्यार्थी मूल्याङ्नमा अभिलेख राख्ने तरिका ४८

अध्याय तिन : भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन ५२-८२
३.१. आवधिक परीक्षाको सामान्य परिचय ५२
३.२ पूर्व परीक्षाको नतिजाको विश्लेषण ५४
३.३. प्रथम आवधिक परीक्षाको नतिजाको विश्लेषण ५७
३.४. पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबिच तुलना ६१
३.५. दोस्रो आवधिक परीक्षाको नतिजाको विश्लेषण ६३
३.६. प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलना ६६
३.७. उत्तर परीक्षाको नतिजाको विश्लेषण ६८
३.८. दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाबिच तुलनात्मक अध्ययन ७२
३.९. पूर्व परीक्षा र उत्तर परीक्षाबिच तुलना ७५
३.९.१.पूर्व परीक्षा, प्रथम र दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको नतिजाको तुलनात्मक अध्ययन ७७
३.९.२.आवधिक परीक्षाबाट प्राप्त नतिजाको तुलनात्मक स्तम्भ रेखाचित्र ८०

अध्याय चार : प्रयोगात्मक परीक्षाको तुलना ८३-९४
४.१.आवधिक परीक्षाहरुको प्रगति विवरण ८३
४.२.पहिलो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ८३
४.३.दोस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ८६

४.४.तेस्रो प्रयोगात्मक परीक्षाको प्रगतिको विवरण ८८

४.५.चौथो प्रयोगात्मक परीक्षाको प्रगतिको विवरण ९०

४.६.प्रयोगात्मक परीक्षाहरुको प्रगति विवरणको तुलनात्मक अध्ययन ९२

अध्याय पाँच : उपसंहार ९५-९९

५.१. निष्कर्ष ९५

५.२. सुझावहरु ९७

५.३. शैक्षणिक उपयोगिता ९८

५.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरु ९९

सन्दर्भ सूची र परिशिष्टहरु

# तालिका सूची


तालिका १ : पूर्व परीक्षाको प्रगति विवरण ५५

तालिका २ : प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क विवरण ५९

तालिका ३ : पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबिच तुलना ६२

तालिका ४ : दोस्रो आवधिक परीक्षाको प्रगति विवरण ६४

तालिका ५ : प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलना ६७

तालिका ६ : उत्तर परीक्षाको प्रगति विवरण ७०

तालिका ७ : दोस्रो र उत्तर परीक्षाको नतिजाको तुलना ७४

तालिका ८ : पूर्व परीक्षा र उत्तर परीक्षाबिच तुलना ७६

तालिका ९ : आवधिक परीक्षाहरुको नतिजाको तुलनात्मक तालिका ७८

तालिका १० : आवधिक परीक्षाको औसत प्राप्ताङ्कको तुलनात्मक विवरण ८१

तालिका ११ : पहिलो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ८४

तालिका १२ : दोस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ८६

तालिका १३ : तेस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ८८

तालिका १४ : चौथो प्रयोगात्मक परीक्षाको प्रगति विवरण ९०

तालिका १५ : सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको नतिजाको तुलना ९२

तालिका १६ : प्रयोगात्मक परीक्षाको औसत प्राप्ताङ्कको तुलना ९

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| पा.वि.के. | - | पाठ्यक्रम विकास केन्द्र |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्व विद्यालय |
| नेपा.शि. | - | नेपाली शिक्षा |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| नि.मा.वि. | - | निम्न माध्यमिक |
| शै.ज.वि.के. | - | शैक्षिक जनशक्ति विकास केन्द्र |
| एम.एड. | - | मास्टर अफ एजुकेसन |
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| प्र.अ. | - | प्रधानाध्यापक |
| ज.ब.रा. | - | जङ्ग बहादुर राणा |
| वि.सं. | - | विक्रम सम्वत |
| ई.पू. | - | ईसा पूर्व |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| क्र.सं. | - | क्रमसङ्ख्या |
| रो. नं. | - | रोल नम्बर |
| से.मी. | - | सेन्टी मीटर |
| वि.क. | - | विश्वकर्मा |
| डा. | - | डाक्टर |
| गा.वि.स. | - | गाउँ विकास समिति |

# अध्याय : एक

# शोध परिचय

## १.१ शोधको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन** रहको छ ।

## १.२. शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको (नेपा.शि. ५९८) पाठयांशको प्रयोजनका निम्ति प्रस्तुत गरिएको हो ।

## १.३. समस्या कथन

मानिसले समाजमा जीवन निर्वाह गर्न अनिवार्य रुपमा सामाजिक व्यवहारहरु सिक्नु पर्दछ । कुनै पनि बालकले आफ्नो जीवन निर्वाह गर्नका लागि समाजमा चली आएका सामाजिक क्रियाकलापहरुलाई शिक्षाका रुपमा हासिल गर्नु पर्ने हुन्छ । शिक्षकले पनि बालकलाई सामाजिक रहन सहन आचरण आदिबारे शिक्षण सिकाइ क्रियाकलापद्वारा जानकारी दिनु पर्दछ । किनभने आजको अबोध बालक नै भोलि गएर कुनै पनि समाजको उत्तरदायित्व निर्वाह गर्नु पर्ने व्यक्ति हो । त्यस कारण जुन समाजमा उत्तरदायित्वका विविध पक्षबारे परिवार,समाज,विद्यालय मार्फत बालकलाई सिकाउने गरिन्छ, त्यही

सिकाइ नै वास्तवमा शिक्षा हो । जसका सहायताले बालकले सामाजिक जीवन निर्वाह गर्न सक्छ । शिक्षाले विद्यार्थीहरुको व्यक्तिगत विकासमा सहयोग पुऱ्याउँछ । शिक्षा प्रदान गर्नु भनेको बालकलाई जुनसुकै परिस्थितिमा पनि समाजमा समायोजन हुन सक्ने बनाउनु हो र उसको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउनु हो । त्यस कारण शिक्षा मानव जीवनको आवश्यक र महत्त्वपूर्ण साधन हो ।

मानिसलाई सामाजिक रहन सहन, वेषभूषा, संस्कृति, समुदाय, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय परिवेशमा समायोजन हुनका लागि शिक्षा आवश्यक पर्दछ । शिक्षाले व्यक्तिलाई ज्ञान, सिप र व्यवहार सिक्न सहयोग गर्दछ । शिक्षा जीवन जगतबाट गरेका अनुभवबाट,अवलोकनबाट,अन्तरक्रियाबाट,शिक्षण प्रशिक्षणबाट, खोज तथा अनुसन्धानबाट, अभ्यास आदि कार्यबाट शिक्षा प्रदान गर्न सकिन्छ । यतिमात्र नभएर समाजमा हुने शैक्षिक, सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक क्रियाकलापबाट पनि शिक्षा प्राप्त भइ रहेको हुन्छ । व्यक्तिका लागि शिक्षा जन्मसँगै सुरु हुन्छ र जीवन पर्यन्त चलि रहन्छ । जीवनमा शिक्षा प्राप्त गर्न सकिएन भने कुनै पनि व्यक्तिको जीवन कोरा र गन्तव्यहीन बन्दछ ।

विद्यालय शिक्षाका सन्दर्भमा मूल्याङ्कनलाई शैक्षिक सत्रको अन्त्यमा कक्षा चढाउने औपचारिक माध्यमका रुपमा मात्र लिइएको पाइन्छ । हतार -हतारमा प्रश्न बनाउने र परीक्षा लिई पास फेल गर्ने माध्यमका रुपमा मात्र मूल्याङ्कनको प्रयोग भइरहेको देखिन्छ । मूल्याङ्कनलाई कक्षा क्रियाकलाप,शिक्षण सिकाइकै अभिन्न अङ्ग बनाउन सकिएन भने शिक्षण उद्देश्यहीन हुन पुग्छ ।

विद्यार्थीको प्रगतिको लेखाजोखा राख्दै उसका कमजोरीका आधारमा उपचारात्मक रुपले शिक्षण गर्दै जान सकेमा शिक्षण उपलब्धिमूलक हुन्छ भन्ने कुराको जानकारीको कमी हुनु यस अध्ययनको मूल समस्या हो । यसै गरी भाषिक सिपको मूल्याङ्कन सम्बन्धी जानकारीको अभाव रहनु, मूल्याङ्कन गर्दा बेकारमा समय बर्बाद हुन्छ भन्ने धारणा रहनु पनि समस्याकै रुपमा देखिएको छ । यस्तो समस्याको कारण शिक्षक तालिमको अभाव नै

हो । तालिमले नै शिक्षकलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक ज्ञान र व्यवहारिक सिप प्रदान गर्दछ अर्थात किन र कसरी मूल्याङ्कन गर्ने भन्ने कुराको हेक्का दिलाउँछ यो समस्या समग्र शिक्षा क्षेत्रको समस्या हो । अतः कक्षा सातका विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगतिलाई निम्न लिखित प्रमुख समस्याहरुमा केन्द्रित गरेर हेर्न सकिन्छ :

क) कक्षा सातको विद्यार्थीहरुको नेपाली विषयको आवधिक प्रगति विवरण कुन रुपको हुन्छ ?

ख) विभिन्न चरणमा भएको प्रगतिको तुलनामक रुप कस्तो हुन्छ ?

ग) कक्षा सातका विद्यार्थीहरुको भाषिक सिपगत प्रगति कस्तो हुन्छ ?

घ) कक्षा सातमा आवधिक मूल्याङ्कन उपयुक्त छ/छैन?

## १.४. अध्ययनको उद्देश्य

प्रस्तुत शोध कार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन गर्नु,

ख) आवधिक प्रगतिको तुलनात्मक अध्ययन गर्नु,

ग) भाषिक सिपगत प्रगतिको लेखाजोखा गर्नु,

घ) कक्षा सातमा आवधिक मूल्याङ्कनको उपयुक्तता पहिल्याउनु ।

## १.५. अध्ययनको औचित्य

नेपाली भाषा नेपालको राष्ट्रभाषा र माध्यम भाषा पनि हो । नेपालीको भाषा नेपालभित्र र नेपाल बाहिर पनि बोलिन्छ । यसले नेपालका सबै भाषा भाषीहरुको माध्यम भाषाको मान्यता पनि प्राप्त गरेको छ । यो भाषा पहिलो भाषाका रुपमा मात्र नभएर

दोस्रो र विदेशी भाषाका रुपमा पनि प्रयोग, व्यवहार गरिन्छ। नेपालको जनसङ्ख्याको बढी भागले यस भाषालाई दोस्रो भाषाको रुपमा सिकेको देखिन्छ। यस कारण पहिलो भाषाको रुपमा मात्र नभएर दोस्रो भाषाका रुपमा समेत शिक्षण हुने नेपाली भाषा सिकाइको मूल्याङ्कन प्रभावकारी नभए भाषा शिक्षण पनि प्रभावकारी बन्न सक्दैन । नेपाली भाषीहरूको भौगोलिक विस्तार, जनसङ्ख्याको व्यापक वृद्धि, सम्पर्कको न्यूनता र तिनको प्रभाव आदि कारणले मानक नेपाली भाषा सिकाइमा समस्या परेको देखिन्छ।

हाम्रो देशमा प्रचलित रहेको मूल्याङ्कन प्रणाली बढी मात्रामा निर्णयात्मक मूल्याङ्कन प्रणालीमा आधारित रहेको देखिन्छ। नेपाली भाषाका सन्दर्भमा हेर्दा यो प्रक्रिया विशेषगरी लेखाइ सिपको मूल्याङ्कनमा मात्र केन्द्रित रहेको देखिन्छ । यस परिपाटीलाई सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्नु पर्ने देखिन्छ । हाल नेपाल सरकारले प्राथमिक तहको कक्षा १-३ सम्म औपचारिक रुपमै निरन्तर मूल्याङ्कन प्रणाली लागु गरेको परिप्रेक्ष्यमा कक्षा सातमा पनि निरन्तर मूल्याङ्कन प्रणाली लागु गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरुमा के-कस्ता परिवर्तनहरु आए ? उनीहरुको रुचि, क्षमता आदि कस्तो छ ? उनीहरुमा भएका कमी कमजोरीहरु कसरी हटाउन सकिन्छ भन्ने कुरामा यस अध्ययनले मार्ग दर्शन गर्ने छ। हाम्रा विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइको मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनद्वारा गर्ने गरिन्छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीहरुले शिक्षण सिकाइ प्रक्रियामा हासिल गरेका विषयगत सिकाइ उपलब्धि, कक्षा सहभागिता, सहपाठीसँगको सामाजिक बानी व्यवहोरा आदि पक्षको मूल्याङ्कन हुने गर्दछ भने निर्णयात्मक मूल्याङ्कनमा परीक्षाबाट प्राप्त नतिजाको आधारमा स्तर निर्धारण गरी मूल्याङ्कन गर्ने गरिन्छ। मूल्याङ्कनको उक्त पद्धतिलाई शैक्षिक कार्यक्रमलाई सुधार गर्ने अभिन्न अङ्गका रुपमा लिइन्छ।

वास्तवमा भाषा शिक्षण भनेको भाषिक सिपको शिक्षण नै हो । विषयवस्तुका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको शिक्षण नै भाषा शिक्षण हो । विद्यालय तहको पठन पाठन कार्यमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको

हुन्छ । विद्यालयमा प्रारम्भिक तहदेखि नै अनिवार्य विषयका रूपमा नेपाली भाषा शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनु पर्दछ । यो राष्ट्र भाषा, साझा भाषा एवम् सम्पर्क भाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम र पाठ्य सामग्रीद्वारा भाषा सिकाइ हुनु पर्दछ । सह क्रियाकलाप कक्षा कोठामा गरीने कक्षा कार्यकलापको अङ्ग बन्नु पर्छ । अतः शिक्षकलाई विद्यार्थीको स्तर, तह, उमेर, रुचि एवम् आवश्यकता अनुरुप शिक्षण गर्न, विद्यार्थीहरूका कमजोर पक्षहरू औंल्याई नयाँ कुराहरू सिकाउन यस अध्ययनले सहयोग गर्नेछ । त्यसै गरी विद्यार्थीहरुको कक्षा सहभागिता बढाउन, कक्षा कार्य, गृहकार्य गर्न प्रोत्साहन दिन, सिर्जनात्मक कार्य सञ्चालन गर्न,विद्यार्थीको नेपाली भाषा सिकाइमा उत्सुकता छ या छैन् भनी जानकारी लिन, महिना-महिनामा पढाएको पाठबाट प्रश्न निर्माण गरी आवधिक प्रगति विवरण प्रस्तुत गर्न, मूल्याङ्कन नतिजाको अभिलेख राखी विश्लेषण गर्न समेत शिक्षकहरुलाई यस शोधले सहयोग गर्ने देखिन्छ ।

भाषा सिकाइको जति बढी अध्ययन अनुसन्धान हुन सक्यो त्यति बढी भाषालाई समृद्ध बनाउन मद्दत पुग्छ । भाषा सिकाइको निर्माणात्मक मूल्याङ्कनको अनुसन्धानबाट सिकाइका समस्याहरू पहिल्याउन, विद्यार्थीहरूमा के कस्ता परिवर्तनहरू भएका छन्, आवधिक प्रगतिको विश्लेषणबाट विद्यार्थीमा के-कस्ता परिवर्तन आए भन्ने जानकारी हुन्छ । उनीहरूको रूचि क्षमता आदि कुराहरूको जानकारी पनि प्राप्त हुन्छ । यसरी विद्यार्थीको सिकाइका क्रममा त्रुटि क्षेत्रहरू के-के हुन् भनी पहिचान गर्न र सोही अनुरूप पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शैक्षिक सामग्री आदिको निर्माण गर्न सम्बन्धित व्यक्तिलाई सहयोग पुऱ्याउनेछ । अतः विषय शिक्षक, पाठ्यक्रम निर्माता, अनुसन्धाता, भावी अध्यता, जिज्ञासु पाठक सबैका लागि यो अध्ययन आवश्यक र उपयोगि छ । यसैमा यस अध्ययनको औचित्य पनि अन्तर्निहित रहेको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा भएका शोध, अनुसन्धान, पत्रपत्रिका, पुस्तक श्रव्य दृश्य सामग्री, शोधपत्र, इन्टरनेट सामग्री, अन्तवार्ता, टि.भि.आदिबाट प्राप्त सामग्री आदिलाई  अध्ययन गरी तिनीहरूको टिप्पणीमूलक सङ्क्षिप्त समीक्षा गर्नु भनेको नै पूर्व कार्यको समीक्षा हो । यसैलाई वाङ्मय समीक्षा, पूर्व साहित्यको समीक्षा पनि भनिन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउँछ र अनुसन्धानकर्तालाई सम्बन्धित विषयमा अनुसन्धान गर्न सहजता प्रदान गर्दछ र बाँकी रहेका अनुसन्धान अगाडि बढाउन पनि मद्दत गर्दछ । तसर्थ अनुसन्धान कार्यमा पूर्व कार्यको समीक्षा अति महत्त्वपूर्ण र उपयोगी सावित भएको छ । पूर्व कार्यको समीक्षाले सम्बन्धित समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न, शीर्षक चयन गर्न, अनुसन्धान पद्धतिको निर्क्यौल गर्न अनुसन्धानलाई उपलब्धिमूलक बनाउन मद्दत पुऱ्याउछ । नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न अनुसन्धानलाई वैद्य र विश्वसनीय बनाउन, अनुसन्धान ढाँचा निर्धारण गर्न, पहिले भएका अनुसन्धानको विश्लेषण गर्न, भविष्यमा गर्न सकिने अनुसन्धानहरुको क्षेत्रहरु पत्ता लगाउन पनि स्पष्ट निर्देशन प्रदान गर्दछ । यसै सन्दर्भमा स्नात्तकोत्तर तहमा कक्षा सातका विद्यार्थीहरूको भाषा सिकाइसँग सीमित सामग्री प्राप्त भएकाले यहाँ उक्त शोधको अध्ययन गरी सारभूत निष्कर्षलाई पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

शान्ता बास्कोटा (२०३५) ले **नेपाली शिक्षकबाट प्रयोगमा ल्याइएका भाषिक मूल्याङ्कनका साधन र तरिकाहरुको अध्ययन** शीर्षकमा अध्यन गरेको पाइन्छ । यसमा भाषिक मूल्याङ्कनको सामान्य परिचय दिने, भाषिक मूल्याङ्कनको सैद्धान्तिक परिचय दिने, नेपाली शिक्षकबाट प्रयोगमा ल्याईएका भाषिक मूल्याङ्कनका साधन र तरिकाहरूको अध्ययन गर्ने उद्देश्य रहेको छ । यसमा भाषिक मूल्याङ्कनका तरिका र साधनहरूको निरन्तर विद्यार्थी मूल्याङ्कन, निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरू, निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य र कार्य अध्ययनका आधारहरू भाषिक सिप र भाषा तत्त्वको मूल्याङ्कन आदिको अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निरन्तर विद्यार्थी मूल्याङ्कन विधि अपनाई सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रमा नेपाली शिक्षकले

प्रयोगमा ल्याएका भाषिक मूल्याङ्नका साधन र तरिकाहरूलाई विद्यार्थीको दैनिक सिकाइ उपलब्धि स्तरसँग सम्बन्धित गराउन विद्यार्थीको शैक्षिक पृष्ठभूमिको पहिचान गरी त्यसै अनुसार शिक्षण गरीनु पर्ने र भाषिक मूल्याङ्कन अन्तर्गत रहेर निरन्तर मूल्याङ्कन प्रणाली अपनाउँदा योग्य, तालिम प्राप्त शिक्षक हुनु पर्ने र समय-समयमा शिक्षकलाई पुनर्ताजगी तालिम दिइनु पर्ने, अनिवार्य रूपमा निरन्तर भाषिक मूल्याङ्कन हुनु पर्ने, भाषिक सिपहरूको अध्ययन गर्दा अवलोकन, अर्न्तवार्ता, निरीक्षणको उपयोग गर्नु पर्ने अन्यथा भाषा सिकाइ उद्देश्य अनुरुप हुन नसक्ने निष्कर्ष निकालिएको पाइन्छ ।

रामप्रसाद भट्टराई (२०५५) ले ***नेपाली भाषा शिक्षणमा भाषिक सिपको मूल्याङ्कन प्रक्रियाको अध्ययन*** शीर्षकमा शोधपत्र तयार पारेका छन । एम.एडका लागि तयार पारिएको उक्त शोधपत्रमा नेपाली भाषा शिक्षणका भाषिक सिपको परिचय दिने र भाषिक सिपको मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्ने उद्देश्य रहेको छ । उनले महेन्द्र रत्न क्याम्पस ताहाचल र सानो ठिमी शिक्षा क्याम्पसमा मूल विषय नेपाली लिई आई.एड.तहमा अध्ययन गर्ने ५०/५० जना विद्यार्थीहरूलाई प्रयोग समूह बनाई प्रयोगात्मक अध्ययन गरेको पाइन्छ । उनले उक्त अनुसन्धानमा भाषिक सिपको मूल्याङ्कन गर्दा भाषाका शिक्षकहरूले भाषिक सिप सम्बद्ध भाषा शिक्षण हुनु पर्ने, यसै अनुकुलको मूल्याङ्कन प्रणाली हुनु पर्ने निष्कर्ष निकालिएको पाइन्छ ।

सुरज पौडेल (२०६०) ले **प्राथमिक तहमा नेपाली भाषाको मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेका छन । उक्त शोधमा आवधिक परीक्षाहरूको सामान्य परिचय, प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलनात्मक अध्ययन गर्ने र भाषिक मूल्याङ्कनका साधनहरूको अध्ययन गर्ने उद्देश्यले राखेका छन । यसमा निरन्तर विद्यार्थी मूल्याङ्कन विधि अपनाई नेपाली भाषा शिक्षकले विद्यार्थीहरूको भाषिक मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित जाँच, अवलोकन, जाँचसूची, श्रेणीमापन जस्ता भाषिक मूल्याङ्कनका साधनहरूको उपयोग अनिवार्य हुनुपर्ने, भाषिक मूल्याङ्कन र कुशलताको मूल्याङ्कन साधन र तरिकाहरू

निर्देशित गरी लेखाइ परीक्षण प्रणालीमा सुधार गर्न भाषिक सिप सम्बद्ध मूल्याङ्कन प्रणाली हुनु पर्ने, नेपाली विषय शिक्षकलाई तालिम दिइनु पर्ने जस्ता निष्कर्ष निकालेको पाइन्छ ।

पुष्करराज जोशी ( २०६३ ) ले ***कक्षा ९ का विद्यार्थीहरूको नेपाली भाषा सिकाइ प्रगतिको अभिलेखको अध्ययन*** शीर्षकमा शोधपत्र तयार पारेका छन । उक्त शोधमा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको मूल्याङ्कनको सैद्धान्तिक अध्ययन गर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने जस्ता उद्देश्यहरू राखिएका छन । उनले निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरू, भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन, भाषिक मूल्याङ्कन, भाषिक मूल्याङ्कनका प्रकारहरू, भाषिक मूल्याङ्कनका सिद्धान्त, प्रगति विवरणको विश्लेषण आदि पक्षमा अध्ययन गरेको पाइन्छ । यो शोधपत्र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्न र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको आधारमा प्रगतिको आकलन गर्नमा केन्द्रित रहेको छ । उनले सिकाइको लेखाजोखा गर्न आवधिक परीक्षाका अतिरिक्त गृहकार्य, कक्षाकार्य, अभ्यास, प्रयोग, समस्या प्रस्तुतीकरण र समाधान, स्थलगत भ्रमण, प्रश्नोत्तर, छलफल, खेल प्रदर्शन, कार्य योजना आदि जस्ता तरिकाहरू अपनाउनु पर्ने निष्कर्ष निकालेको पाइन्छ ।

मीन प्रसाद अधिकारी ( २०६४ ) ले **कक्षा ३ का विद्यार्थीहरूको नेपाली भाषा सिकाइ प्रगति अभिलेखको अध्ययन** शीर्षकमा अध्ययन गरेको पाइन्छ । उनले विद्यार्थीको स्तरगत भाषा सिकाइको क्रम अगाडि बढ्ने सिलसिलामा निश्चित समयावधि पश्चात् कुन रूपमा अगाडि बढ्छ भन्ने कुराको जानकारी प्राप्त गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र नेपाली भाषा सिकाइ प्रगति अभिलेखको अध्ययन गर्ने उद्देश्य राखेको पाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग सम्बन्धित रही वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक विधि प्रयोग गरी कक्षा ३ का विद्यार्थीहरूको नेपाली भाषा सिकाइको प्रगति विवरणको अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा उनले निरन्तर विद्यार्थी मूल्याङ्कनको सामान्य परिचय, सैद्धान्तिक परिचय, भाषिक मूल्याङ्कनको सैद्धान्तिक

परिचय, भाषिक मूल्याङ्कनका साधनहरू, आवधिक परीक्षाको सामान्य परिचय र आवधिक परीक्षाहरूबिचको तुलनात्मक अध्ययन गरी विद्यालयमा सञ्चालन गरिने आवधिक परीक्षाबाट प्राप्त हुन नसकेको सिकाइ उपलब्धि निरन्तर मूल्याङ्कनबाट हुन्छ भन्ने निष्कर्ष निकालेको पाइन्छ ।

ऋतुसिंह ठकुरी (२०६५) ले ***कक्षा ८ का विद्यार्थीहरूको भाषा सिकाइ प्रगति विवरणको* अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । उनले विद्यार्थीहरूका भाषा सिकाइमा देखिएका प्रगति विवरण र भाषिक सिपको लेखाजोखा गर्ने उद्देश्य राखेर प्रतिनिधि तथा नमुना छनोट विधि प्रयोग गरी चितवन जिल्लाको सहिद स्मृति माध्यमिक विद्यालयलाई अध्ययन क्षेत्र बनाई सोही विद्यालयका कक्षा ८ का विद्यार्थीहरूको प्रगति विवरणको अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा उनले भाषाको शिक्षण गरी सके पछि मूल्याङ्कन गर्नका लागि निश्चित सैद्धान्तिक आधार अवलम्बन गर्ने, ती सिद्धान्तहरू भाषिक मूल्याङ्कनसँग सम्बन्धित हुनु पर्ने, आवधिक परीक्षणहरूको तुलनात्मक अध्ययनले विद्यार्थीहरूको तुलना गरी क्षमता र स्तरमा के कति उपलब्धि हासिल भयो या भएन भन्ने कुरा थाहा पाउन सकिन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

जानुका नेपाल (२०६५) ले **कक्षा दुईका विद्यार्थीहरूको नेपाली भाषा सिकाइ प्रगति विवरणको अध्ययन** शीर्षकमा अध्ययन गरेको पाइन्छ । यसमा विद्यार्थीहरूको सिकाइ प्रगति विवरणको नियमित लेखाजोखा गर्ने, निरन्तर मूल्याङ्कनको आधारमा प्रगति आकलन गर्ने, कक्षा दुईका विद्यार्थीहरूको भाषिक सिपको मूल्याङ्कन गर्ने र कक्षा दुईका विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा देखिएको प्रगति विवरण निष्कर्ष र सुझावसहित प्रस्तुत गर्ने उद्देश्य रहेका छन् । उनले काठमाडौं महा नगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने श्री नील बराही माध्यमिक विद्यालयलाई मुख्य अध्ययन क्षेत्र बनाई सोही विद्यालयका १५ जना विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा छनोट गरी नमुना छनोट विधि अपनाई अध्ययन गरेकी छन् । उक्त शोधपत्रमा उनले निरन्तर विद्यार्थी मूल्याङ्कनको सामान्य परिचय, निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषता, उद्देश्य र

कार्य, भाषिक मूल्याङ्कनका साधनहरू, निरन्तर  मुल्याङ्कनको व्याख्या तथा विश्लेषण, उत्तर परीक्षण र पूर्व परीक्षणबिच तुलना जस्ता पक्षहरूमा विस्तृत अध्ययन गरेको पाइन्छ । त्यसरी अध्ययन गर्दा वि.सं.२०५९ सालदेखि नेपाल सरकारले लागु गरेको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली नेपाल अधिराज्य भरका सम्पूर्ण विद्यालयहरूमा पूर्ण रूपमा लागु गर्न सके नेपाली भाषा सिकाइमा सङ्ख्यात्मक र गुणात्मक प्रगति हुन सक्ने निष्कर्ष निकालेको पाइन्छ ।

कृष्ण सुन्दर थापा (२०६६) ले **कक्षा सातमा अध्ययनरत विद्यार्थीको सिकाइ प्रगति अभिलेखको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेका छन । उनले काभ्रेपलाञ्चोक जिल्ला, साँगामा अवस्थित नेपाल प्रहरी आवासीय उ.मा.वि.कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धिको अभिलेख राख्ने, अभिलेखका आधारमा सिकाइ उपलब्धि निर्धारण गर्ने र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको आधारमा प्रगति आकलन गर्ने जस्ता उद्देश्य राखेका छन् । उनले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग सम्बन्धित अध्ययन विधिको प्रयोग गरी काभ्रेपलाञ्चोक जिल्लाको साँगामा अवस्थित नेपाल प्रहरी आवासीय उ.मा.वि.लाई मुख्य अध्ययन क्षेत्र बनाई सोही विद्यालयका कक्षा सातमा अध्ययनरत २३ जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिई अध्ययन गरेका छन् । उक्त शोधमा उनले निरन्तर मूल्याङ्कन र भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन, भाषिक मूल्याङ्कनका साधनहरूको अध्ययन, प्रगति विवरणको विश्लेषण, पूर्व परीक्षण र उत्तर परीक्षणको तुलनात्मक अध्ययन आदि पक्षमा केन्द्रित रही अध्ययन गरेका छन । विद्यार्थीहरूको मूल्याङ्कन गर्नको लागि निश्चित सैद्धान्तिक आधार अवलम्बन गर्नुपर्ने त्यस्ता सैद्धान्तिक आधारहरूमा उद्देश्यको अनुरूपता परीक्षण गर्नुपर्ने, मूल्याङ्कनका लागि मौखिक र अवलोकन जस्ता साधनहरूको उपयोग गर्नुपर्ने, विद्यालयमा  गरीने अर्धवार्षिक, वार्षिक परीक्षाबाट प्राप्त हुन नसकेको सिकाइ उपलब्धि निरन्तर मूल्याङ्कनबाट हासिल हुन सक्ने, विद्यार्थीहरू कुनैपनि तहमा प्रवेश गर्दाको स्थिति भन्दा निश्चित अवधि पश्चात् उनीहरूमा सिकाइको प्रगति भएको स्पष्ट देख्न सकिने निष्कर्ष निकालेका छन् ।

सन्तोष थापा (२०६६) ले **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकमा अध्ययन गरेका छन् । उनले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मुल्याङ्कन गर्ने, विद्यार्थीहरूको आवधिक प्रगति विवरण राख्ने, आवधिक मूल्याङ्कनको उपलब्धिलाई  तुलनात्मक रूपमा विश्लेषण गर्ने जस्ता उद्देश्य राखेका छन् । यसमा पूर्वी जिल्ला उदयपुरको रामपुर ठोक्सीला गा.वि.स. वडा नं ९ स्थित श्री प्रभाकरी माध्यमिक विद्यालय पोखरामा अध्ययनरत कक्षा ६ का ३२ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिई  निरन्तर विद्यार्थी मूल्याङ्कन विधिको प्रयोग गरी अध्ययन गरिएको छ । थापाले उक्त शोधमा निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय, मूल्याङ्कनका सिद्धान्तहरू मूल्याङ्कनका साधनहरू, भाषिक मूल्याङ्कनको  परिचय, प्रकार, भाषिक मूल्याङ्कनका साधन, तथ्याङ्कीय विश्लेषण आवधिक परीक्षणको तुलनात्मक अध्ययन आदि पक्षहरूमा अध्ययन गरेका छन् । उनले विद्यार्थीहरूको पूर्व परीक्षण, कक्षाकार्य, गृहकार्य, अवलोकन आदि माध्यमद्वारा निरन्तर मूल्याङ्कन गर्दा विद्यालयमा सञ्चालन हुने प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाबाट प्राप्त हुन नसकेको सिकाइ उपलब्धि निरन्तर मूल्याङ्कनबाट प्राप्त हुन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

यसरी शान्ता बास्कोटा, राम प्रसाद भट्टराई, सुरज पौडेल जस्ता शोर्धार्थीहरुको अध्ययनको शीर्षक एक अर्कामा मिल्दो जुल्दो देखिन्छ । उनीहरुका अध्ययन क्षेत्रहरु र अध्ययन विधिहरु एक अर्कासँग सम्बन्धित छन् । त्यसै गरी पुष्कर राज जोशी, मीन प्रसाद अधिकारी, ऋतुसिंह ठकुरी, जानुका नेपाल, कृष्ण सुन्दर थापा, सन्तोष थापा जस्ता शोधार्थीहरुको अध्ययनको शीर्षक, उद्देश्यहरु र अध्ययन विधिहरु पनि एक अर्कामा सम्बन्धित देखिन्छन् ।

माथि समीक्षा गरिएका शोधहरु प्रस्तुत शीर्षकसँग केही हदसम्म सम्बन्धित भए पनि ती शोधहरुमा नेपाली भाषाका महत्त्वपूर्ण भाषिक सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ

जस्ता सिपको विभिन्न जातजातिको समष्टिगत रुपमा लेखाजोखा गरी विश्लेषण गर्न छुटेकोले प्रस्तुत शोधले त्यस विषयमा पनि अध्ययन गरेको छ । समग्रमा भन्नु पर्दा माथि समीक्षा गरिएका शोधहरु र प्रस्तुत शोधको तहगत रुपमा शीर्षक नमिले पनि विषयगत रुपमा एक अर्कासँग सम्बन्धित देखिएका छन् ।

यस्तै प्रकारले नेपाली भाषा सिकाइसँग सम्बन्धित रहेर अध्ययन गर्नेहरू चुडामणि बन्धु (अनुसन्धान तथा प्रतिवेदन लेखन २०५२), पाठ्यक्रम विकास केन्द्र (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका २०५६), यादव प्रकाश लामिछाने (नेपाली भाषा शिक्षण २०५७), डिल्लीराम रिमाल (नेपाली शिक्षण तेस्रो संस्करण २०५७), पाठ्यक्रम विकास केन्द्र (प्राथमिक तहमा नेपाली भाषा शिक्षण कसरी? २०५८), हेमाङ्गराज अधिकारी (नेपाली भाषा शिक्षण २०५९), तिल बहादुर थापा (कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन २०६४), पुष्पराज जोशी ( कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ प्रगति अभिलेखको अध्ययन २०६४), पाठ्यक्र विकास केन्द्र (विद्यालय स्तरीय मूल्याङ्कन सहयोगी २०६४) आदि रहेका पाइन्छन् । यस प्रकार सम्बन्धित शीर्षकमा थुप्रै खोज अनुसन्धान भए पनि कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा नं.९ ब्लक नं. ५ को स्रोतकेन्द्र श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमै केन्द्रित रही उक्त विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन हालसम्म नभएकोले प्रस्तुत विषयमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.७. शोधको सीमा

कुनै पनि अध्ययन अनुसन्धानमा अध्ययनको सीमाङ्कन गर्न आवश्यक हुन्छ । यसले अध्ययनमा के के गर्ने, के के नगर्ने भन्ने स्पष्ट हुन्छ र पछि यो कुरो किन छुट्यो ? भन्ने गुनासो आउँदैन । सीमामै प्रवेश नगर्ने वा सीमा अतिक्रमण गर्नु पर्ने अवस्था पनि आउँदैन अतः यस शोधको सीमाहरुलाई निम्न लिखित बुदाँहरुमा औंल्याइएको छ :

- प्रस्तुत शोध अध्ययन कैलाली जिल्ला टीकापुर नगरपालिका वडा नं. ९ ब्लक नं. ५ मा अवस्थित श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालय र विद्यालयको कक्षा ७ मा अध्ययनरत ३० जना विद्यार्थीहरूमा सीमित रहको छ ।
- यो अध्ययनलाई कक्षा सातको नेपाली विषयसँग मात्र सीमित गरी भाषिक सिपको मात्र अध्ययन गरिएको छ ।
- प्रस्तुत अध्ययन सम्बन्धित विद्यालयले सञ्चालन गरेका परीक्षा प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाको नतिजामा सीमित रहेको छ ।
- पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा, उत्तर परीक्षा र अवलोकन विधिका माध्ययमले सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरुको नतिजाको समय सीमामा रही मूल्याङ्कन गरिएको छ र ती परीक्षाहरुको बिचमा मात्र तुलनात्मक अध्ययन गरिएको छ ।
- सिमित स्रोत साधन र समयका कारण अन्य कक्षा र अन्य विषयसँगको उपलब्धिसँग तुलनात्मक अध्ययन गरिएको छैन ।
- उपलब्धिको विश्लेषण गर्दा सामान्य तथ्याङ्क शास्त्रको मात्र उपयोग गरिएको छ ।
- अन्त्यमा नेपाली भाषा सिकाइमा भएको प्रगति प्रस्तुत गरी उपयुक्त सुझाब तथा निष्कर्षमा रहेर यस अध्ययनलाई अन्तिम रूप प्रदान गरिएको छ ।

## १.८. शोध विधि

कुनै पनि विषयमा अध्ययन अनुसन्धान कार्य गर्दा अध्ययन विधि र स्रोत सामग्रीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । अध्ययन विधि र सामग्रीविना अध्ययन अनुसन्धान कार्यलाई पूर्णता प्रदान गर्न सकिँदैन । यस अध्ययनलाई मूलतः वर्णनात्मक, तुलनात्मक, प्रयोगात्मक र पुस्तकालयीय विधि अपनाई अध्ययन गरिएको छ ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्दा जनसङ्ख्याको प्रतिनिधि नमुना छनोट विधि पनि अपनाइएको छ । पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट स्वीकृत प्राप्त ***मेरो नेपाली किताब*** **कक्षा सात**मा आधारित भई पूर्व परीक्षा, विद्यालयमा सञ्चालित प्रथम र दोस्रो परीक्षा र उत्तर परीक्षा पश्चात् विद्यार्थीमा देखिएको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको विश्लेषण गरिएको छ । कक्षा सातको सुरूमा ३० पूर्णाङ्कको प्रश्न तयार पारी परीक्षा सञ्चालन गरिएको छ । जसलाई प्रस्तुत शोधको पूर्व परीक्षण मानिएको छ । पूर्व परीक्षण विधिबाट प्राप्त नतिजालाई तुलनात्मक अध्यनका लागि अभिलेखमा राखिएको छ । विद्यार्थीले नियमित शिक्षण सिकाइमा पाइने कक्षा सहभागिताका आधारमा अवलोकन विधिका माध्यमले सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता कार्यलाई प्रत्येकको ३० पूर्णाङ्क तोकी शिक्षकद्वारा प्रदान गरिएको अङ्कलाई मूल्याङ्कनको लागि अभिलेखमा राखिएको छ ।

प्रस्तुत विषयमा अध्ययन गर्न सजिलो होस् भन्नका लागि निम्न माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमले तोके अनुसार प्रथम आवधिक परीक्षा १० पूर्णाङ्कको र दोस्रो आवधिक परीक्षा ३० पूर्णाङ्कको लिनु पर्ने प्रावधान अनुसार विद्यालयले सञ्चालन गरेका उक्त दुईओटा परीक्षामा विद्यार्थीहरुको प्राप्ताङ्कमा एकरुपता ल्याउनको लागि उक्त १० पूर्णाङ्कमा विद्यार्थीले पाएको अङ्कलाई ३० पूर्णाङ्कको मूल्याङ्कनमा राखिएको छ ।

पूर्व परीक्षा लिँदा पनि निश्चित पाठबाट ३० पूर्णाङ्कको परीक्षा लिइएको छ । पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको प्रयोगात्मक परीक्षा लिई प्राप्ताङ्कलाई अभिलेखमा राखिएको छ । अन्त्यमा लिइने उत्तर परीक्षा र कक्षा प्रवेश गर्दाको पूर्व परीक्षाबाट प्राप्त नतिजाबाट उनीहरूको भाषिक सिप सिकाइको तुलना गरी उनीहरूमा भएको सिकाइ उपलब्धिको विवरण, निष्कर्ष तथा सुझाब सहित प्रस्तुत गरिएको छ ।

## १.८.१. जनसङ्ख्याको छनोट 

अनुसन्धान कर्ताले अनुसन्धान गर्नको लागि छनोट गरेको लक्ष्यित जनसमूह नै जनसङ्ख्या हो । यहाँ कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा नं.९ ब्लक नं. ५ मा अवस्थित श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू यस अध्ययनका जनसङ्ख्या हुन् ।

अनुसन्धान कार्यमा जनसङ्ख्याको छनोटको महत्त्वपूर्ण स्थान रहन्छ । यसमा सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न सम्भव र व्यवहारिक नभएकाले जनसङ्ख्यामा एकै किसिमका विशेषता भएका र सामान्यीकरण गर्न सकिने लक्ष्यित जनसमूहलाई लिइएको छ । विद्यालय छनोट गर्दा भने उद्देश्यपूर्ण नमूना छनोट विधि अपनाई श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । कक्षा सातका सम्पूर्ण विद्यार्थीहरूलाई नमुनाको रूपमा लिई अध्ययन गर्न प्राप्त स्रोत, साधन, समयले नभ्याउने र त्यसरी अध्ययन गर्न व्यावहारिक पनि नहुने हुँदा उक्त विद्यालयका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको समष्टिगत रूपमा प्रतिनिधित्त्व हुनेगरी दलित, जनजाति र अन्य जातजातिका विद्यार्थीहरुको कक्षा ६ को परीक्षाको नतिजालाई आधार मानी उक्त कक्षाका जम्मा ११४ जना विद्यार्थीहरु मध्ये उच्च, मध्यम र निम्न शैक्षिक स्तरका तिस जना विद्यार्थीहरूलाई मात्र जनसङ्ख्याको रूपमा लिई तिनै विद्यार्थीहरूलाई प्रतिनिधि नमुना मानी अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.८.२. सामग्री निर्माण तथा तथ्याङ्क सङ्कलन

भाषिक सामग्री सङ्कलन गर्दा कहिले गुणात्मक र कहिले सङ्ख्यात्मक रूपमा सङ्कलन गरिन्छ । अनुसन्धानलाई वैध, प्रमाणिक र विश्वसनीय बनाउन सामग्रीको विशेष भूमिका रहन्छ ।

अनुसन्धान कार्यमा सङ्ख्यात्मक र गुणात्मक दुबै तथ्याङ्कको महत्त्व रहेको हुन्छ । विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गर्न विभिन्न आवधिक परीक्षाका प्रश्नपत्रहरु र प्रयोगात्मक परीक्षाका लागि अवलोकन फारमहरु बनाइयो । ती प्रश्नपत्रलाई शोध निर्देशकको सुझाबअनुसार परिमार्जन गरी वैधता सुनिश्चत गरीयो र विभिन्न आवधिक परीक्षाहरु सञ्चालन गरीयो । त्यसबाट प्राप्त नतिजा र विद्यालयले लिएको परीक्षाको नतिजाबाट सामग्री सङ्कलन गरीयो ।

यो शोधपत्र तयार पार्ने क्रममा विद्यार्थीलाई निश्चित अवधिभित्र रही मूल्याङ्कन गर्दा उनीहरूमा भएको सिकाइ प्रगतिलाई अभिलेखमा राखी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा आधारित भई अध्ययन गरिएको छ । यो शोध पत्र तयार पार्न तथ्याङ्कको स्रोतका रुपमा कैलाली जिल्लाको टीकापुर नगरपालिका वार्ड नं.९ ब्लक नं. ५ मा अवस्थित श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमा कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीहरू रहेका छन । नमुनाको रूपमा लिइएका ३० जना विद्यार्थीहरूलाई केन्द्र मानी प्रथम आवधिक र द्वितीय आवधिक परीक्षामा विद्यालयबाट रेकर्ड लिई र पूर्व परीक्षा र उत्तर परीक्षा आफै सञ्चालन गरी यो अध्ययनको सामग्री जुटाइएको छ ।

यस शोधकार्यलाई अगाडि बढाउनका लागि दुई किसिमका सामग्री रहेका छन :

क. प्राथमिक सामग्री : श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयको कक्षा सातमा सञ्चालित पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाबाट प्राप्त तथ्याङ्कहरु यस अध्ययनका प्राथमिक सामग्री हुन् । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी प्रयोगात्मक परीक्षाबाट प्राप्त नतिजा पनि यस अध्ययनका प्राथमिक स्रोतका रुपमा रहेका छन् ।

ख. गौण सामग्री : पहिले अन्य कुनै अनुसन्धानकर्ता, व्यक्ति संस्थाले उपयोग गरेका सामग्रीहरू नै अनुसन्धानका द्वितीयक सामग्री वा गौण सामग्री हुन् । यस्तो सामग्रीमा अनुसन्धानकर्ताको प्रत्यक्ष सङ्लग्नता हुँदैन । यस अध्ययनका गौण सामग्रीका रूपमा पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका, निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित अगाडि भएका अनुसन्धान आदि रहेका छन् ।

साथै विज्ञहरूका प्रत्यक्ष सल्लाह, सुझाब र मार्गदर्शन तथा गुरूवर्गका निर्देशनहरूलाई पनि यस शोधपत्रका गौण सामग्रीका रूपमा लिइएको छ ।

### १.८.३. तथ्याङ्कको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाको वर्गीकरण, तालिकीकरण गरिएको छ । विद्यालयमा सञ्चालन गरेका पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाहरुलाई पछाडि अध्याय दुईमा तोकिएको निरन्तर मूल्याङ्कनको मापदण्डका आधारमा श्रेणीगत गरिएको छ । साथै भाषिक सिपको परीक्षण गर्न प्रयोगात्मक परीक्षा पनि लिइएको छ । प्रत्येक परीक्षाको प्राप्ताङ्कहरुलाई एक अर्कामा तुलना गरी औसत प्राप्ताङ्क निकालिएको छ । ती चारओटा परीक्षाहरुको तुलनात्मक विश्लेषण र व्याख्या गरी निष्कर्ष निकालिएको छ । प्राप्ताङ्कको वर्गीकरण, तुलना र व्याख्या गर्ने क्रममा गुरुवर्ग, विज्ञजन र शिक्षकहरुको सुझाबलाई पनि आत्मसात गरिएको छ ।

### १.९. अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनलाई जम्मा पाँच अध्यायमा विभाजन गरी व्यवस्थित गरिएको छ । अध्याय विभाजन र व्यवस्थापन निम्न अनुसार गरिएको छ :

## अध्याय : एक

## शोधको परिचय

यस अध्यायमा शोधको शीर्षक, शोधपत्रको प्रयोजन, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययन विधि, शोधको सीमाङ्कन र शोधपत्रको रूपरेखा सम्बन्धी सूचनाहरु समावेश गरिएका छन् ।

## अध्याय : दुई

## मूल्याङ्कनको सैद्धान्तिक अध्ययन

यस अध्यायमा मूल्याङ्नको सैद्धान्तिक परिचय, भाषिक मूल्याङ्नको परिचय,निरन्तर विद्यार्थी मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमि, भाषिक मूल्याङ्कनका प्रकारहरु, भाषिक मूल्याङ्कनका साधनहरु, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुका उद्देश्यहरु, निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगिता, निरन्तर विद्यार्थी मूल्याङ्कनमा अभिलेख राख्ने तरिका देखाइएको छ ।

## अध्याय : तिन

## भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन

यस अध्यायमा आवधिक परीक्षाको सामान्य परिचय, पूर्व परीक्षाको नतिजाको विश्लेषण, प्रथम आवधिक परीक्षाको नतिजाको विश्लेषण, पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबिच तुलना, दोस्रो आवधिक परीक्षाको नतिजाको विश्लेषण, प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलना, उत्तर परीक्षाको नतिजाको विश्लेषण, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाबिच तुलनात्मक अध्ययन, पूर्व परीक्षा र उत्तर परीक्षाबिच तुलना गरिएको छ ।

# अध्याय : चार

## प्रयोगात्मक परीक्षाको तुलना

यस अध्यायमा आवधिक परीक्षाको प्रगति विवरण, भाषिक सिपको पहिलो प्रयोगात्मक परीक्षाको प्रगति विवरण, दोस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण, तेस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण र चौथो प्रयोगात्मक परीक्षाको प्रगति विवरणको अध्ययन, भाषिक सिपको प्रगति विवरणको तुलनात्मक तालिका र भाषिक सिपको औसत प्राप्ताङ्कको तालिका प्रस्तुत गरिएको छ ।

# अध्याय : पाँच

## उपसंहार

यस अध्यायमा निष्कर्ष, सुझाब, शैक्षणिक उपयोगिता, भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरु र व्यक्तिवृत्त प्रस्तुत गरिएको छ ।

उक्त प्रमुख  अध्याय विभाजन बाहेक शोधपत्रको अग्र भागमा आवश्यक सूचना सहितको आवरण, शोध निर्देशकको सिफारिस पत्र, मूल्याङ्कन समितिको स्वीकृतिपत्र, शोधसार, भूमिकामूलक कृतज्ञता ज्ञापन, सङ्क्षिप्त शब्दसूची, विषयसूची र तालिकासूची प्रस्तुत गरिएको छ । यसै गरी शोधपत्रको पश्च भागमा सन्दर्भ सामग्रीहरुको सूची र परिशिष्ट खण्डको पनि यथोचित प्रबन्ध मिलाइएको छ ।

# अध्याय : दुई

# मूल्याङ्कनको सैद्धान्तिक अध्ययन

## २.१. मूल्याङ्कनको सैद्धान्तिक परिचयः

पाठ्यक्रमले निर्धारण गरेका उद्‌देश्य अनुरुपका ज्ञान, सिप र व्यवहार विद्यार्थीहरुले हासिल गरे गरेनन् वा कति मात्रामा हासिल गरे भनी लेखाजोखा गर्नुलाई विद्यार्थी मूल्याङ्कन भनिन्छ । यसले अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा कुनै पनि कार्यको प्रगति हेर्ने वा मूल्य निर्धारण गर्ने कार्य गर्दछ । यसले ठोस निर्णय प्रदान गर्न आधार प्रदान गर्दछ । कम र फोस्टर (१९९१)ले पनि मूल्याङ्कनलाई प्रभावकारी सिकाइका लागि आधारभूत सर्तका रुपमा हेरेका छन् । यसबाट मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग हो भन्ने कुरा प्रष्ट हुन आउँछ । मूल्याङ्कन गर्ने कार्य ई.पू.२०० देखि चिनबाट सुरु भएको हो । चिनियाँ अधिकारीले सरकारी सेवामा व्यक्तिहरुको छनोट गर्नका लागि निजामति सेवा परीक्षा लिने गर्दथे (पराजुली, २०६६) ।

नेपालमा भएका शिक्षा सम्बन्धी विभिन्न किसिमका दस्तावेजहरु पनि विद्यार्थीहरुका मूल्याङ्कनका सम्बन्धमा सम्बन्धित रहेका देखिन्छन् । त्यस्ता दस्तावेजहरु मध्ये राष्ट्रिय शिक्षा योजना आयोग (२०११) ले विद्यार्थीको सिकाइ बिग्रनुभन्दा अगाडि बढाउनु पर्ने मान्यता राखेको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले पनि मूल्याङ्कन प्रक्रियालाई पठन पाठन सँगसँगै वर्षभरि नै चलाइ रहनु पर्छ भन्ने मान्यता राखेको छ । त्यसै गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९ ) ले आधारभूत तहको कक्षा सातसम्म चरणबद्ध रुपमा विद्यार्थीको निरन्तर मूल्याङ्कन गरिरहनु पर्दछ भन्ने धारणा व्यक्त गरेको छ (गौतम, २०६८) ।

हामी दैनिक जीवनमा प्रत्यक्ष वा परोक्ष रुपमा मूल्याङ्कनको प्रयोग गरिरहेका हुन्छौं । कुनै पनि लक्ष्य तथा उद्देश्य के कति हद सम्म प्राप्त भयो, के-कस्ता कमी कमजोरीहरु देखिए, त्यसको उपलब्धि के कस्तो भयो त्यसको लेखाजोखा गर्न र सुधार गर्न मूल्याङ्कनले सहयोग पुऱ्याइरहेको हुन्छ । नयाँ कार्यको थालनी गर्न अगाडि रहेको कार्यको मूल्याङ्कनबाट सघाउ पुऱ्याइरहेको हुन्छ । शैक्षिक क्षेत्रमा मूल्याङ्कन, शैक्षिक लक्ष्य, उद्देश्य एवम् शैक्षिक कार्यक्रमलाई लक्ष्यित गरेर निरन्तर सञ्चालित हुन्छ (ज.व.रा.र अन्य, २०५८) ।

गुडको डिक्सनरी अफ एजुकेसनका अनुसार “कुनैपनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।” थर्न डाइक र हेगेनका अनुसार “मूल्याङ्कन शैक्षिक मापनको समानार्थक हो ।”राल्फ टाइलरका अनुसार “स्पष्ट रुपमा विशिष्टीकरण गरिएका उद्देश्यहरुलाई क्रियाकलापको तथ्याङ्कसँग तुलना गर्ने प्रक्रिया नै मूल्याङ्कन हो ।” डा.लि.जेम्स क्रोन व्याकका अनुसार “कुनै शैक्षिक कार्यक्रमबारे निर्णय दिनको लागि जानकारीहरुको सङ्कलन र उपयोग नै मूल्याङ्कन हो ।” डेनियल स्टुफ लिविम का अनुसार “निर्णयमा विकल्पहरु छनोट गर्न आवश्यक उपयोगी जानकारीहरुको व्याख्या गर्ने, सङ्कलन गर्ने र ती जानकारीहरुलाई उपलब्ध गराउने प्रक्रिया नै मूल्याङ्कन हो । ”

माथिका उल्लेखित विभिन्न परिभाषाहरुले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्छन । थर्नडाईक र हेगेनले मूल्याङ्कनलाई शैक्षिक मापनको समानार्थी प्रक्रिया मानेका छन् । टायलर ले उपलब्धिलाई पूर्व निर्धारित उद्देश्यसँग दाँज्ने प्रक्रियालाई मूल्याङ्कन भनेका छन् । क्रोनव्याक र स्टुफ लिविमले मूल्याङ्कनलाई निर्णय दिने प्रक्रियासँग सम्बन्धित हुन्छ भन्ने मान्यता राखेका छन् ।

यसरी कुनै वस्तु, घटना, अवस्था आदिको गुणात्मक पक्ष लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । यस प्रक्रियामा वस्तु, अवस्था र घटनाको साथसाथै गुणस्तरबारे निर्णय पनि दिइन्छ ।

शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिहरु मापन गरी निरन्तर राख्दै जाने र वर्षको अन्त्यमा सो अभिलेख, न्यूनतम हाजिरी र अन्य क्रियाकलापमा भएको सङ्लग्नताको आधारमा कक्षोन्नती गर्ने प्रक्रिया निरन्तर मूल्याङ्कन हो । वर्षको दुई/तिन पट्क परीक्षा लिएर विद्यार्थीलाई उत्तीण/अनुत्तीण भनी छुट्याउनुको सट्टामा शैक्षिक सत्रको सुरुदेखि अन्त्यसम्म मूल्याङ्कनका विभिन्न साधन र विधिहरु प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी रहनुलाई निरन्तर मूल्याङ्कन भनिन्छ ।

यस्तो मूल्याङ्कन प्रणालीमा औपचारिक मूल्याङ्कनलाई भन्दा अनौपचारिक मूल्याङ्कनलाई बढी जोड दिइन्छ । यो मूल्याङ्कन प्रणालीमा मूल्याङ्कनका विभिन्न माध्यमहरु जस्तै मौखिक, लिखित कार्य, अवलोकन, प्रश्नोत्तर, छलफल, परियोजना कार्य, समस्या अध्ययन, कक्षाकार्य, गृहकार्य आदिबाट सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गरिन्छ । विद्यार्थीलाई कक्षा उत्तीर्ण गराउने निर्णय लिनुभन्दा पनि शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन पृष्ठपोषणको रुपमा मूल्याङ्कन प्रयोग गरिन्छ ।

यो मूल्याङ्कन कार्यक्रम सिकाइ उपलब्धिका सूचकहरु निर्धारण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । त्यो सिकाइ उपलब्धिको स्तर मापन गरी अभिलेख राखिन्छ । विद्यार्थीको प्रगति विवरण देखिने गरी सिकाइको स्तरलाई पुष्टि गर्न प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका राखिन्छ । उनीहरुको सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गरी निश्चित आवश्यकता पुरा गरेपछि कक्षा चढाउने उदार कक्षोन्नत्ती गर्ने नीति अङ्गिकार गरिएको छ । यसरी विभिन्न आधारमा निरन्तर मूल्याङ्कन गरी कक्षोन्नत्ती गर्ने प्रक्रिया नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यो मूल्याङ्कन प्रक्रियाले जेहेन्दार विद्यार्थीलाई अझै बढी सिक्न उत्प्रेरणा प्रदान गर्छ भने कमजोर विद्यार्थीलाई कमी कमजोरी सुधार गर्न मद्दत गरी सिकाइएको स्तर बढाउन सहयोग गर्छ (ढकाल, २०६२) ।

निर्माणवादले विद्यार्थीको उपलब्धि उच्च छ भनेर शिक्षकले चित्त बुझाएर बस्नु हुन्न, अझ उच्च बन्ने तथा नयाँ किसिमको सिकाइ अथवा ज्ञान निर्माणको सम्भावना देखा पर्छ भन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले पनि त्यही बाटो समात्छ ।

लम्वार्ट र लाइसनले मूल्याङ्कन प्रक्रिया मूल्याङ्कनको उपलब्धि जत्तिकै महत्त्वपूर्ण हुन्छ, यसलाई शिक्षण प्रक्रियाबाट अलग गरी हेर्न सकिँदैन् भनेका छन् ।

हार्लेनले "विद्यार्थीले के सिक्योभन्दा पनि कसरी सिक्यो भन्ने कुरा महत्त्वपूर्ण हो" भनेका छन् ।

विल्सन र वार्टैन्थलले 'गर वा मर' को स्थिति झल्किने एउटै मात्र अवसर प्रगति र जाँचभन्दा निरन्तर चलि रहने र धेरै किसिमका क्रियाकलाप सङ्लग्न भएको मूल्याङ्कन राम्रो हो भनेका छन् ।

म्याक मिलनले निरन्तर चलिरहने मूल्याङ्कनले विद्यार्थीलाई सिक्नको लागि बढी प्रेरित गरेको अध्ययन निचोड निकालेका छन् (गौतम, २०६२) ।

क्रुकको अध्ययनले पनि कक्षामा निरन्तर गरीने मूल्याङ्कन सिकाइको लागि सहयोगी हुने कुरा पुष्टि गरेको छ (गौतम, २०६२) ।

ब्लाक र विलियमले मूल्याङ्कन निरन्तर हुँदा यसको विश्वसनीयता बढ्ने, विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी तथा शिक्षक दुवैको गुणस्तरीय सहभागिता रहने कुराको निष्कर्ष निकालेका छन् (गौतम, २०६२) ।

शिक्षण सिकाइको क्रियाकलापका क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरुको स्तर पत्ता लगाई त्यसै अनुसार आवश्यक सुधारात्मक शिक्षण गर्नु नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । हरेक किसिमका शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीहरुको आवश्यकता अनुसार निरन्तर गरीने हुनाले यसलाई निरन्तर मूल्याङ्कन भनिएको हो । यो पूर्ण रुपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित छ । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीमुखी शिक्षण विधि अपनाई चलाख विद्यार्थीलाई थप हौसला प्रदान गरी सिकाइ स्तर मध्यम र न्यून भएकालाई सिकाइमा अग्रसर हुन प्रेरित गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीले कक्षामा हासिल गरेका

सिकाइ उपलब्धि, आवधिक रुपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्य लगायत मूल्याङ्कनका अन्य साधनहरुको उपयोग गरी प्राप्त उपलब्धिको लेखाजोखा गरिन्छ । यस्तो ढङ्गले गरिएको लेखाजोखाका आधारमा विद्यार्थीहरुलाई कक्षोन्नती गर्ने गरिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीलाई अनुत्तीर्ण गरी कक्षा दोहोऱ्याउन लगाइँदैन । तर माथिल्लो कक्षामा सिकाइको स्तर बढाउन थप सहयोग र अवसर प्रदान गरिन्छ । यस प्रकार शैक्षिक उपलब्धि बाहेक स्वभाव, व्यवहार, गृहकार्य, अतिरिक्त क्रियाकलापमा सहभागिता, कक्षा सहभागिता, नियमितता आदि पक्षहरुको लेखाजोखा गरी सम्पूर्णतामा आधारित भई विद्यार्थीको अभिलेख राखिन्छ । यस मूल्याङ्कन प्रणालीलाई कक्षा चढाउन मात्र निर्णय लिनुभन्दा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापका लागि पृष्ठपोषणका रुपमा प्रयोग गरिन्छ ।

औपचारिक रुपमा विद्यालय शिक्षाको सन्दर्भमा नेपालका विद्यालयहरुले निर्णयात्मक मूल्याङ्कनलाई मात्र विद्यार्थी मूल्याङ्कनका रुपमा लिने गरेको पाइन्छ । तर आजभोलि निर्माणात्मक मूल्याङ्कन प्रणालीले महत्त्वपूर्ण स्थान प्राप्त गरेको देखिन्छ । विद्यार्थीको सिकाइको स्तरलाई प्रभावकारी बनाउन, पाठ्यक्रमले लक्ष्यित गरेका शैक्षिक उद्देश्यहरु विद्यार्थीहरुमा पुरा गराउन निरन्तर रुपमा गरिने मूल्याङ्कन प्रणाली नै निर्माणात्मक मूल्याङ्कन हो । विद्यार्थीका गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, अवलोकन आदिका माध्यमबाट उसका व्यवहारमा आएको परिवर्तनलाई हेरी निरन्तर रुपमा मूल्याङ्कन गर्ने गरिन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्दा विशेषगरी कक्षा अवलोकनबाट नै सुरु गर्नु पर्दछ । कक्षाकार्य गराउँदा विद्यार्थीका सिकाइ क्रियाकलापमा शिक्षकले विशेष ध्यान पुऱ्याउनु पर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि कक्षाभित्र र बाहिर गरीने सम्पूर्ण क्रियाकलापलाई प्रमुख आधार मानिन्छ । यस मूल्याङ्कन प्रणालीमा तत्कालै आवश्यक सुझावदिने, सुधार गर्नका लागि पृष्ठपोषण दिने र आवश्यकता अनुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप समेत गरिन्छ । जसको कारणले विद्यार्थीहरुको व्यवहारमा परिवर्तन गरी अपेक्षित उपलब्धि हासिल हुँदै जान्छ (पा.वि. के.,२०६२) ।

नेपाल सरकारले नेपालमा शिक्षा क्षेत्रमा थुप्रै लगानी गरे पनि लगानी अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन । यहाँको शिक्षाको गुणात्मक पक्ष साह्रै कमजोर देखिन्छ । बिचैमा विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने विद्यार्थी सङख्या बढी छ । यसको एउटा कारण मूल्याङ्कन परिपाटी पनि हो । नेपालमा शिक्षाको गुणात्मकता यथावत राख्न र शिक्षा पुरा नगरी बिचैमा कक्षा छोड्ने विद्यार्थीहरुको सङ्ख्या अत्याधिक हुनुमा वर्तमान समयमा प्रचलित आवधिक लिखित परीक्षामा आधारित भई सञ्चालन गरीने मूल्याङ्कन प्रणालीलाई पनि जिम्मेवार मानिन्छ । अतः नेपाल सरकार शिक्षा मन्त्रालयले नवौं योजनादेखि प्राथमिक तह १-३ सम्मको लागि विद्यार्थी मूल्याङ्कनको लागि आवश्यक पर्ने निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको विस्तार गर्दै आएको छ ।

नवौं योजनाको कार्यक्रममा परेको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना (१९९७) मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परीक्षणका रुपमा केही जिल्लामा मात्र लागु गर्ने कार्यक्रम अनुसार इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुर जिल्लामा परीक्षण कार्यक्रम लागु गरियो । त्यसै गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणको कार्यक्रम कार्यान्वयन योजनाको मूल दस्तावेजमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जोड दिएको पाइन्छ (पा. वि. के., २०६२) ।

दशौँ पञ्च वर्षीय योजनामा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन परिपाटीलाई परीक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागु गर्ने कुराको चर्चा पाइन्छ । दशौँ योजनाको कार्यक्रममा पनि निरन्तर मूल्याङ्कन प्रणालीले निरन्तरता दिँइदै आइएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीतिको प्रमुख स्रोतका रुपमा रहेका दस्तावेजहरु प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२-२०६५), राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३), तिन वर्षीय अन्तरिम योजना र विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६२-२०६७) तिनको कार्यान्वयनका लागि बनेका निर्देशिका हुन् । चरणबद्ध रुपमा कक्षा सातसम्म तोकिएका सिकाइ उपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नती व्यवस्था लागु गर्ने र यसो गर्दा

विद्यार्थीको सिकाइ उपलब्धिको आधार लिई मूल्याङ्कन गर्ने कुरा आवधिक योजनामा व्यवस्था गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६२-२०६७) ले निरन्तर विद्यार्थी मूल्याङ्कन र उपचारात्मक सहयोग पद्वतिको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (न्यौपाने, २०६३) ।

## २.२. भाषिक मूल्याङ्कनको परिचय

भाषा शिक्षण भनेको भाषा विषयको शिक्षण मात्र नभएर भाषिक सिपको शिक्षण हो । मूल्याङ्कन कुनै पनि कुराको मूल्य निर्धारण गर्ने एउटा प्रक्रिया हो । मूल्याङ्कन बिना कुनै पनि कार्यको लेखाजोखा गर्न सकिँदैन् । भाषिक मूल्याङ्कनले खास गरेर भाषाको ग्रहण पक्ष (सुनाइ,पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइ) सँग सम्बन्धित सिप र कलाको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्दछ । भाषिक मूल्याङ्कनको मूल उद्देश्य विद्यार्थीको भाषिक क्षमता स्तर आकलन गर्नु मात्र नभएर शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अंश छुट्टयाउनु, शिक्षण सामग्रीहरुको उपयोगिता र प्रभावकारिताको निर्क्यौल गर्नु, शिक्षण विधि एवम् प्रक्रियाहरुको प्रभावकारिताको परीक्षण गर्नु र समग्रमा भाषा सिकाइका कठिनाइ क्षेत्रहरु पत्ता लगाएर निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु पनि हुन्छ (शर्मा र पौडेल, २०६०) ।

भाषा शिक्षणका क्रममा मूल्याङ्कनको भूमिका महत्त्वपूर्ण हुँदा मूल्याङ्कन बिनाको भाषा सिकाइ आफैमा लङ्गडो बन्न सक्छ । एकोहोरो पढाइले मात्र विद्यार्थीको क्षमता आकलन गर्न गाह्रो पर्दछ । त्यसैले विद्यार्थीहरुले मूल्याङ्कन परिणामको जानकारीबाट आफ्ना सफलता र असफलताको क्षेत्रहरु थाहा पाउँछन् र सोही अनुरुप आफ्नो सफलताको जानकारीबाट हौसला प्राप्त गर्दछन् भने असफलताको परिणामबाट सुधार गर्न मौका मिल्दछ । त्यसैले मूल्याङ्कन शिक्षणको सहयोगी क्षेत्र हो । भाषिक सिप र तत् सम्बन्धी खास पक्षमा विद्यार्थीहरुलाई विशेष अभ्यास गर्नु परेमा पनि मूल्याङ्कन एउटा यस्तो उपाय हुन सक्छ जसबाट उनीहरुका कमजोरी क्षेत्र पत्ता लगाउन सकिन्छ । यसबाट

भाषिक मूल्याङ्कनले शिक्षण सिकाइका प्रक्रियासँग सम्बन्ध राख्दछ र यस प्रक्रियालाई विभिन्न प्रयोजनका लागि उपयोग गर्न सकिन्छ भन्ने कुरा प्रष्ट हुन आउँछ ( अधिकारी, २०५९) ।

विद्यालय प्रवेश अघि गरिने मूल्याङ्कनलाई पूर्व मूल्याङ्कन भनिन्छ । त्यसपछि विद्यालयमा शिक्षणको क्रममा अन्तिममा शिक्षण सिकाइ उपलब्धिलाई जाँच गर्नका लागि पनि मूल्याङ्कन गरिन्छ । विद्यार्थीहरुको सिकाइको उपलब्धि स्तरको मूल्याङ्कन गर्ने क्रममा  एउटा विद्यार्थी मात्रको उपलब्धि नभई, शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि, पाठ्य पुस्तक र पाठ्यक्रम तथा सम्पूर्ण शैक्षिक कार्यक्रमकै मूल्याङ्कन हुने गर्दछ । अतः मूल्याङ्कन समग्र शैक्षिक कार्यक्रमभरि नै चलिरहने प्रक्रिया भएकाले यसलाई शिक्षणको एक महत्त्वपूर्ण अङ्गको रुपमा लिइन्छ ।

भाषा पाठ्यक्रमले निर्देशन गरेका उद्देश्य अनुसारका सिप विद्यार्थीले  हासिल गरेका छन् या छैन्न भनी मापन गर्ने वैज्ञानिक मूल्याङ्कन प्रणालीलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक सामर्थ्य र भाषिक मूल्याङ्कनको घनिष्ट सम्बन्ध हुन्छ । व्याकरणगत सामर्थ्य,सङ्कथन सामर्थ्य आदि सामर्थ्यहरु भाषिक सम्प्रेषणात्मक सामर्थ्यभित्र पर्दछन् । यी सामर्थ्यहरुको मूल्याङ्कन गर्ने कार्य भाषिक मूल्याङ्कनले गर्दछ ।

भाषिक मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारित गरेका विभिन्न सिप र पक्षहरुको मूल्याङ्कन गरियो भने त्यो मूल्याङ्कन उपयुक्त र प्रभावकारी बन्दछ । यसले पाठ्यक्रम निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । मूल्याङ्कन गर्दा प्रयोजनको आधारमा गर्नु पर्दछ । मूल्याङ्कनका विभिन्न प्रयोजनहरु हुन सक्छन्, जस्तैः शिक्षण सामग्रीको मूल्याङ्कन, शिक्षण विधिको मूल्याङ्कन, कार्यक्रम मूल्याङ्कन, शिक्षक मूल्याङ्कन, विद्यार्थी मूल्याङ्कन । मूल्याङ्कनका यी प्रयोजनहरुमध्ये कसको मूल्याङ्कन गर्ने हो त्यस अनुसार मूल्याङ्कनको स्रोत र साधनको आवश्यकता पर्दछ । भाषालाई टुक्रयाएर सिक्न सकिन्छ । भाषाको एउटा पक्षको सिकाइ गर्ने क्रममा अर्को पक्षको सिप विकास भएको

पनि हुन सक्छ । यसरी भाषामा एक पक्षको विकास सँगसँगै अर्को पक्षको विकास हुने हुनाले मूल्याङ्कन गर्दा भाषाका सम्पूर्ण पक्षको गर्नु पर्दछ (आचार्य र गौतम ,२०६५) ।

भाषिक मूल्याङ्कन गर्दा एक पटकमा एउटा युक्तिको मात्र मूल्याङ्कन गर्नु पर्दछ, जस्तैः निबन्ध लेखनका आधारमा विद्यार्थीको चिठी लेखन सिपको कति विकास भएको छ भन्ने कुरा केही हदसम्म अनुमान गर्न सकिन्छ तर निर्णय दिन गाह्रो पर्दछ । यसको उचित निर्णयका लागि निबन्ध लेखाएरै मात्र हेर्न सकिन्छ । यस्तै गरी सुनाइ, पढाइ, बोलाइ, लेखाइ भाषाका चारओटा भाषिक सिपको मूल्याङ्कन गर्दा पनि छुट्टाछुट्टै युक्तिको प्रयोग गर्नु उचित हुन्छ । यसरी भाषाका जती पनि पक्षहरु वा सिपहरु छन् तिनको परीक्षण गर्दा छुट्टाछुट्टै गर्नु पर्दछ (आचार्य र गौतम, २०६५) ।

भाषाका दुई ओटा पक्षहरु हुन्छन् । एउटा भाषिक सामर्थ्य र अर्को प्रयोग । भाषिक मूल्याङ्कन गर्दा भाषाका यी दुईओटै पक्षहरुलाई समेटनु पर्दछ । विद्यार्थीहरुको भाषिक सामर्थ्य र सम्पादन सामर्थ्यको मूल्याङ्कन गर्न लिखित, मौखिक जस्ता विभिन्न युक्तिहरुको आवश्यकता पर्दछ । भाषिक मूल्याङ्कन गर्दा विभिन्न प्रकारका वस्तुगत प्रश्नहरु र विषयगत प्रश्नबाट मूल्याङ्कन गरिएमा त्यो मूल्याङ्कन बढी विश्वसनीय र वैध ठहरिन्छ । त्यसैले यसमा विशेष गरी निबन्धात्मक प्रश्न, वस्तुगत प्रश्न र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु समावेश गरिन्छन् । भाषिक मूल्याङ्कन गर्दा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री र शिक्षण विधिलाई पनि ध्यान दिनु पर्दछ । किनभने भाषा पाठ्यपुस्तकबाट साहित्य केन्द्रित मूल्याङ्कन गर्न खोज्यो भने मूल्याङ्कन प्रभावकारी हुँदैन् । समग्रमा भन्नु पर्दा भाषिक मूल्याङ्कन योजनावद्व र उद्देश्यपूर्ण हुनु पर्दछ (आचार्य र गौतम, २०६५) ।

## २.३. निरन्तर विद्यार्थी मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमि

विद्यार्थी मूल्याङ्कन निरन्तर हुनुपर्छ भन्ने कुरा ठ्याक्कै यसै दिन सुरु भयो भन्न गाह्रो नै पर्दछ । गुरुकुल शिक्षा प्रणालीदेखि नै विद्यार्थी मूल्याङ्कन प्रचलनमा रहेको

कुरामा एकमत हुन सकिन्छ । विद्यार्थी मूल्याङ्कन विधिको अभिलेख स्पष्ट छैन् तर संस्कृत शिक्षाको एउटा पाठमा पारङ्गत हुने वित्तिकै अर्कोमा जान पाउने र पढाइलाई निरन्तरता दिने कुरा देखिएकाले त्यो समयमा पनि निरन्तर मूल्याङ्कन प्रचलनमा थियो भन्न सकिन्छ (गौतम, २०६२) ।

नेपालका शिक्षा सम्बन्धी विभिन्न ऐतिहासिक दस्तावेजहरुमा पनि विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा उल्लेख गरेको पाइन्छ ।

राष्ट्रिय शिक्षा योजना आयोग (२०११) "साधारण तवरले प्रायः प्राथमिक स्तरको पाँच वर्षको अवधिमा हरेक केटाकेटी आफ्नो मण्डलको साथमा उन्नती गर्दै जानेछन् । असफल अथवा योग्यतापूर्वक काम गर्न नसक्ने बालकलाई बारम्बारको परीक्षाद्वारा बिग्रनुभन्दा अगाडि नै चाँडै पत्ता लगाउनु पर्छ ।"

राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन (२०४९)ले मूल्याङ्कनलाई पठन पाठनका साथसाथै वर्षभरि चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापका रुपमा लिनु पर्ने जनाएर र प्रत्येक विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलापको समेत विवरण समावेश गरिनु पर्छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९)ले आधारभूत तहको कक्षा सातसम्ममा विद्यार्थीलाई उत्तीर्ण, अनुत्तीर्ण नहुने गरी चरणबद्ध रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन बिस्तारै अपनाउने कुरा निर्देश गरेको छ । नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई यसै नामबाट नीतिगत रुपमै लागु गर्ने कार्य २०५६/५७ बाट भएको हो तर विद्यालय क्षेत्रसुधार कार्यक्रम लागु भएपछि भने निरन्तर विद्यार्थी मूल्याङ्कनको देशव्यापी प्रभावकारी कार्यान्वयनको प्रक्रिया सुरु भएको छ ।

बेञ्जामिन ब्लुम (१९९४) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको सुरुवात निर्माणात्मक मूल्याङ्कनको अवधारणासँगै सुरु भएको हो । सन १९९० को दशकमा अफ्रिका लगायतका विकासशील देशहरुमा प्रचार प्रसार हुँदै यस नामबाट परिचित बनेको हो । शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिको लेखाजोखा गरी स्तर पत्ता लगाउनुलाई नै निरन्तर मूल्याङ्कन भनिन्छ (पा. वि. के., २०५९) ।

भाषा शिक्षण सिपमूलक शिक्षण हो । यसमा अभ्यास र निरन्तर मूल्याङ्कन अनुगमनको खाँचो पर्दछ र यस्तो मूल्याङ्कन मूलतः रचनात्मक किसिमको हुनु पर्दछ । सिपमूलक कार्यकलापका सन्दर्भमा बारम्बार निरीक्षण अवलोकन गरेर सिकाइका कठिनाइ र गलत सामान्यीकरणहरुलाई सुधार्न भाषा शिक्षकले सहयोग गरिरहनु पर्दछ । यस्तै प्रयोगात्मक अभ्यासमा सरिक गराएर निरीक्षण अवलोकन गरी रचनात्मक सुधार गर्ने तर्फ प्रेरित गरी रहनु पर्दछ । सान्दर्भिक मौखिक प्रश्नोत्तर कहिलेकाहीँ सिपगत आवश्यकता अनुसार लिखित प्रश्नोत्तरमा सरिक गराएर शिक्षणीय प्रभाव र उपयोगिताको उपलब्धि थाहा पाइराख्नु पर्दछ र आवश्यकता अनुसार सुधार गर्नु पर्दछ । यसका साथसाथै समसामयिक किसिमका परीक्षाहरु सञ्चालन गरेर प्राप्त उपलब्धिहरुको अभिलेख राख्नु पर्दछ । सोही अभिलेखका आधारमा विद्यार्थीको श्रेणी समूह र कक्षा निर्धारण गर्नु पर्दछ । साथै परीक्षा प्रणालीको समेत मूल्याङ्कन गरेर त्यसलाई सुधार र परिमार्जन गरी शिक्षण मूल्याङ्कन चक्रीय पद्वति अपनाउनु पर्दछ (शर्मा र पौडेल, २०६०) ।

## २.४ भाषिक मूल्याङ्कनका प्रकारहरु

कक्षा शिक्षणका क्रममा विद्यार्थीहरुले हासिल गरेका भाषिक सिपका विभिन्न पक्षहरु पाठ्यक्रममा निर्धारित गरे अनुसारको उपलब्धि भए नभएको मापन गर्ने वैज्ञानिक प्रणालीलाई भाषिक मूल्याङ्कन भनिन्छ । नेपाली भाषाको वर्तमान मूल्याङ्कन

परीपाटीलाई नियाल्दा भाषा शिक्षणको मूल्याङ्कन विद्यार्थी मूल्याङ्कनमा सीमित रहन गएको देखिन्छ । नेपाली भाषा मूल्याङ्कन परिपाटीलाई समेटदा लगानी, प्रक्रिया, परिवेश मूल्याङ्कनलाई पनि समेट्नु पर्ने हो तर त्यस्तो हुन सकेको देखिँदैन ।

वर्तमान अवस्थामा पनि परीक्षाको लिखित माध्यमलाई नै मूल्याङ्कनको आधार बनाएर विद्यार्थीको कक्षा वृद्धि गर्ने गरिन्छ । भाषिक मूल्याङ्कन गर्दा भाषाका सिपहरुको बारेमा त्यती चासो दिइएको पाइँदैन् । तल्ला कक्षाहरुमा पहिलो त्रैमासिक परीक्षामा सुनाइ, बोलाइ सम्बन्धी मूल्याङ्कनको व्यवस्था भए पनि माथिल्ला कक्षाहरुमा लिखित परीक्षाको मात्र प्रयोग भएको देखिन्छ । भाषिक मूल्याङ्कनमा निर्धारित कक्षाका पाठ्यपुस्तकलाई मूल्याङ्कनको मूल आधार बनाइएको हुन्छ । यस प्रक्रियाबाट मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यसँग प्राप्तिलाई तुलना गर्न गाह्रो पर्ने हुन्छ । भाषिक मूल्याङ्कनका प्रकारहरुलाई आचार्य र गौतम, २०६५ का अनुसार निम्नानुसार छुट्याएर राख्न सकिन्छ :

## २.४.१ लक्ष्यमा आधारित मूल्याङ्कन

लक्ष्यमा आधारित मूल्याङ्कन भाषिक मूल्याङ्कनको कुनै निश्चित पक्षसँग सम्बन्धित हुन्छ । यस मूल्याङ्कनलाई पनि पाँच किसिममा वर्गीकरण गर्न सकिन्छ :

**अ) दक्षतापरक मूल्याङ्कन र उपलब्धि मूल्याङ्कन** : दक्षतापरक मूल्याङ्कनमा विद्यार्थीका भाषिक सिप सिकाइका सम्भावनाहरुको आधारमा मूल्याङ्कन गर्ने गरिन्छ । यसबाट विद्यार्थीहरुले निश्चित अवधि पछि प्राप्त गर्ने भाषिक सिपहरुको लेखाजोखा गर्ने कार्य हुन्छ । विद्यार्थीहरुको प्राप्त सिकाइ उपलब्धि स्तरको आधारमा पछिल्लो पटकको पनि मूल्याङ्कन गरिन्छ । यसबाट विद्यार्थीहरुलाई थप पृष्ठपोषण प्रदान गर्न मद्दत पुग्दछ ।

पाठ्यक्रमले निर्देशित गरे अनुसार परीक्षण क्रियाकलापको अन्त्यमा विद्यार्थीहरुको भाषिक सिपको मूल्याङ्कन गर्नु नै उपलब्धि मूल्याङ्कन हो । अहिलेको सन्दर्भमा कुरा गर्दा विद्यालय तहदेखि नै उपलब्धि मूल्याङ्कन गरिएको पाइन्छ । उपलब्धि मूल्याङ्कनमा मूल्याङ्कनका साधनहरुलाई वैज्ञानिक तरिकाले मूल्याङ्कन गरिएको पाइँदैन् । यस मूल्याङ्कनमा मूल्याङ्कनका समग्र पक्षहरुको मूल्याङ्कन गरिएको पाइन्छ । यस मूल्याङ्कनको लक्ष्य भनेको पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पुरा गर्नु हो ।

**आ) निदानात्मक मूल्याङ्कन** : यो मूल्याङ्कन एक प्रकारको सुधारात्मक मूल्याङ्कन हो । यो मूल्याङ्कन कक्षा शिक्षण क्रियाकलापको बिच-बिचमा गरिन्छ । यस प्रकारको मूल्याङ्कनको उद्देश्य शिक्षण सिकाइ प्रक्रियाको परिवेश, लगानी र प्रतिफलको मूल्याङ्कन गर्न र विद्यार्थीहरुले शिक्षणका क्रममा गर्ने त्रुटिहरुको पहिचान गरी समस्याको समाधान गर्नु हो । यस्तो प्रकारको मूल्याङ्कन विशेष गरी शिक्षणका क्रममा शिक्षकले सञ्चालन गर्दछन् । यो मूल्याङ्कन अनौपचारिक प्रकृतिको हुने गर्दछ । यसरी यस्तो मूल्याङ्कन पश्चात सिकारुलाई त्रुटि गरेका क्षेत्रमा अभ्यास गर्न लगाएर सुधार्न सकिन्छ ।

यो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुन्छ । यस मूल्याङ्कनमा नेपाली भाषा शिक्षकले शिक्षणको क्रममा सिकारुहरुलाई प्रश्नहरु सोध्ने प्रक्रिया अपनाउनु पर्दछ । सिकारुहरुले सोधिएका प्रश्नहरुको जवाफ नदिएमा उनीहरुसँग आफू पनि सहभागी भएर समस्या समाधान गर्नु पर्दछ ।

**इ) स्तर निर्धारण मूल्याङ्कन** : विद्यार्थीहरुलाई सधैँभरि एकोहोरो शिक्षण मात्र गरिरहनु उपयुक्त हुँदैन र उनीहरुको बौद्धिक, मानसिक, नैतिक, सामाजिक विकास गर्नका लागि तह अनुसारको मूल्याङ्कन गरी स्तर निर्धारण गर्नु पर्दछ । मूल्याङ्कन गर्दा कुन-कुन विद्यार्थीले कुन-कुन विषयमा के-कति ज्ञान हासिल गरेका छन भनी जानकारी लिन र उक्त विद्यार्थीहरुलाई कुन तहमा राखी शिक्षण गर्न उपयुक्त हुन्छ भन्ने जानकारी प्राप्त

हुने गर्दछ । यस मूल्याङ्कनलाई विद्यार्थीको विद्यालय प्रवेश मूल्याङ्कनका रुपमा लिने पनि गरिन्छ । यस मूल्याङ्कनले विद्यार्थीका त्रुटि क्षेत्रहरु पत्ता लगाई निराकरण गर्न पनि सहयोग प्रदान गर्दछ । तसर्थ स्तर निर्धारण मूल्याङ्कनलाई कक्षा शिक्षण क्रियाकलापको महत्त्वपूर्ण आधारका रुपमा लिने गरिन्छ (आचार्य र गौतम, २०६५) ।

### २.४.२ माध्यममा आधारित मूल्याङ्कन

भाषा दुई प्रकारको हुन्छ । कथ्य भाषा र लेख्य भाषा । अतः माध्यममा आधारित मूल्याङ्कन पनि दुई प्रकारका नै हुन्छन् । तिनलाई निम्नानुसार देखाइएको छ :

अ) **मौखिक मूल्याङ्कन** : भाषा सिकाइको सुरुवात सुनाइ सिप र बोलाइ सिपबाट नै हुने गर्दछ । कुनै पनि कुरा बोल्नका लागि पनि सुन्नु पर्दछ । सुनेपछि मात्र बोल्न सकिन्छ । तसर्थ सुनाइ सिप र बोलाइ सिपलाई भाषाको विकास गर्ने मुख्य आधार मानिन्छ । मौखिक अभिव्यक्ति भाषा सिकाइको आधारभुत सिप भएको कारणले यसैसँग सम्बन्धित रहेर मौखिक मूल्याङ्कन गर्नु जरुरी हुन्छ । सिकारुको मौखिक अभिव्यक्तिको माध्यमबाट हाउभाउको समेत विकास  हुन्छ । स्तरीय कथ्य भाषामा सिकारु दक्ष हुनको लागि पनि मौखिक अभिव्यक्तिको अभ्यास नै आवश्यक पर्दछ । यसरी भाषाको मौखिक सिप विकासबाट शिक्षण सिकाइ क्रियाकलाप, पढाइ र लेखाइ कलामा परिष्कार गर्न, विभिन्न व्यक्तिमा भएको विचारहरुको आदान प्रदान गर्न, भाषिक सिपको क्रमिक विकास गर्न र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्नका लागि मौखिक मूल्याङ्कनको आवश्यकता पर्दछ ।

आ) **लिखित मूल्याङ्कन** : लिखित मूल्याङ्कन भनेको विद्यार्थीहरुले शिक्षण सिकाइ क्रियाकलापका अन्त्यमा सिकाइमा के कति प्रगति गरे भनेर जाँच गर्ने माध्यम हो । यो लिखित परीक्षाका माध्यमबाट विद्यार्थीको उपलब्धि जाँच्ने उपाय पनि हो । अहिले हाम्रा विद्यालयहरुमा यस विधिको विस्तृत रुपमा प्रयोग भइ रहेको देख्न सकिन्छ । यो लिखित मूल्याङ्कन माथिल्ला कक्षाहरुमा विभिन्न आवधिक परीक्षाद्वारा सञ्चालन गरिन्छ । मौखिक

मूल्याङ्कन जस्तै यो पनि मूल्याङ्कनको महत्त्वपूर्ण माध्यम हो । यसबाट विद्यार्थीहरुमा के कति मात्रामा लेखन सिपको विकास भएको छ भनी जानकारी प्राप्त हुन्छ र मूल्याङ्कनपछि विद्यार्थीहरुमा लेखनका क्रममा भएका त्रुटिहरु पहिल्याई पृष्ठपोषण प्रदान गर्न सजिलो पर्दछ र विद्यार्थीहरुले आफ्ना कमी कमजोरीहरुलाई सजिलैसँग सच्याउन सक्दछन् । भाषिक सिप विकासमा मौखिक, लिखित आदि मूल्याङ्कनहरुको महत्त्वपूर्ण भूमिका हुने गर्दछ ।

### २.४.३ प्रश्नको प्रकृत्तिका आधारमा मूल्याङ्कन

प्रश्नहरु सबै एकै प्रकारका हुँदैनन् । एकै प्रकारका प्रश्नहरुको निर्माण गर्न उपयुक्त नहुने हुँदा विभिन्न प्रकारका प्रश्नहरु निर्माण गरेर भाषिक मूल्याङ्कन गर्ने गरिन्छ । विभिन्न प्रकृत्तिका प्रश्नहरु जस्तै विषयगत, वस्तुगत, सङ्क्षिप्त उत्तरात्मक, निबन्धात्मक आदि प्रश्नहरु निर्माण गर्दा विद्यार्थीहरुको सम्पूर्ण पक्षको सिकाइ उपलब्धि स्तरको जानकारी प्राप्त हुन्छ । विभिन्न प्रकृतिको आधारमा मूल्याङ्कनलाई निम्न लिखित प्रकारमा राखी वर्गीकरण गर्न सकिन्छ :

**अ) विषयगत मूल्याङ्कनः** विषयगत मूल्याङ्कनबाट ज्ञान, सिप र धारणाको विकास जाँच्न सजिलो पर्ने हुनाले विद्यार्थीहरुको लागि यस्तो मूल्याङ्कन सहयोगी सावित भएको छ । यसमा छोटो अथवा लामो प्रश्नको उत्तर लेख्न लगाएर भाषिक मूल्याङ्कन गरिन्छ । यस मूल्याङ्कनमा परीक्षार्थीहरुबाट प्राप्त भएका उत्तरलाई अङ्कन कर्ताद्वारा फरक-फरक दृष्टिकोणबाट अङ्कन गरीने हुनाले विद्यार्थीको प्राप्ताङ्कमा एकरुपता पाइँदैन जस्तै पूर्व मेचीमा एउटा उत्तर पुस्तिका जाँच गरी पठाएमा त्यो पुस्तिका पश्चिम महाकालीसम्म आइपुग्दा अङ्कमा आकाश पातालको फरक देखिन्छ । यस कारण यस्तो मूल्याङ्कनमा विश्वसनीयता र वैधता कम हुने सम्भावना रहन्छ । यस्ता प्रश्नहरुको कुनै ठोस उत्तर हुँदैन । उत्तरदाताले यसलाई विभिन्न कोणबाट बुझ्न सक्छन् । यस मूल्याङ्कनबाट

विद्यार्थीको उत्तर दिने मौलिक र सिर्जनात्मक क्षमताको विकास हुन्छ । उनीहरुले आफ्नो विचार, भावना र सिर्जनात्मक अभिव्यक्तिलाई स्वतन्त्र भएर व्यक्त गर्न सक्दछन् । विषयगत मूल्याङ्कनलाई पनि सङ्क्षिप्त उत्तरात्मक र निबन्धात्मक गरी दुई प्रकारमा बाँडन सकिन्छ :

क) **सङ्क्षिप्त उत्तरात्मक मूल्याङ्कन:** जुन प्रश्नहरुको उत्तर छोटो, सरल र स्पष्ट तरिकाले लेख्नु पर्ने हुन्छ । त्यसलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । यस्तो मूल्याङ्कन निबन्धात्मक र वस्तुगत मूल्याङ्कनको भन्दा बिचको हुन्छ । यस्तो खाले प्रश्नको उत्तर छोटो, तथ्यपूर्ण प्रकृतिको हुन्छ । यस्ता प्रश्नहरुबाट मूल्याङ्कन गर्दा पाठयक्रमले निर्देश गरेका सम्पूर्ण उद्देश्यहरु समेट्ने गरी प्रश्नहरु सोध्न सकिने, उत्तरपुस्तिका परीक्षण गर्न सजिलो हुने, विश्वसनीयता र वैधता प्राप्त हुने, एक पटकमा एउटा पक्षको मूल्याङ्कन गर्न सकिने हुन्छ ।

यस्तो खालको मूल्याङ्कनमा विश्लेषण गर्ने, व्याख्या गर्ने, तर्क गर्ने, निबन्ध लेख्ने, चिठी लेख्ने, सम्प्रेषणात्मक सामर्थ्यको विकास भए-नभएको जाँच्न कठिन हुने गर्दछ । यस्ता प्रश्नका प्रकारहरु सिर्जनात्मक प्रश्न, तार्किक प्रश्न, स्मृति प्रश्न, अनुसूची प्रश्न, तुलना प्रश्न, कारण प्रश्न आदि हुन् । विषयवस्तुको महत्त्वपूर्ण अंश समेट्नु , प्रश्न निर्माणमा ज्यादा समय नलाग्नु, उत्तर छोटो लेखे पुग्नु, उपलब्धि मापन गर्न सजिलो हुनु , उत्तरपुस्तिका परीक्षण गर्न सजिलो हुनु , मौलिकताको जाँच हुनु , मापनमा विश्वसनीयता र वैधता बढ्नु , विद्यार्थीको लेखन गति परीक्षण हुनु यस मूल्याङ्कनका फाइदाहरु हुन् । प्रश्न निर्माण गर्दा राम्रो ध्यान नदिएमा मापनमा असर पर्नु , मापनमा पूर्ण विश्वसनीयता र वैधता कायम नहुनु , प्रश्नपत्र परीक्षणमा ज्यादा समय नलाग्नु , वस्तुगत प्रश्नमा जस्तै व्यापक विषयवस्तु समेट्न नसकिनु, उत्तर पुस्तिका परीक्षणमा एकरुपता नहुनु जस्ता बेफाइदाहरु छन् ।

**ख) निबन्धात्मक मूल्याङ्कनः** विद्यार्थीहरुको विषयवस्तु प्रतिको ज्ञान, विषयको अभिव्यक्ति, मौलिकता, विश्लेषण क्षमता, समालोचन, आलोचन आदि पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले बनाइएका लामा उत्तर आउने प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ । यस्ता प्रकारको प्रश्न लेख्दा विस्तृत र स्वतन्त्र भएर लेख्नु पर्दछ । यसमा विद्यार्थीलाई आफ्नो क्षमताको प्रदर्शन गर्ने र स्वतन्त्र अभिव्यक्ति दिनु पर्ने जिम्मेवारी हुन्छ । यस प्रकारका प्रश्नहरुले विद्यार्थीको बौद्धिक क्षमताको मापन, मौलिकता, स्वतन्त्रता, विश्लेषणात्मक, आलोचनात्मक क्षमता प्रदर्शन हुने, विद्यार्थीले थोरै प्रश्नको जवाफ दिए पुग्ने, परीक्षकको बौद्धिक र स्वतन्त्रतामा भर पर्ने विषयवस्तुले ठुलो क्षेत्र समेट्न सक्ने, भाषागत शुद्धता, शैली, आदि जाँच्न सजिलो हुने आदि पक्षहरुमा सहजता प्रदान गर्दछन् । यस्ता प्रश्नहरु वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक उत्तर दिने हुन्छन् । सारांश लेखन, निर्णयात्मक, समालोचनात्मक, छलफल, स्वतन्त्र विचार अभिव्यक्ति कारण र असर दिने आदि विभिन्न प्रकारका हुन्छन् ।

यसका फाइदाहरु महत्त्वपूर्ण एकाइ तथा पाठलाई मात्र समावेश गर्न सकिने, विद्यार्थीको प्रस्तुतिगत क्षमता र विषयवस्तु सङ्गठन गर्ने क्षमता मापन हुने, थोरै समयमा पनि प्रश्नपत्र निमार्ण गर्न सकिने, विद्यार्थीहरुको सिकाइ उपलब्धि मापन गर्न सजिलो हुने, विद्यार्थीको गति परीक्षण गर्न सकिने, भाषिक शुद्धता, मौलिकता जाँच गर्न सकिने आदि हुन् । यस मूल्याङ्कनका बेफाइदाहरु उत्तरपुस्तिका परीक्षण गर्न धेरै समय लाग्ने, परीक्षार्थी धेरै भए परीक्षा सञ्चालन गर्न समस्या पर्ने, प्रश्नको उत्तर निम्न तहको हुने, प्राप्त उपलब्धिमा कम विश्वसनीयता हुने आदि हुन् ।

**आ) वस्तुगत मूल्याङ्कन** : कुनै पनि प्रश्नको उत्तर दिँदा चिह्न लगाए पनि हुने र एक शब्दमा लेख्दा पनि उत्तर आउने परीक्षालाई वस्तुगत मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कनका लागि सोधिने प्रश्नमा लामा उत्तर लेखि रहने झन्झट हुँदैन र ठिक उत्तर मात्र छनोट गरे उत्तर पुग्छ । यस मूल्याङ्कनले वस्तु र तथ्य सम्बन्धी ज्ञान, सिप,धारणा आदिको उपलब्धि जाँच्न सहयोग प्रदान गर्दछ । यस खालको मूल्याङ्कनले विद्यार्थीको

मौलिक अभिव्यक्ति, विचार आदि पक्षको मूल्याङ्कन बाहेक अन्य अवस्थामा प्रयोग गर्न सजिलो हुन्छ । यस्तो मूल्याङ्कनमा प्रश्नपत्र निर्माण गर्दा निर्माताको समय र क्षमताको जरुरत पर्दछ । यसका विशेषताहरु विषयवस्तु धेरै मात्रामा समावेश गर्न सकिने, प्रश्न पत्रमा कम अङ्क राखी धेरै प्रश्नहरु सोध्न सकिने, विद्यार्थीका दक्षताहरु मापन गर्न सकिने, परीक्षा सञ्चालन गर्न कम समय लाग्ने, दिइएका सम्भावित उत्तरहरुमा ठिक उत्तर छान्न पाइने, प्रश्नहरुलाई प्रश्न बैंकमा राखी पुनः प्रयोग गर्न सकिने, प्रश्नपत्र निर्माणमा ध्यान नदिएमा शैक्षिक मूल्याङ्कनमा वैधता र विश्वसनीयता नहुने आदि हुन् ।

यसका बेफाइदाहरु विद्यार्थीहरुमा कण्ठ गर्ने बानी बस्नु, मौलिकता जाँच्न नसकिनु, विद्यार्थीमा गहिरो अध्ययन गर्ने बानीमा ह्रास आउनु , विशिष्टीकरण तालिका नबनाएमा परीक्षामा प्रश्नमा सन्तुलन नहुनु , विद्यार्थीको बौद्धिक अभिव्यक्ति, सङ्गठन, व्याख्या र विश्लेषण गर्ने क्षमतामा भाषा शैलीको मापन नहुनु , अन्दाज गरेर पनि कतिपय उत्तर मिल्न जानु , प्रश्न निर्माण गर्दा दक्ष, योग्य र तालिम प्राप्त शिक्षकको आवश्यकता पर्नु आदि हुन् । यस्तो मूल्याङ्कनमा प्रश्न निर्माण गर्दा कक्षागत स्तर, विशिष्ट उद्देश्यका साथै स्पष्ट निर्देशन, सरल र स्पष्ट भाषा, प्रश्नको स्तर, एकरुपता, समस्या र विकल्प आदि विषयमा ध्यान दिनु पर्दछ । यसका प्रकारहरु खाली ठाउँ भर्ने , जोडा मिलाउने, ठिक, बेठिक छुट्याउने बहु वैकल्पिक आदि हुन् ।

### २.४.४ सिपमा आधारित मूल्याङ्कन

भाषा भनेको एक अर्कामा भएका विचारको आदान प्रदान गर्ने माध्यम हो । नेपाली भाषा शिक्षणको उद्देश्य विद्यार्थीहरुलाई नेपाली भाषा सम्बन्धी सिपमा कुशल बनाउनु हो । भाषिक व्यवहार अर्न्तगत भाषिक सिपहरु पर्दछन् । यस भित्र सुनाइ, बोलाइ, पढाइ, लेखाइ सम्बन्धी भाषिक सिप पर्न आउँछन् । सुनाइ र पढाइ सिपको माध्यमबाट विद्यार्थीहरुले आफ्ना विचार, अनुभव र इच्छा आदि भावहरुलाई बुझ्ने र आफ्नो भाव अरु समक्ष प्रस्तुत गर्दछन् । तसर्थ भाषिक व्यवहार वा सिपमा विद्यार्थीहरुलाई दक्ष

बनाउन भाषिक सिपमा दक्ष बनाउनु पर्दछ । विद्यार्थीहरुमा भाषाका चारओटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्नका लागि विभिन्न साहित्यिक विधाबाट क्रियाकलाप गराउन सकिन्छ । भाषिक सिप शिक्षणको क्रममा निरन्तर मूल्याङ्कन प्रणालीलाई आत्मसात गर्दै मूल्याङ्कन गर्नु पर्ने हुन्छ (शै.ज.वि..के., २०६२) । तसर्थ भाषाका चारओटा सिपहरुको मूल्याङ्कन निम्नानुसार गर्न सकिन्छ :

अ) **सुनाइ सिपको मूल्याङ्कन :** सुनाइ सिपलाई भाषाको महत्त्वपूर्ण सिपका रुपमा लिइन्छ । कुनै पनि कुरा नसुनिकन बुझ्न सकिँदैन । नबुझिकन प्रश्नको उत्तर पनि दिन सकिदैन । विद्यार्थीलाई सुनाइ सिपमा दक्ष बनाउन बिच-बिचमा मूल्याङ्कनको जरुरत पर्दछ । कविता, कथा आदि सुनाएर फरक अर्थ दिने ध्वनिहरुबिचको भिन्नता पहिल्याउन लगाएर अरुले भनेका कुराहरुलाई दोहोऱ्याउन लगाएर, छलफल, अर्न्तक्रिया, कुराकानीका प्रसङ्गहरुमा सहभागी गराएर, अभिनय गराएर, नाटकमा पात्र अनुसार भूमिका निर्वाह गर्नका लागि बोलीको नक्कल गर्न लगाएर सुनाइ सिपको मूल्याङ्कन गर्न सकिन्छ । यसका अतिरिक्त वर्ण विभेदीकरण, कथाकथन, प्रश्नोत्तर आशयगत अर्थ पत्ता लगाउने, श्रुतिबोध, श्रुतिलेखन, श्रुतिरचना आदि क्रियाकलाप गर्न लगाएर पनि सुनाइ सिपको मूल्याङ्कन गर्न सकिन्छ । सुनाइ सिपको मूल्याङ्कन गर्दा विद्यार्थीहरुलाई बाल केन्द्रित क्रियाकलाप गराउनु पर्दछ ।

आ) **बोलाइ सिपको मूल्याङ्कन :** बोलाइ सिपको मूल्याङ्कन भन्नाले विद्यार्थीहरुको बोलाइ क्षमता कति शुद्ध छ भनी लेखाजोखा गर्नु हो । यसको मूल्याङ्कन गर्न विद्यार्थीहरुलाई बोल्नु पर्ने क्रियाकलापमा बढी सक्रिय बनाउनु पर्दछ । कुनै पनि विद्यार्थीले बोलेपछि मात्र उसको भावना बुझ्न सकिने वा आफ्नो कुरा अरुलाई भन्न सकिने हुनाले भाषा शिक्षणमा बोलाइ सिपको पनि महत्त्वपूर्ण स्थान रहन्छ । यो भाषिक सिपको दोस्रो खुड्किलो हो । बोलाइ सिपको मूल्याङ्कन गर्नका लागि विद्यार्थीहरुलाई सरल वाक्यहरु शुद्धसँग दोहोऱ्याउन लगाउने, कुनै विषयमा कुरा नबुझेमा प्रश्न सोध्न लगाउने, अभिवादन गर्न लगाउने, शुद्ध उच्चारण गर्न लगाउने, पढेका कुरालाई वर्णन गर्न

लगाउने, नाटक र वादविवादमा अभिनय गर्न लगाउने, वर्ण विभेदीकरण,शब्द विभेदीकरण, वाक्य विभेदीकरण, श्रुतिवोध जस्ता क्रियाकलापहरु गराउन सकिन्छ । बोलाइ विद्यार्थीको अभिव्यक्ति पक्षसँग सम्बन्धित भाषिक सिप हो । भाषा शिक्षणको आरम्भ सुनाइ र बोलाइबाट गरिन्छ । सुनाइ सिप र बोलाइ सिपका भाषिक सिप शिक्षण अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

कुनै पनि व्यक्तिको स्तरलाई पहिचान गर्ने माध्यम नै विद्यार्थीको बोलाइ हो । तसर्थ बोलीलाई सहज, सरल, प्रष्ट र शिष्ट बनाउन आवश्यक मानिन्छ । व्यक्तिले कुनै ठाउँमा बोल्न, सभा सम्मेलन वा गोष्ठीमा सहभागी हुन औपचारिक छलफलमा भाग लिन, आफूभन्दा सानालाई माया दिन र ठूलालाई आदरको भाव व्यक्त गर्न पनि बोलीको नै आवश्यकता पर्दछ । यति मात्र नभएर नेपाली भाषा शिक्षण गर्दा मौखिक प्रश्नोत्तरमा सहभागी हुन पनि बोलाइ सिपको आवश्यकता पर्दछ । यी सम्पूर्ण पक्षहरुलाई पूर्णता प्रदान गर्न बोलाइ सिपमा दक्ष हुनु पर्दछ । बोलाइ सिपमा दक्ष बनाउन बोलाइ सिपको निरन्तर मूल्याङ्कन गरिनु पर्दछ ।

**इ) पढाइ सिपको मूल्याङ्कन** : लिखित सामग्रीहरुलाई आवाज निकालेर वा आवाज ननिकालेर मनमनै उच्चारण गर्नु भनेको पढनु हो । भाषाका चारओटा सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये पढाइ पनि एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीले लिखित सामग्रीलाई शुद्धसँग उच्चारण गर्नका लागि पढाइ सिपको आवश्यकता पर्दछ । पढाइ सिपमा दक्ष भएको खण्डमा मात्र उसले लिखित सामग्रीलाई शुद्धसँग उच्चारण गर्न सक्दछ । उच्चारणमा त्रुटि भएमा अर्थको अनर्थ हुन जान्छ र भन्न खोजेको कुरा नमिल्न सक्छ तसर्थ उच्चारण ठिकसँग गरेमा र गति, यति मिलाइ पढन सकेमा विद्यार्थीलाई भाषिक सिपका अरु पक्षमा पनि दक्ष बनाउन सकिन्छ । पढाइ सिपसँग भाषाका अरु सिप पनि सम्बन्धित रहने भएको कारणले पढाइ सिपमा दक्ष नहुँदा अरु सिपहरुमा पनि बाधा पुग्ने हुन्छ । सुनाइ, बोलाइ र लेखाइ सिपमा पनि अशुद्धपना देखिन्छ । यस कारण भाषाका चार सिपहरुमा पढाइ सिप पनि विद्यार्थीको लागि महत्त्वपूर्ण छ ।

पढाइ सिपको विकास गर्न विद्यार्थीहरुलाई विभिन्न क्रियाकलापहरु गराउन सकिन्छ । ती क्रियाकलापको कारणले विद्यार्थीले पढाइ सिपमा दक्षता प्राप्त गर्न सकोस् भन्नका लागि र पढाइ सिपको मूल्याङ्कन गर्नका लागि गति र यति मिलाइ पढन लगाउने, चिह्नको विचार पुर्‍याइ पढ्न लगाउने , हाउभाउ प्रर्दशन गरी पढ्न लगाउने कुनै पाठ जस्तै कथा, जीवनी, निबन्ध, प्रबन्ध आदि भित्रबाट कठिन शब्द छानी उच्चारण गर्न लगाउने, पढेका, देखेका र सुनेका कुराहरुलाई श्रृङ्खला मिलाई वर्णन गर्न लगाउने, आदि क्रियाकलाप गराउन सकिन्छ । कुनै एउटा शीर्षक दिएर आपसमा कुराकानी गर्न लगाई संवादका रुपमा पनि अभ्यास गराउन सकिन्छ ।

**ई) लेखाइ सिपको मूल्याङ्कन** : नेपाली भाषा शिक्षणका सन्दर्भमा लेखाइ सिप विकासको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपाली भाषाको शिक्षण गर्नु भनेको विद्यार्थीहरुलाई भाषिक सिपहरुमा दक्ष बनाउने प्रयास गर्नु हो । लेखाइ सिप विकास गर्नका लागि विद्यार्थीहरुमा अभ्यासको जरुरत पर्दछ । लेखाइ सिप विकास गर्नका लागि प्राथमिक तहदेखि नै विद्यार्थीहरुलाई अभ्यास गराउनु पर्दछ । लेखाइ सिपको विकासमा दक्ष बनाउन विद्यार्थीहरुलाई विभिन्न लिखित सामग्रीको प्रयोग गर्नु पर्ने हुन्छ । लिखित सामग्रीहरुलाई आवश्यकता अनुसार लेखन कार्यको अभ्यासमा प्रयोग गर्नु पर्दछ । लेखाइ सिपको विकास गर्नु भनेको राम्रा अक्षर लेख्न सिकाउनु, शुद्धसँग लेख्ने बानी बसाल्नु , प्रश्नोत्तर लेख्ने क्षमता बढाउनु, व्यवहारमा आइपर्ने लेखाइ सम्बन्धी कारोबार गर्न सक्ने बनाउनु, स्वतन्त्र रुपमा छोटा रचनाहरु तयार पार्न सक्ने बनाउनु आदिलाई लिइन्छ ।

लेखाइ सिपको विकास गर्ने सम्बन्धमा नेपाली भाषा शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । यसको विकास गर्नका लागि लेखाइ सम्बन्धी क्रियाकलाप गराउनु आवश्यक मानिन्छ । यसको प्रयोग विशेष गरी शिक्षकले कक्षाकोठामा गर्नु पर्दछ ।

लेखाइ सिपको मूल्याङ्कन गर्न विद्यार्थीहरुलाई अनुलेखन, श्रुतिलेखन, संवाद लेखन, सारांश लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निबन्ध लेखन आदि क्रियाकलाप गराउन सकिन्छ । अनुलेखन क्रियाकलाप भनेको अक्षर लेख्न सिकाउने, अक्षर राम्रो बनाउने र शुद्ध रुपमा लेख्ने अभ्यास गराउने क्रियाकलाप हो । अनुलेखनको अर्थ जस्तो लेखेको छ उस्तै अक्षर बनाएर सार्ने लेखाइ सम्बन्धी क्रियाकलाप हो । अनुलेखनको अभ्यास गराउँदा विद्यार्थीहरुको क्षमता र कक्षाको स्तर अनुसारका सामग्रीहरुको आधारमा गराउनु पर्दछ । श्रुतिलेखन भनेको सुन र लेख भनेको हो । श्रुतिलेखनमा शिक्षकले गरेको उच्चारणलाई ध्यानपूर्वक सुनी त्यसको आधारमा लेख्ने अभ्यास गराउन सकिन्छ । संवाद भनेको कुराकानी हो । विद्यार्थीहरुको अनुभव क्षेत्रमा सीमित भएर, संवाद लेखाएर अभ्यास गराउन सकिन्छ । सारांश लेखन पनि लेखाइ सिपको अभ्यासमा सहयोग पुऱ्याउने महत्त्वपूर्ण तत्त्व हो । अनुच्छेद लेखन अभ्यास गर्दा कुनै पनि विषय वस्तुको वर्णन, कुनै कुराको छलफल, आफू र आफ्नो परिवारको बारेमा एक अनुच्छेद आदि लेख्ने अभ्यास गर्न लगाइन्छ । त्यस्तै गरी प्रतिवेदन लेखनको अभ्यास गर्दा वर्णनात्मक र जानकारीमूलक कुराहरुलाई अरु समक्ष प्रस्तुत गर्न लगाउन सकिन्छ । निबन्ध लेखनको अभ्यास गराउँदा शीर्षक दिएर स्वतन्त्र रुपमा लेखन क्रियाकलाप गराउन सकिन्छ । यसरी भाषिक सिपको माध्यमबाट पनि निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन सकिन्छ (शै.ज.वि.के.२०६२) ।

मूल्याङ्कनले विद्यार्थीहरुको प्रगति विवरणको निर्धारण गर्दछ । यसले विद्यार्थीहरुको सिकाइ उपलब्धिका बारेमा जानकारी प्रदान गर्दछ । प्रयोजनका आधारमा विद्यार्थीहरुको मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारले गरिन्छ । विद्यार्थीले कति सिक्न चाहेका थिए, कति सिके, नसिकको भए कसरी सिकाउने भन्ने विषयमा मूल्याङ्कन गर्ने निर्माणात्मक मूल्याङ्कन हो । निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइको क्रममा निरन्तर रुपमा हुने गर्दछ । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीहरुलाई कक्षा चढाउन मद्दत गर्दछ । निर्णयात्मक मूल्याङ्कन ठूला कक्षामा विशेष गरी लिखित परीक्षाको माध्यमले गरिन्छ ।

निर्माणात्मक मूल्याङ्कनको उद्देश्य भनेको प्रभावकारी रुपमा शिक्षण सिकाइ गरी पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पुरा गर्न र कक्षा शिक्षकको साथसाथै विद्यार्थीहरुको सिकाइ स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण गर्नु हो । यस कार्यका लागि शिक्षण क्रियाकलापसँगै निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ । शिक्षण क्रियाकलापसँगै निरन्तर रुपमा प्रयोग भइ रहने हुनाले निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । यसलाई विद्यार्थीहरुको कक्षा सहभागिता, गृहकार्य,व्यवहार अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित परीक्षा, विद्यार्थीहरुको हाजिरी आदि माध्यमद्वारा मूल्याङ्कन गरिन्छ । निरन्तर मूल्याङ्कन प्रणालीमा शिक्षकले विद्यार्थीको कुनै न कुनै पक्षको मूल्याङ्कन गरी रहनु पर्ने हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको चाप घटाउने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र बिचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्यामा कमी ल्याउने कुरामा सकारात्मक दृष्टि दिएको छ । यस निरन्तर मूल्याङ्कन प्रणालीमा विद्यार्थी केन्द्रिंत शिक्षण विधि अपनाई चलाख विद्यार्थीलाई थप हौसला प्रदान गर्ने र सिकाइको स्तर मध्यम र न्यून भएकालाई मद्दत गरी सिक्न प्रेरित गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि, आवधिक परीक्षा, गृहकार्य, प्रयोगात्मक कार्य आदिको मूल्याङ्कन गरिन्छ । मूल्याङ्कन गरेको आधारमा विद्यार्थीको प्रगतिको निर्धारण हुन्छ (पा.वि.के.२०६२) ।

### २.४.५ पक्षका आधारमा मूल्याङ्कन

भाषिक मूल्याङ्कनका लक्ष्यमा आधारित, माध्यममा अधारित, प्रश्नको प्रकृतिमा आधारित सिपमा आधारित, प्रक्रियामा आधारित मूल्याङ्कन जस्तै भाषा सिकाइको स्तरलाई पक्षका आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । पक्षका आधारमा भाषिक मूल्याङ्कनका प्रकारहरुलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

**अ) व्याकरण र भाषा प्रयोगको मूल्याङ्कन** : व्याकरण र भाषा प्रयोगको मूल्याङ्कन गर्दा त्रुटि पहिचान गर्ने, खाली ठाउँ भर्ने, वाक्य परिवर्तन गर्ने, वाक्य पुरा गर्ने, जोडा मिलाउने,

ठिक, बेठिक छुट्टयाउने आदि प्रश्नहरु सोध्ने गरिन्छ । यस मूल्याङ्कनमा व्याकरण र भाषा प्रयोगका सम्बन्धमा भएका र पछि हुन सक्ने सम्भावित व्याकरणका विभिन्न पक्ष सम्बन्धी जानकारी लिन गरिने मूल्याङ्कनलाई व्याकरण र भाषा प्रयोग सम्बन्धी मूल्याङ्कन भनिन्छ । यो मूल्याङ्कन लिखित र मौखिक अथवा औपचारिक र अनौपचारिक रुपमा पनि गर्न सकिन्छ ।

**आ) शब्दभण्डारको मूल्याङ्कन :** विद्यार्थीहरुमा भएको शब्दभण्डारको उपलब्धिको स्तर मापन गर्न बहुवैकल्पिक प्रश्न, वाक्य प्रयोग, अनेक प्रसङ्गबाट शब्दको अर्थ पहिल्याउने आदि प्रश्नहरुद्वारा यस प्रकारको मूल्याङ्कन गर्न सकिन्छ । यसमा विद्यार्थीहरुमा शब्द भण्डार क्षमता के कति मात्रामा विकास भयो भन्ने कुरा सजिलै थाहा हुन्छ ।

**इ) उच्चारण सिपको मूल्याङ्कन** : विद्यार्थीहरुमा भाषा उच्चारणको मूल्याङ्कन गर्दा श्रुतिसमभिन्नार्थक शब्द, सङ्कथन, पदावली, वाक्य सङ्कलन, पढ्न लगाउन सकिन्छ । चित्र वर्णन गर्न लगाएर, कुनै कुराको विवरण, सूचना आदिलाई मौखिक रुपमा पढ्न लगाएर पनि उच्चारण सिपको मूल्याङ्कन गर्न सकिन्छ । उच्चारण सिपको मूल्याङ्कन गर्दा विद्यार्थीको बोलाइ सिप के कति विकास भएको छ भनी लेखाजोखा गरिन्छ । विद्यार्थीहरुका मनमा भएका कुराहरु अरु समक्ष प्रस्तुत गर्दा वा आफ्ना पुस्तकहरु पढ्दा उच्चारण सिपको विकास भएको हुनु पर्दछ । यदि उच्चारण सिपको विकास भएको छैन भने उसले अरुले सोधको प्रश्नको उत्तर दिन सक्दैन, पुस्तकलाई पढ्न सक्दैन र आफ्ना मनका भावनाहरुलाई अरु समक्ष प्रस्तुत गर्न सक्दैनन् ।

त्यसकारण यस्ता कुराहरुको विकास गर्न विद्यार्थीको उच्चारण सिपको आवश्यकता पर्दछ । उच्चारण सिपका मूल्याङ्कन गर्दा कक्षामा कथा सुनाइ त्यसबाट प्रश्न सोधी उत्तर दिन लगाउने, कुनै वाक्यलाई वा शब्दलाई उच्चारण गर्न लगाउने, कुनै चित्र देखाएर त्यसको मौखिक वर्णन गर्न लगाउने, आफ्नो कक्षा कोठाका बारेमा, परिवारका बारेमा र आफ्ना बारेमा वर्णन गर्न लगाउने, आफूले सुनेको कुनै कथा भन्न

लगाउने आदि क्रियाकलाप गर्न लगाएर त्यसमा विद्यार्थीको उच्चारण सिपको विकास के कति भयो भनी मूल्याङ्कन गर्न सकिन्छ । यसबाट विद्यार्थीको त्रुटि क्षेत्र पत्ता लाग्दछ र सम्बन्धित विषयमा पृष्ठपोषण प्रदान गर्न सकिन्छ । यसरी पृष्ठपोषण प्रदान गर्दा कमजोर विद्यार्थीलाई हतोत्साहित नहुने गरी तेज विद्यार्थीलाई अझ तेज बन्ने अवसर मिल्दछ ।

**ई) सम्प्रेषण प्रकार्यको मूल्याङ्कन** : कुनै पनि विद्यार्थीमा सम्प्रेषण प्रकार्यको विकास भएको छैन् भने उसले आफ्नो व्यवहारिक जीवनमा प्रयोग गर्ने शब्दहरु, कुनै विषयमा लेख रचना तयार गर्दा, प्रश्नको उत्तर दिँदा, अरु समक्ष आफ्नो विचार प्रस्तुत गर्दा कस्ता शब्दहरु प्रयोग गर्ने ? कस्तो उत्तर दिने ? कसरी कुराको अथवा लेख, रचनाको प्रसङ्ग बदल्ने भन्ने सामर्थ्य प्राप्त हुँदैन । यस्तो सामर्थ्यको विद्यार्थीमा विकास भएको छैन् भने त्यसलाई सम्प्रेषण प्रकार्यको विकास भएको मानिँदैन । सम्प्रेषण प्रकार्यको विकास त्यस अवस्थामा भएको हुन्छ, जतिवेला विद्यार्थीमा सम्प्रेषणात्मक सामर्थ्य जस्तैः- बुँदाका आधारमा कथा तयार पार्नु, निबन्ध लेख्न सक्नु, संवादलाइ पुरा गर्न सक्नु, प्राप्त भएको चिठ्ठीको उत्तर लेख्न सक्नु, भाषाका कोशीय नियमहरुको अतिक्रमण नहुने गरी भाषा प्रयोग गर्न सक्नु, आफूले बोलेका भाषाको शब्द चयन र वाक्य गठनमा सामञ्जस्यता कायम गर्न सक्नु, कुनै कुरा गराइ वा लेखाइको सुरुवात र अन्त्य सजिलैसँग गर्न सक्नु, आफ्नो त्रुटिलाई परिमार्जन गरी मिठो भाषामा प्रस्तुत गर्न सक्नु आदि क्षमताको विकास भएको हुन्छ ।

त्यस अवस्थामा मात्र सम्प्रेषण प्रकार्यको मूल्याङ्कन गर्दा विद्यार्थीलाई दिइएका बुँदाका आधारमा कथा कसरी तयार गरियो शीर्षक उपयुक्त राख्यो कि राखेन, निबन्ध लेख्दा आदि, मध्य र अन्त्य भागको सामञ्जस्यता कसरी गऱ्यो, संवादलाई पुरा गर्न सक्यो वा सकेन, उपयुक्त संवादको प्रयोग गऱ्यो कि गरेन आफूले लेखेको वा बोलेको भाषामा शब्द चयन र वाक्य गठन मिलायो कि मिलाएन लखेको र बोलेको भाषाको सुरुवात र अन्त्य कसरी गऱ्यो भनी मूल्याङ्कन गर्नु नै सम्प्रेषणात्मक प्रकार्यको मूल्याङ्कन हो । यस क्रियाकलापबाट विद्यार्थीमा भएका भाषिक सम्प्रेषण सामर्थ्यको विकास गर्न मद्दत

पुग्दछ । भाषा मिलाउन नजानेका ठाउँमा त्रुटि गरेका क्षेत्रमा सच्याएर सम्प्रेषण सामर्थ्यमा विद्यार्थी दक्ष बन्न पुग्दछ र उसले जुनसुकै ठाउँमा भाषालाई जसरी प्रयोग गर्न दिए पनि उपयुक्त भाषिक सिपको प्रयोग गरी आफ्ना व्यवहारिक पक्षहरुलाई प्रस्तुत गर्न सफल हुन्छ (आचार्य र गौतम २०६५) ।

## २.५ भाषिक मूल्याङ्कनका साधनहरु

भाषाको मूल्याङ्कन नै भाषिक मूल्याङ्कन हो । भाषिक मूल्याङ्कन गर्नका लागि आवश्यक साधनहरुको आवश्यकता पर्दछ । भाषिक मूल्याङ्कनका साधनहरु निम्नानुसार रहेका छन् ।

अ) **लिखित परीक्षा** : हाम्रा विद्यालयहरुमा निम्न माध्यमिक तहको भाषिक मूल्याङ्कन गर्दा विशेष गरी लिखित परीक्षाद्वारा गर्ने गरिन्छ । यस परीक्षालाई विषयगत परीक्षा, वस्तुगत परीक्षा, निवन्धात्मक परीक्षा, बहुवैकल्पिक प्रश्न, छोटो उत्तरात्मक प्रश्न, जोडा मिलाउने प्रश्न, ठिक बेठिक छुट्याउने प्रश्न, खाली ठाँउ भर्ने प्रश्न आदिका माध्यमले सञ्चालन गर्न सकिन्छ । लिखित परीक्षा मूल्याङ्कनका अन्य साधनहरु मध्ये बढी प्रयोग हुने साधन हो ।

**आ) मौखिक परीक्षा** : मौखिक परीक्षा भाषाको कथ्य पक्षसँग सम्बन्धित छ । कथ्य भाषाको मूल्याङ्कन गर्दा मौखिक परीक्षाको आवश्यकता पर्दछ । सुनाइ र बोलाइ जस्ता भाषिक सिपको मूल्याङ्कन गर्नका लागि मौखिक प्रश्नहरु सोधेर मूल्याङ्कन गरिन्छ । मौखिक परीक्षाबाट कथ्य रुपमा अभिव्यक्तिको क्षमता, पठनबोध, श्रुतिबोध आदिको मूल्याङ्कन गर्न सकिन्छ । अर्न्तवार्ताबाट मौखिक परीक्षा सञ्चालन गरेर पनि भाषिक मूल्याङ्कन गर्न सकिन्छ ।

**इ) अवलोकन :** विद्यार्थीहरुका व्यवहारमा आएका सकारात्मक र नकारात्मक परिवर्तनहरुलाई गौण गरी अध्ययन गर्नु नै अवलोकन हो । अवलोकनलाई जाँचसूची र श्रेणी मापनको माध्यमद्वारा मूल्याङ्कन गर्न सकिन्छ ।

**क) जाँचसूची :** जाँचसूचीमा विद्यार्थीको क्षमता, व्यवहार आदि गुणहरुको परीक्षण गर्ने गरिन्छ । परीक्षण गरीनु पर्ने कुराको मुख्य बुँदा दिई विद्यार्थीको भाषिक क्षमता तोक्न विभिन्न विकल्पहरु समावेश गरिएका हुन्छन् । ती विकल्पहरुमध्ये विद्यार्थीलाई जस्तो उपयुक्त हुन्छ, त्यसमा चिह्न लगाइन्छ । जस्तैः स्पष्ट/अस्पष्ट, शुद्ध/असुद्ध ।

**ख) श्रेणी मापन** : कुनै पनि विद्यार्थीको सिप, दक्षता, क्षमता, धारणा, सुझ आदिको श्रेणी कस्तो छ भनी परीक्षण गर्नु नै श्रेणी मापन हो । श्रेणी मापनका लागि विद्यार्थीका व्यवहारहरुको मूल्याङ्कन गर्नका लागि सम्पादन गर्नु पर्ने कार्यहरुको सूची बनाइन्छ । जस्तै : उच्चारण क्षमता उत्तम, मध्यम, निम्न आदि ।

## २.६. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुका उद्देश्यहरु

सिकाउँदा कुनै न कुनै प्रकारको उद्देश्य लिइएको हुन्छ । यसै निर्दिष्ट लक्ष्यलाई आधार मानी सिकारु अगाडि बढद्छ । सिकाइ प्रक्रिया अन्तर्गत उद्देश्यको कुरा गर्दा यो परिवार केन्द्रित, समाज केन्द्रित, विद्यालय केन्द्रित, शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित हुने गर्दछ । जसरी आमाबाबुले छोराछोरीहरुलाई सिकाउँदा कुनै न कुनै उद्देश्य राखेका हुन्छन् । यहाँ कक्षा शिक्षणको सन्दर्भमा कुरा गर्दा शिक्षकले पाठ पढाउँदा आफ्नो विद्यार्थीले कुरा सिकून र जानून, जानेका कुराहरु व्यवहारमा उतारून भन्ने उद्देश्य राखेका हुन्छन् । अतः सिकाइ प्रक्रिया उद्देश्य केन्द्रित हुन्छ । उद्देश्यविनाको सिकाइ प्रभावकारी हुँदैन । सिकाइ प्रक्रियालाई प्रभावकारी र उद्देशोन्मुख बनाउन निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता पर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुको उद्देश्यलाई बुँदागत रुपमा यसरी देखाउन सकिन्छ :

- शिक्षण सिकाइ क्रियाकलापप्रति विद्यार्थीहरुको रुचि जगाउने,
- मूल्याङ्कनका विभिन्न विधिहरुको प्रयोग गरी निरन्तर रुपमा विद्यार्थीहरुको मूल्याङकन गर्ने,
- विद्यार्थीहरुमा परीक्षाको त्रास कम गराउने,
- विद्यार्थीका सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने,
- विद्यार्थीलाई नियमित कक्षा र सहभागितामा उत्प्रेरित गर्ने,
- कमजोर विद्यार्थीको पहिचान गरी सुधारात्मक क्रियाकलाप अपनाउने,
- रचनात्मक र समालोचनात्मक चिन्तन सिपको विकास गर्ने,
- विद्यार्थी केन्द्रित शिक्षण विधि र मूल्याङ्कन विधि अपनाउन प्रोत्साहित गर्ने,
- कक्षा छाड्ने र दोहोऱ्याउने दर कम गर्ने,
- बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउन सहयोग गर्ने,
- तह पुरा गर्ने दर र सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्ने,
- पाठ्यक्रमले निर्धारण गरेका र ज्ञान, सिप र व्यवहारलाई विद्यार्थीमा दिगो रुपमा विकास गर्न सहयोग गर्ने (पा.वि.के.,२०६२) ।

## २.७ निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोगिता

सिकाइ प्रक्रिया सँगसँगै चलि रहने विद्यार्थीको समग्र पक्षको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । प्रभावकारी शिक्षणका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनु निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य हो । प्रभावकारी सिकाइ र व्यवहार परिवर्तनमा विद्यार्थीलाई सहयोग गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता पर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई सँगै लैजान सकिन्छ । यस्तो प्रक्रियालाई सँगसँगै अगाडि लैजाने विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रिया उपयोगी सावित भएको छ । विद्यार्थी केन्द्रित शिक्षण विधिहरु जस्तैः- प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीकरण, संवाद, प्रदर्शन, अवलोकन, भ्रमण आदि क्रियाकलापबाट विद्यार्थीले सिक्नुपर्ने कुराहरु

नियमित रुपमा सिक्दै जान्छन् । निरन्तर मूल्याङ्कनका लागि शिक्षकले पनि विद्यार्थीहरुले देखाएको कक्षा सहभागिता र दक्षताको अवलोकन गर्दै जान्छन् ।

यसबाट विद्यार्थीहरुका सिकाइ क्रियाकलापको पहिचान हुन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि आवश्यकता अनुसार अवलोकन, प्रश्नोत्तर, छलफल, लिखित परीक्षा, कार्यसञ्चयिका अध्ययन, आत्ममूल्याङ्कन, सहपाठीबाट हुने मूल्याङ्कन, अभिभावक सम्पर्क र प्रतिक्रिया आदि जस्ता साधनहरुको प्रयोग गर्न सकिन्छ । यसरी समग्र सिकाइ स्तर कम भएका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्न, विद्यार्थीहरुमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रुपमा स्थापित गर्न, विद्यार्थीको निरन्तर रुपमा सही मूल्याङ्कन गर्न, सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्न, मूल्याङ्कन र बालमैत्री सिकाइको वातावरण बनाउन, विद्यार्थीको मूल्याङ्कनको लागि आवश्यक हुने अतिरिक्त स्रोत र समयको सदुपयोग गर्न, शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन, विद्यार्थीहरुबिचको वैयक्तिक भिन्नता पहिल्याउन, कक्षा दोहोर्‍याउने र कक्षा छोड्ने विद्यार्थी सङ्ख्यामा कमी ल्याउन, विद्यार्थीलाई नियमित कक्षा उपस्थितिमा प्रेरणा प्रदान गर्न उनीहरुको सिकाइ उपलब्धिको वैधता र विश्वसनीयतामा सुधार गर्न समेत निरन्तर मूल्याङ्कन परिपाटीको उपयोगिता झल्किन्छ (न्यौपाने, २०६३) ।

## २.८. निरन्तर विद्यार्थी मूल्याङ्नमा अभिलेख राख्ने तरिका

मूल्याङ्कन भन्ने बित्तिकै हामी निर्णयात्मक विद्यार्थी मूल्याङ्कनको माध्यमबाट विद्यार्थीहरुको प्रगति विवरण वा अभिलेख राख्ने कामलाई सम्झन्छौं । यस प्रक्रियामा विद्यार्थीहरुले पाएको अङ्कलाई विषयगत रुपमा अभिलेखमा राखिन्छ । यसै अभिलेखलाई आधार मानी विद्यार्थीहरुको सिकाइ उपलब्धिको मापन गर्ने गरिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्नमा विद्यार्थी मूल्याङ्कन विभिन्न पक्षबाट क्रमिक रुपमा गरिने भएकाले प्रगति विवरणको सर्वमान्य ढाँचाको विषयमा अन्योल हुन सक्ने भएकोले विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्दा कार्यसञ्चयिका फाइलमा विद्यार्थी प्रगति अभिलेख

राखिन्छ । आवश्यकता र क्षमता अनुसार विद्यार्थीको कार्यसञ्चयिका भित्र राखिने विषयगत सिकाइ अवस्था प्रस्तुत गर्ने फारमहरु पनि फरक-फरक हुन सक्छन, (पा.वि.के.,२०६२) ।

प्राथमिक शिक्षा पाठ्क्रमले पाठगत आधारमा विषयगत प्रगति अभिलेख राख्न (✓) चिह्न लगाउनु पर्छ भन्ने कुरा उल्लेख गरेको छ । पाठगत आधारमा प्रगति अभिलेख राख्ने प्रक्रियामा विद्यार्थीलाई पाठमा रहेका क्रियाकलाप र अभ्यासलाई गर्न लगाएर विद्यार्थीहरुले पाठका अभ्यास तथा क्रियाकलाप राम्ररी गर्न सकेनन् भने अर्को पटक फेरि गर्न लगाई आवश्यकता अनुसार यस बाहेकका अरु क्रियाकलापहरु गर्न लगाएर उनीहरुको सिकाइको स्तर हेरी अति राम्रो सिकेकालाई 'उत्तम' भनी तिनओटा रेजा (✓✓✓), राम्रो सिकेकालाई 'उत्तम' भनेर दुइ ओटा रेजा (✓✓ ) र सामान्य रुपमा सिकेकालाई 'सामान्य' भनेर एउटा रेजा ( ✓ ) दिनु पर्ने हुन्छ । निरन्तर मूल्याङ्कनमा विषयगत प्रगतिको अभिलेख राख्ने ढाँचा वा तरिका यसरी दिइएको छ :

**निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फारम**

शैक्षिक सत्र ............

कक्षाः- ............. विषय :-...........................

| क्र.सं. | विद्यार्थीको नाम | पाठ | पाठ | पाठ | पाठ | पाठ | पाठ |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

स्रोत पा.वि.के.,२०६२

कक्षा शिक्षक ................. रुजु गर्ने .................. प्र.अ.को दस्तखत .........

माथिको सिकाइ अभिलेख फारममा भएका सूचनाका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिका विषयमा उनीहरुका अभिभावकलाई समय-समयमा जानकारी गराउनु पर्दछ । प्रत्येक त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेका रेजा सङ्ख्याका आधारमा उनीहरुको श्रेणी छुट्टयाई विद्यार्थी प्रगति विवरणमा राख्ने गर्नु पर्दछ । प्रत्येक पाठमा मूल्याङ्कनका मापदण्डका आधारमा रेजा लगाउनु पर्दछ ।

प्रत्येक पाठका आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिक परीक्षाको रेजाका आधारमा विद्यार्थीहरुलाई निम्न लिखित आधारले क, ख, ग श्रेणीमा छुट्याउनु पर्दछ :

- ७० % देखि १०० % सम्म 'क' श्रेणी
- ४० % देखि ६९ % सम्म 'ख' श्रेणी
- ४० % भन्दा तल 'ग' श्रेणी

पाठगत रेजाहरुको प्रतिशत निकाल्ने तरिका :

सूत्र-

$$\text{रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीहरुले पाएका जम्मा रेजा X १००}}{\text{जम्मा पढाइ भएका पाठसङ्ख्या X ३}}$$

(स्रोत : पा.वि.के.,२०६२)

यसरी निष्कर्षका रुपमा के भन्न सकिन्छ भने मूल्याङ्कन गर्ने प्रक्रिया इ.पू.२०० देखि चिनबाट सुरु भएर अहिले विश्वभरि फैलिएको छ । शिक्षा सम्बन्धी फेला परेका विभिन्न दस्तावेजहरु जस्तैः राष्ट्रिय शिक्षा आयोग(२०११), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन(२०४९),विद्यालय सुधार कार्यक्रम (२००९), ले निरन्तर मूल्याङ्कन प्रक्रियालाई अगाडि सारेका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै निरन्तर चलि रहने प्रक्रिया हो । निरन्तर मूल्याङ्कन प्रक्रियाले नेपाली भाषा सिकाइमा पनि त्यतिकै महत्त्वपूर्ण भूमिका खेलेको छ ।

विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्न, पाठ्यक्रमले तोकेका ज्ञान, सिप र धारणालाई दिगो रुपमा स्थापित गर्न, विद्यार्थीको निरन्तर रुपमा सही मूल्याङ्कन गर्न, विद्यार्थी बिचको वैयक्तिक भिन्नता पहिल्याउन, कक्षा दोहोरयाउने र कक्षा छोड्ने

विद्यार्थी सङ्ख्यामा कमी ल्याउन निरन्तर मूल्याङ्कन प्रणालीलाई उपयोग गरिन्छ । विद्यार्थीलाई नियमित रुपमा विद्यालय आउने वातावरणको सिर्जना गर्न, विद्यार्थीमा परीक्षाको सन्त्रास हटाउन, शिक्षाको गुणात्मक विकास गर्न, मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाई शिक्षामा प्रभावकारिता ल्याउन पनि यसले सहयोग गर्दछ । त्यसैगरी उदार कक्षोन्नती नीति लागु गर्न, अधिकतम विद्यार्थीहरुलाई तह पुरा गराई शैक्षिक क्षति कम गरी कक्षा दोहोऱ्याउने सङ्ख्या कम गर्न, बिचैमा विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या कम गर्ने जस्ता विद्यार्थी प्रगतिका असल पक्षहरुलाई समेट्ने हुनाले विद्यालयहरुमा यो निरन्तर मूल्याङ्कन प्रणाली उपयोगी साबित भएको छ । अहिले कक्षा १-३ सम्म पत्येक विद्यालयमा लागु भइ सकेको छ । यसभन्दा अगाडिका पृष्ठहरुमा उल्लेख गरिएका निरन्तर मूल्याङ्कन सम्बन्धी विभिन्न वैज्ञानिकहरुले दिएका परिभाषा, शैक्षिक दस्तावेजहरु र सिद्धान्तहरुको विश्लेषण गरी हेर्दा पूर्ण र प्रभावकारी सिकाइका विभिन्न किसिमका तत्त्वहरुमध्ये निरन्तर मूल्याङ्कन पनि हो ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्थादेखि कक्षा कोठामा निरन्तर मूल्याङ्कनको जरुरत पर्दछ । कक्षाकोठाको शिक्षण सुरु गरेदेखि लिएर अन्तिम परीक्षा सम्म मूल्याङ्कनलाई नियमित गर्नु पर्दछ । यो प्रक्रिया नियमित रुपमा सञ्चालन गर्नका लागि लक्ष्यमा आधारित मूल्याङ्कन, माध्यममा आधारित मूल्याङ्कन, प्रश्नको प्रकृतिमा आधारित मूल्याङ्कन, पक्षमा आधारित मूल्याङ्कन, सिपमा आधारित मूल्याङ्कन, प्रक्रियामा आधारित मूल्याङ्कन, सामयिक र निरन्तर मूल्याङ्कन जस्ता भाषिक मूल्याङ्कनका प्रकारहरु प्रयोग गरिन्छ । भाषिक मूल्याङ्कन गर्न लिखित परीक्षा, मौखिक परीक्षा, अवलोकन, जाँचसूची, श्रेणी मापन जस्ता साधनहरुको पनि प्रयोग गरिन्छ ।

# अध्याय : तिन

## भाषा सिकाइको आवधिक प्रगतिको अध्ययन

### ३.१ आवधिक परीक्षाको सामान्य परिचय

परीक्षा भन्नाले कुनै पनि निश्चित अवधिभित्र विद्यार्थीहरुमा के कति उपलब्धि हासिल भयो भनेर लेखाजोखा गर्नुलाई बुझिन्छ । एकाइ परीक्षा, त्रैमासिक परीक्षा, शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षा, आवधिक परीक्षा अन्तर्गत पर्दछन् । परीक्षा भनेको विद्यार्थीहरुको उपलब्धि र उद्देश्य मापन गर्ने एउटा साधन हो । परीक्षाहरुबाट विद्यार्थीले सिकाइ क्रियाकलापका क्रममा प्राप्त उपलब्धिको प्रदर्शन गर्दछन् । हाम्रो देशका सन्दर्भमा मूल्याङ्कनका साधनहरुमध्ये लिखित परीक्षा मात्र सर्वव्यापक प्रयोग भइ रहेको देखिन्छ । परीक्षा भनेको कुनै निश्चित अवधिभित्र शिक्षण सिकाइ क्रियाकलापमा भएको उपलब्धिको मापन हो । परीक्षालाई उपलब्धि परीक्षा, योग्यता परीक्षा, व्यक्तित्व परीक्षा, रुची तथा प्रवृत्ति परीक्षा गरी विभाजन गर्न सकिन्छ । निश्चित समयको सीमामा रही विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने परीक्षालाई आवधिक परीक्षा भनिन्छ ।

नेपालका विद्यालयहरुमा कक्षा सञ्चालन भए पछिको समयमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी प्रायः तिन पटक आवधिक परीक्षा सञ्चालन हुने गर्दछ । कक्षा सञ्चालन भइ सकेपछि तिन महिनामा र त्यसभन्दा पछि पनि ३/३ महिनामा लिइने परीक्षालाई त्रैमासिक परीक्षा भनिन्छ । विद्यार्थीहरुले प्रत्येक ३ महिनामा के-कति सिके र सिकाइलाई प्रभावकारी बनाउन के-कस्ता उपायहरु अपनाउनु पर्दछ र विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि के-कसरी भइरहेको छ भनी थाहा पाउन त्रैमासिक परीक्षा सञ्चालन गरिन्छ ।

कक्षा सञ्चालन गरेको ६ महिना पछि लिइने परीक्षालाई दोस्रो त्रैमासिक वा अर्ध वार्षिक परीक्षा भनिन्छ । शैक्षिक सत्रको ६ महिना बिति सकेपछि विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्नका लागि अर्ध वार्षिक परीक्षा लिइन्छ । अर्ध वार्षिक परीक्षाले सिकाइलाई प्रभावकारी बनाउन, सुधारात्मक उपायहरु अपनाउन, विद्यार्थीहरुलाई आवश्यक पृष्ठपोषण प्रदान गर्न, कमजोर पक्षलाई औँल्याई सिकाइमा प्रेरित गर्न, विद्यार्थीका अभिभावकलाई उसको सिकाइ प्रगतिको जानकारी गराई सजग गराउन अर्ध वार्षिक परीक्षा सञ्चालन गरिन्छ ।

अर्ध वार्षिक परीक्षा सञ्चालन गरेको ३ महिनापछि वार्षिक परीक्षा सञ्चालन गरिन्छ यो परीक्षा विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नुभन्दा पनि निर्णय दिने खालको अथवा तह निर्धारण गर्ने खालको हुन्छ । यस परीक्षा मार्फत विद्यार्थीको औपचारिक रुपमा तह निर्धारण गर्ने गरिन्छ । यस परीक्षाले निश्चित सिकाइपछि शैक्षिक योजनाको उद्देश्य बमोजिम विद्यार्थीले निश्चित व्यवहारमा परिवर्तन गर्न सक्यो सकेन भनी मूल्याङ्कन गर्दछ । यस परीक्षाको मुख्य उद्देश्य विद्यार्थीको उपलब्धिको तह वा श्रेणी निर्धारण गरी प्रमाणपत्र प्रदान गर्नु हो ।

यी आवधिक परीक्षाहरुको मूल्याङ्कन प्रक्रियालाई हेर्दा पाठ्यक्रमले तोके अनुसार प्रथम त्रैमासिक अवधिभरमा पठन पाठन भएका विषयवस्तुबाट कुल पूर्णाङ्कको १० प्रतिशत अङ्कभारको परीक्षा सञ्चालन गरिन्छ । प्रथम र द्वितीय त्रैमासिक अवधिभरमा पठन पाठन भएका विषयवस्तुबाट कुल पूर्णाङ्कको ३० प्रतिशत अङ्कभारको परीक्षा सञ्चालन गरिन्छ र शैक्षिक सत्रको अन्त्य सम्ममा पठन पाठनको लागि निर्धारित सम्पूर्ण विषयवस्तुबाट ६० प्रतिशत अङ्कभारको परीक्षा सञ्चालन गरी तिनवटै परीक्षाको कुल प्राप्ताङ्क जोडेर विद्यार्थीको स्तर निर्धारण गरिन्छ ।

विद्यालय तहको पठन पाठनमा नेपाली भाषा शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । यसको शिक्षण विद्यालय तहमा प्रारम्भिक तहदेखि नै अनिवार्य रुपमा अध्यापन

हुँदै आएको छ । यस अनिवार्य विषय नेपालीको मूल्याङ्कन प्रक्रिया पनि माथि उल्लेख भए बमोजिम विभिन्न आवधिक परीक्षा मार्फत् हुने गर्दछ । तसर्थ प्रस्तुत विषयमा शोध तयार पार्दा पनि विद्यालयमा सञ्चालन गरीने तिनओटा आवधिक परीक्षामध्ये पहिलो र दोस्रो आवधिक परीक्षालाई आधार मानी पूर्व परीक्षा सञ्चालन गरी प्राप्त प्राप्ताङ्कको अध्ययन र विश्लेषण गरिएको छ ।

## ३.२ पूर्व परीक्षाको नतिजाको विश्लेषण

पूर्व शब्दको अर्थ पहिले भन्ने हुन्छ भने परीक्षाको अर्थ विद्यार्थीहरुको सिकाइ उपलब्धि जाँच्ने साधन भन्ने हुन्छ । यसरी पूर्व परीक्षा भनेको पहिले लिइने परीक्षा हो । कुनै पनि व्यक्तिले आफ्नो कार्य सुरु गर्नुभन्दा अगाडि सम्बन्धित विषयमा विशेष जानकारी लिनको निमित्त गरिने मूल्याङ्कनलाई पूर्व परीक्षा भनिन्छ । विषयमा अनुसन्धान गर्दा त्यस अनुसन्धानमा के -कति उपलब्धि प्राप्त भएको छ ? त्यसमा कमजोर पक्षहरु के-के देखिए ? ती कमजोर देखिएका पक्षहरुलाई कसरी सच्याउन सकिन्छ भनी निक्यौंल गर्न परीक्षाले सहयोग गर्दछ । पूर्व परीक्षा नलिइकन सम्बन्धित विषयमा अनुसन्धान गर्न थाल्दा अनुसन्धान अनविज्ञ हुन्छ । तसर्थ पूर्व परीक्षा लिनु पर्ने आवश्यकता पर्दछ । सम्बन्धित विषयमा पूर्व परीक्षा नलिइकन प्रथम आवधिक र दोस्रो आवधिक परीक्षाबाट मात्र विद्यार्थीमा के कसरी सिकाइ प्रगति भयो ? सिकाइमा कमजोर पक्षहरु के-के देखिए पहिले र पछि सिकाइमा कस्तो उपलब्धि प्राप्त भयो भनि जानकारी राख्नका लागि पनि पूर्व परीक्षा लिनु पर्ने देखिन्छ ।

मिति २०६८ भदौ ५ गते लिइएको पूर्व परीक्षाको भाषा शिक्षण सिकाइको उपलब्धि विवरण तलको तालिकामा तालिकीकरण गरी अगाडि अध्याय दुईमा दिइएको निरन्तर मूल्याङ्कनको मापदण्ड अनुसार प्रतिशतमा राखी श्रेणीगत गरिएको छ :

तालिका १: पूर्व परीक्षाको नतिजा विवरण

| क्र.सं. | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत(%) | श्रेणी |
|---|---|---|---|---|---|
| १ | ३० | ९.६ | २२ | ७२ | क |
| २ | ३० | ९.६ | १९ | ६३ | क |
| ३ | ३० | ९.६ | १९ | ६३ | क |
| ४ | ३० | ९.६ | २२ | ७२ | क |
| ५ | ३० | ९.६ | २२ | ७२ | क |
| ६ | ३० | ९.६ | १६ | ५३ | ख |
| ७ | ३० | ९.६ | १३ | ४३ | ख |
| ८ | ३० | ९.६ | १३ | ४३ | ख |
| ९ | ३० | ९.६ | १३ | ४३ | ख |
| १० | ३० | ९.६ | १६ | ५३ | ख |
| ११ | ३० | ९.६ | १९ | ६३ | क |
| १२ | ३० | ९.६ | १७ | ५३ | ख |
| १३ | ३० | ९.६ | १३ | ४३ | ख |
| १४ | ३० | ९.६ | १३ | ४३ | ख |
| १५ | ३० | ९.६ | १३ | ४३ | ख |
| १६ | ३० | ९.६ | १३ | ४३ | ख |
| १७ | ३० | ९.६ | १० | ३३ | ग |
| १८ | ३० | ९.६ | १३ | ४३ | ख |
| १९ | ३० | ९.६ | १३ | ४३ | ख |
| २० | ३० | ९.६ | १६ | ५३ | ख |
| २१ | ३० | ९.६ | १३ | ४३ | ख |
| २२ | ३० | ९.६ | १५ | ४९ | ख |
| २३ | ३० | ९.६ | १३ | ४३ | ख |
| २४ | ३० | ९.६ | १३ | ३२ | ग |
| २५ | ३० | ९.६ | १३ | ४३ | ख |
| २६ | ३० | ९.६ | १३ | ४३ | ख |
| २७ | ३० | ९.६ | १५ | ४९ | ख |
| २८ | ३० | ९.६ | १७ | ७२ | क |
| २९ | ३० | ९.६ | १४ | ४६ | ख |
| ३० | ३० | ९.६ | १९ | ७२ | क |
| जम्मा | | | | | |

माथीको तालिकामा प्रस्तुत गरिएको पूर्व परीक्षाको प्राप्ताङ्कलाई व्यक्तिगत श्रेणीको मध्यमान निकाली विश्लेषण गरिएको छ ।

प्राप्ताङ्कः,२२, १९, १९, २२, २२, १६, १३, १३, १३, १६, १९, १७, १३, १३, १३, १३, १०, १३, १३, १६, १३, १५, १३, ९, १३, १५, १०, १७, १४, १९

सुत्रानुसार,

मध्यमान, $x = \frac{\sum x}{N}$

$= \frac{४६०}{३०}$

$\overline{x} =$ १५.३३

यसको मध्यमान १५.३३ रहेको छ ।

माथिको तालिका १ मा देखाए अनुसार यस शोध अध्ययनका लागि श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमा लिइएको पूर्व परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको नतिजालाई अङ्कमा प्रस्तुत गरी श्रेणीगत गरिएको छ । उक्त तालिकामा “क” श्रेणी प्राप्त गर्ने ८ जना “ख” श्रेणी प्राप्त गर्ने २० जना र “ग” श्रेणी प्राप्त गर्ने २ जना विद्यार्थीहरु रहेका छन् । प्राप्ताङ्कलाई प्रतिशतमा राखी अध्ययन गर्दा ७० प्रतिशतदेखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ८ जना, ६० प्रतिशतदेखि ६९ प्रशितशत अङ्क प्राप्त गर्ने विद्यार्थी ० (शून्य) छन् । ५० प्रतिशतदेखि ५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना, ४० प्रतिशतदेखि ४९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरु १५ जना र ४९ प्रशितशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ३ जना रहेका छन् । यस परीक्षाको औसत प्राप्ताङ्क १५.३३ प्रतिशत रहेको छ । सबभन्दा बढी शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ७२ प्रतिशत र सबभन्दा कम शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ३२ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

मध्यमानका दृष्टिले शोध विद्यालयका ३० जना विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको विश्लेषण गर्दा मध्यमान १४.५ रहेको छ । ती मध्ये १६ जनाले मध्यमान भन्दा कम अङ्क र १४ जनाले बढी अङ्क प्राप्त गरेका छन । मध्यमानका दृष्टिले

कक्षाका १६ जना अत्यन्त कमजोर र १४ जनाको स्थिति राम्रो रहेको पाइयो । उपर्युक्त तथ्याङ्क अनुसार निकालिएको मध्यमान १५.३३ रहेको पाइएकोले कक्षाको स्थिति सन्तुलित छैन् । अत : मध्यमान भन्दा तल रहेका विद्यार्थीहरुलाई निदानात्मक शिक्षण गरी उनीहरुको स्तर बढाउन आवश्यक देखिन्छ ।

### ३.३ प्रथम आवधिक परीक्षाको नतिजाको विश्लेषण

कुनै पनि विद्यालयको परीक्षालाई स्तरीय ढङ्गबाट सञ्चालन गर्नुलाई स्तरयुक्त परीक्षा भनिन्छ । जुन परीक्षाको सञ्चालन प्रक्रिया र परीक्षण विधि पूर्व घोषित हुन्छ । त्यस परीक्षालाई स्तरयुक्त परीक्षा भनिन्छ । यस्तो परीक्षाको सञ्चालन प्रक्रिया र परीक्षण विधि सबै ठाउँमा एउटै किसिमले गरिन्छ र यस कुराको जानकारी पहिले नै गराइएको हुन्छ । यस प्रकारको परीक्षालाई स्तरयुक्त परीक्षा भनिन्छ । विद्यालयमा सञ्चालन गरिने प्रथम आवधिक परीक्षा पनि एउटा स्रोतकेन्द्र भरिमा एकै प्रकारले सञ्चालन गरिने वा स्रोतकेन्द्र स्तरीय हुने वा पूर्व घोषित हुने हुनाले यसलाई पनि स्तरयुक्त परीक्षाको रुपमा लिन सकिन्छ ।

स्तरयुक्त परीक्षा सावधानीपूर्वक निर्माण र सञ्चालन गरिन्छ । यस परीक्षामा प्रश्नपत्र निर्माण, पूर्व परीक्षण र कठिनाइ स्तर निर्धारण परीक्षा सञ्चालन जस्ता पक्षहरुमा सावधानी अपनाइन्छ । स्तरयुक्त परीक्षामा वैधता, विश्वसनीयता र वस्तुनिष्ठता हुन्छ । स्तरयुक्त परीक्षाका प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र परीक्षणमा एकरुपता हुन्छ । यसको निर्माण गर्दा उद्देश्य, विषयवस्तु, अङ्कभार, निर्देशन र प्रश्नहरुको किसिम कस्तो-कस्तो राख्ने भनी निर्धारण गरिएको हुन्छ । यस परीक्षामा मानक निर्धारण गर्दा विशेष समूहका विद्यार्थीहरुमा परीक्षा लिई निश्चित आधार प्रदान गरिन्छ । मानक जिल्ला, राष्ट्र, क्षेत्र वा कुनै स्तरको हुन सक्छ । स्तरयुक्त परीक्षाले शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन, पाठ्यक्रम, पाठ्यपुस्तक, निर्माण गर्न, शिक्षण विधिहरुको निर्माण र प्रयोग गर्न, शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोग गर्नमा सहयोग गर्दछ । यस स्तरयुक्त परीक्षालाई

विद्यार्थीको क्षमताको लेखाजोखा गर्न वा उपलब्धिको लेखाजोखा गर्न, विद्यार्थीहरुमा निदानात्मक कार्य सञ्चालन गर्न, विद्यालयको शैक्षिक कार्यक्रमको लेखाजोखा गर्न आदि कार्यमा प्रयोग गर्न सकिन्छ ।

यहाँ लिइएको प्रथम आवधिक परीक्षा पनि स्रोतकेन्द्र स्तरीय परीक्षा हो । यस परीक्षाको सञ्चालन गर्दा पनि स्रोतकेन्द्र भरिमा एउटै खालको प्रश्नपत्र निर्माण गरी एउटै समयमा परीक्षा सञ्चालन हुने र परीक्षा कार्यक्रम पनि पूर्व घोषित हुन्छ । यस परीक्षालाई हाम्रा विद्यालयहरुमा निम्न माध्यमिक तहमा लिखित परीक्षाको रुपमा लिने गरिन्छ । कक्षा सञ्चालन भएको ३ महिना पछि यो परीक्षा सञ्चालन गरिन्छ । यो परीक्षाले निर्माणात्मक मूल्याङ्कनको काम गर्छ ।

कक्षा शिक्षण अन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतीका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीहरुका क्रियाकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरु पर्दछन् । नेपाली भाषा सिकाइको मूल्याङ्कनका क्रममा, उद्देश्यमा उल्लेखित सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको मापन  गरिन्छ । भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सिपहरुको मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन अन्तर्गत नै गरिन्छ । कक्षा शिक्षणकै क्रममा शिक्षकले आन्तरिक मूल्याङ्कन गर्नु पर्दछ ।

सम्बन्धित विद्यालयका कक्षा सातका विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन गर्ने क्रममा कक्षा सातको नेपाली विषयको स्रोतकेन्द्र स्तरीय प्रथम आवधिक परीक्षा मिति २०६८।६।१२ मा श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयले सञ्चालन गरेको थियो । उक्त परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको अङ्कलाई यहाँ तालिकामा तालिकीकरण गरिएको छ

तालिका २ :  प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क विवरण

| क्र.सं. | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | ३० | २४ | ७९ | क |
| २ | ३० | २१ | ६९ | ख |
| ३ | ३० | २१ | ६९ | ख |
| ४ | ३० | २४ | ७९ | क |
| ५ | ३० | २३ | ७६ | क |
| ६ | ३० | १५ | ४९ | क |
| ७ | ३० | १५ | ४९ | ख |
| ८ | ३० | १५ | ४९ | ख |
| ९ | ३० | १५ | ४९ | ख |
| १० | ३० | १८ | ५९ | ख |
| ११ | ३० | २१ | ६९ | ख |
| १२ | ३० | १८ | ५९ | ख |
| १३ | ३० | १५ | ४९ | ख |
| १४ | ३० | १५ | ४९ | ख |
| १५ | ३० | १५ | ४९ | ख |
| १६ | ३० | १५ | ४९ | ख |
| १७ | ३० | १२ | ४६ | ख |
| १८ | ३० | १५ | ४९ | ख |
| १९ | ३० | १५ | ४९ | ख |
| २० | ३० | १८ | ५९ | ख |
| २१ | ३० | १७ | ५६ | ख |
| २२ | ३० | १२ | ४६ | ख |
| २३ | ३० | १५ | ४९ | ख |
| २४ | ३० | १२ | ४६ | ख |
| २५ | ३० | १५ | ४९ | ख |
| २६ | ३० | १४ | ४६ | ख |
| २७ | ३० | १२ | ४६ | ख |
| २८ | ३० | २१ | ६९ | ख |
| २९ | ३० | १२ | ४६ | ख |
| ३० | ३० | २१ | ६९ | ख |
| जम्मा | | ५०२ | | |

माथि देखाइएको तालिकामा विद्यार्थीहरुको भाषा सिकाइको प्रगतिको अध्ययनको लागि विद्यालयले सञ्चालन गरेको प्रथम आवधिक परीक्षाको नतिजालाई व्यक्तिगत श्रेणीको मध्यमान निकाली विश्लेषण गरिएको छ ।

प्राप्ताङ्क, २४, २१, २४, २४, २४, १५, १५, १५, १५, १८, २१, १८, १२, १५, १५, १५, १२, १५, १५, १८, १७, १२, १५, १२, १५, १४, १२, २१, १२, २१

सुत्रानुसार,

$$\text{मध्यमान} \quad \overline{x} = \frac{\sum x}{N}$$

$$= \frac{५०२}{३०}$$

$$\overline{x} = १६.७३$$

यसको मध्यमान १६ .७३ रहेको रहेको छ ।

यस परीक्षामा निरन्तर मूल्याङ्कनको मापदण्ड अनुसार मूल्याङ्कन गर्दा माथिको तालिका २ अनुसार उक्त परीक्षामा ७० प्रतिशतदेखि ८० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ३ जना, ६० प्रतिशतदेखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्ध्यार्थीहरु ५ जना, ५० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ४ जना, ४० देखि ४९ प्रतिशत अङ्क प्राप्त गर्ने १८ जना  र ३९ प्रतिशतदेखि कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु एक जना पनि देखिँदैनन् । यस परीक्षाको औसत प्राप्ताङ्क ५०२ र औसत प्राप्ताङ्क प्रतिशत १६.७३ हुन आउँछ । सबभन्दा उच्च शैक्षिक क्षमता भएका विद्यार्थीको प्राप्ताङ्क ७९ प्रतिशत र सबभन्दा न्यून शैक्षिक क्षमता भएका विद्यार्थीको प्राप्ताङ्क ४६ प्रतिशत रहेको पाइयो ।

प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क तालिका अनुसार विद्यालयका ३० जना विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययनको क्रममा उनीहरुको प्रथम आवधिक परीक्षाको प्राप्ताङ्कको विश्लेषण गर्दा मध्यमान १६.७३ रहेको

पाइयो । ३० जना विद्यार्थी मध्ये १७ जनाको प्राप्ताङ्क मध्यमानका दृष्टिले कम र १३ जनाको प्राप्ताङ्क मध्यमान भन्दा बढी रहेको पाइयो । यसबाट कक्षाको स्थिति सन्तुलित र उपयुक्त छैन भन्ने देखियो ।

माथिको प्रथम आवधिक परीक्षाको तथ्याङ्क अनुसार मध्यमान१६.७३ रहेको पाइएकोले कक्षाको स्थिति सन्तुलित छैन ।अतः मध्यमान भन्दा तल रहेका विद्यार्थीहरुलाई तदनुकुल व्यवस्थापन तथा शिक्षण आवश्यक देखिन्छ ।

### ३.४. पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबिच तुलना

तुलना गर्नु भनेको कुनै पनि कुरालाई वा वस्तुलाई तिनीहरुका गुण वा दोष इत्यादिका आधारमा एक-अर्कासँग दाँज्नु हो । यहाँ तुलना शब्द नेपाली भाषा सिकाइ प्रगति विवरणसँग सम्बन्धित भएको हुनाले दुईओटा परीक्षा अर्थात् पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबाट विद्यार्थीहरुले शिक्षण सिकाइ क्रियाकलापमा के-कति भाषा सिकाइमा उपलब्धि हासिल गरे भन्ने कुराको तुलना गरिएको छ । तुलना गर्दा विद्यार्थीमा भएका भाषिक सिपहरु पहिले कस्ता थिए, सिकाइका सन्दर्भमा उनीहरुले कस्ता प्रकारका त्रुटिहरु गर्छन र ती त्रुटि अर्थात कमी कमजोरीहरुलाई कसरी हटाउन सकिन्छ । प्रत्येक विद्यार्थीहरुलाई प्रतिस्पर्धामा यसभन्दा अगाडि भाषा कसरी सिकाउन सकिन्छ भन्ने कुराको जानकारी प्रदान गर्दछ । सिकाइ भन्ने कुरा अभ्यासले मात्र प्रभावकारी हुने भएकाले भाषा सिकाइमा कस्ता अभ्यासहरु गर्न सकिन्छ भन्ने कुराको पनि निर्क्यौल गर्दछ । तसर्थ यहाँ शोधकर्ताले सञ्चालन गरेको पूर्व परीक्षा र विद्यालयमा सञ्चालन गरेको प्रथम आवधिक परीक्षालाई तुलनाका लागि तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : पूर्व परीक्षा र प्रथम आवधिक परीक्षाबिच तुलना

| क.सं. | पूर्व परीक्षाको प्राप्ताङ्क | प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क | फरक भएको अङ्क |
|---|---|---|---|
| १ | २२ | २४ | २ |
| २ | १९ | २१ | २ |
| ३ | १९ | २४ | ५ |
| ४ | २२ | २४ | २ |
| ५ | २२ | २३ | १ |
| ६ | १६ | १५ | १ |
| ७ | १३ | १४ | १ |
| ८ | १३ | १४ | १ |
| ९ | १३ | १५ | २ |
| १० | १६ | १८ | २ |
| ११ | १९ | २० | १ |
| १२ | १७ | १७ | २ |
| १३ | १३ | १५ | २ |
| १४ | १३ | १५ | २ |
| १५ | १३ | १५ | २ |
| १६ | १३ | १४ | १ |
| १७ | १० | १२ | २ |
| १८ | १३ | १५ | २ |
| १९ | १३ | १८ | ५ |
| २० | १६ | १७ | १ |
| २१ | १३ | १४ | १ |
| २२ | १५ | १२ | ३ |
| २३ | १३ | १४ | १ |
| २४ | १३ | १२ | १ |
| २५ | १३ | १४ | १ |
| २६ | १३ | १४ | १ |
| २७ | १५ | १२ | ३ |
| २८ | १७ | २१ | ४ |
| २९ | १४ | १२ | १ |
| ३० | १९ | २१ | २ |
| जम्मा | ४६० | ५०२ | ७० |

उपर्युक्त तालिका ३ को प्राप्ताङ्कलाई विश्लेषण गर्दा पूर्व परीक्षाको औसत प्राप्ताङ्क १५.३३ र प्रथम आवधिक परीक्षाको औसत प्राप्ताङ्क १६.७३ हुन आउँछ । यहाँ सबभन्दा बढी प्राप्ताङ्क ७२ प्रतिशत र सबभन्दा कम ३२ प्रतिशत देखिन्छ । पूर्व परीक्षा र प्रथम आवधिक परीक्षामा फरक भएको औसत अङ्क ७० रहेको छ । माथिको तालिकामा प्रस्तुत

गरिएको विद्यार्थीहरुको नेपाली भाषा सिकाइको पूर्व परीक्षा र आवधिक परीक्षाको प्रगति विवरणको तुलनात्मक अध्ययन गर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर पूर्व परीक्षाभन्दा प्रथम आवधिक परीक्षामा वृद्धि भएको पाइयो । प्रथम आवधिक परीक्षा सुरु हुनुभन्दा एक महिना अगाडि पूर्व परीक्षा सञ्चालन गरिएको छ । त्यस एक महिनाको फरक पछि प्राप्ताङ्कको तुलना गर्दा समग्र नतिजामा वृद्धि भएको देखियो । सम्बन्धित विद्यालयका दलित, जनजाति र अन्य विद्यार्थीको प्रतिनिधित्व हुने गरी उच्च, मध्यम र निम्न शैक्षिक क्षमता भएका विद्यार्थीहरुले आ-आफ्नो भाषा सिकाइ क्षमता अनुसार नेपाली भाषा सिकाइमा प्रगति गरेको पाइयो ।

## ३.५ दोस्रो आवधिक परीक्षाको नतिजाको विश्लेषण

दोस्रो आवधिक परीक्षा विद्यालयमा पठ्न पाठन भएको ६ महिना पश्चात सञ्चालन गरिन्छ । दोस्रो आवधिक परीक्षालाई दोस्रो त्रैमासिक परीक्षा पनि भनिन्छ । यस परीक्षामा प्रथम त्रैमासिक र द्वितीय त्रैमासिक अवधिभरमा पठन पाठन भएका विषयवस्तुबाट कुल पूर्णाङ्कको ३० % अङ्कभारको सैद्धान्तिक परीक्षा सञ्चालन गरिन्छ जस अनुरुप नेपाली भाषा शिक्षण पनि पर्दछ । यो दोस्रो आवधिक परीक्षालाई पनि स्तरयुक्त परीक्षा मान्न सकिन्छ । यो परीक्षा पनि विद्यालयको स्रोतकेन्द्र भरि एकै किसिमले र एउटै समयमा सञ्चालन गरिन्छ र यो पूर्व घोषित हुन्छ ।

शोध विद्यालयमा सञ्चालित दोस्रो आवधिक परीक्षा पनि पहिलो आवधिक परीक्षा जस्तै पूर्व घोषित, टीकापुर र धनसिंहपुर स्रोत केन्द्र भरीमा एकरुपता कायम गरी एउटै समयमा र एउटै पूर्णाङ्कमा अर्थात् ३० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरी त्यो प्रश्नपत्रमा छोटो उत्तर आउने प्रश्न, अनुच्छेद पढेर उत्तर दिनु पर्ने प्रश्न, सप्रसङ्ग व्याख्या गर्नु पर्ने प्रश्न, वाक्यमा प्रयोग गर्नु पर्ने शब्दहरु, शब्दको अर्थ लेख्नु पर्ने शब्दहरु, शुद्ध गरी लेख्नु पर्ने शब्दहरु, आफ्नो पढाइ-लेखाइको बारेमा जानकारी गराउँदै बुवालाई चिठ्ठी लेख्नु पर्ने, कोष्ठकको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नु पर्ने प्रश्नहरु समावेश गरेका थिए ।

सम्बन्धित शोध विद्यालय श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमा पनि यो दोस्रो आवधिक परीक्षा विद्यालयले मिति २०६८।९।१२ गते सञ्चालन गरेको थियो । उक्त परीक्षाको प्रगति विवरणलाई यहाँ तालिकामा तालिकीकरण गरिएको छ :

तालिका ४ : दोस्रो आवधिक परीक्षाको प्रगति विवरण

| क्र.सं. | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत(%) | श्रेणी |
|---|---|---|---|---|
| १ | ३० | २५ | ८२ | क |
| २ | ३० | २५ | ८२ | क |
| ३ | ३० | २५ | ८२ | क |
| ४ | ३० | २२ | ७३ | क |
| ५ | ३० | २१ | ६९ | ख |
| ६ | ३० | २३ | ७६ | क |
| ७ | ३० | १८ | ५९ | ख |
| ८ | ३० | २० | ६६ | ख |
| ९ | ३० | १० | ४३ | ख |
| १० | ३० | २० | ६६ | ख |
| ११ | ३० | २३ | ७३ | क |
| १२ | ३० | १३ | ४३ | ख |
| १३ | ३० | १७ | ५६ | ख |
| १४ | ३० | १४ | ४६ | ख |
| १५ | ३० | २० | ६६ | ख |
| १६ | ३० | २० | ६६ | ख |
| १७ | ३० | १८ | ५९ | ख |
| १८ | ३० | १८ | ५९ | ख |
| १९ | ३० | २३ | ७६ | ख |
| २० | ३० | २० | ६६ | ख |
| २१ | ३० | १८ | ५९ | ख |
| २२ | ३० | २१ | ६९ | ख |
| २३ | ३० | २३ | ७६ | क |
| २४ | ३० | १९ | ६३ | ख |
| २५ | ३० | १५ | ४९ | ख |
| २६ | ३० | ११ | ३६ | ग |
| २७ | ३० | २२ | ७३ | क |
| २८ | ३० | २० | ६६ | ख |
| २९ | ३० | १४ | ४६ | ख |
| ३० | ३० | २६ | ८६ | क |
| जम्मा | | ५८४ | | |

माथिको तालिका ४ अनुसार दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्कलाई श्री खड्ग स्मृति उ.मा.वि.का कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीको प्राप्ताङ्कको मध्यमान निकाली विश्लेषण गरिएको छ।

प्राप्ताङ्क, २५, २५, २५, २२, २१, २३, १८, २०, १०, २०, २३, १३, १७, १४, २०, २०, १८, १८, २३, २०, १८, २१, २१, २३, १९, १५, ११, २२, २०, १४, २६

सुत्रानुसार,

मध्यमान, $\overline{\text{x}} = \frac{\sum x}{N}$

$\overline{\text{x}} = \frac{५८४}{३०}$

$= १९.४६$

यसको मध्यमान १९.४६ रहेको छ।

माथिको तालिका ४ मा कक्षा सञ्चालन भएको ६ महिना पश्चात श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयले दोस्रो आवधिक परीक्षा सञ्चालन गरेको थियो । त्यस परीक्षाको नतिजालाई निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्ड अनुसार श्रेणीगत गरियो । उक्त मापदण्ड अनुसार ́क' श्रेणी प्राप्त गर्ने ९ जना, 'ख' श्रेणी प्राप्त गर्ने २० जना र 'ग' श्रेणी प्राप्त गर्ने १ जना रहेका छन् । त्यस नतिजालाई प्रतिशतमा निकालेर हेर्दा ७० प्रतिशतदेखि ८० प्रतिशत प्राप्त गर्ने विद्यार्थी १० जना, ६० देखि ६९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ९ जना, ५० देखि ५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरु ५ जना, ४० देखि ४९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना र ३९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु १ जना रहेका छन् । माथिको दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्क तालिका अनुसार उच्च शैक्षिक क्षमता भएका विद्यार्थीले ८६ प्रतिशत र निम्न शैक्षिक क्षमता भएकाले ४३ प्रतिशत अङ्क प्राप्त गरेका छन् । औसत प्राप्ताङ्क १९.४६ प्राप्त गरेको देखिन्छ।

दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्क तालिका ४ अनुसार विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको निरन्तर मूल्याङ्कन गर्ने क्रममा उनीहरुको दोस्रो

आवधिक परीक्षाको प्राप्ताङ्कको विश्लेषण गर्दा मध्यमान १९.४६ रहेको छ । ३० जना विद्यार्थीहरु मध्ये १२ जनाको प्राप्ताङ्क मध्यमान भन्दा कम र १८ जनाको प्राप्ताङ्क मध्यमान भन्दा बढी रहेको पाइयो ।

यसबाट स्तर र क्षमताका दृष्टिकोणले कक्षा सन्तुलित छैन भन्ने प्रष्ट हुन आउँछ । तसर्थ तदनुकुल कक्षा शिक्षण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## ३.६ प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलना

कुनै कार्य गर्दा वा कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा अनुसन्धान गरिने दुईपक्षहरु बिचमा तुलनाको आवश्यकता पर्दछ । तुलनाले शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको क्षमताको पहिचान गर्दछ । सिकाइ प्रक्रियालाई प्रभावकारी रुपमा अगाडि बढाउन मद्दत गर्दछ । वास्तवमा भन्ने हो भने तुलनाले विद्यार्थीहरुको प्रगतिको लेखाजोखा गर्ने काम गर्दछ । यसरी लेखाजोखा गरी हेर्दा विद्यार्थीहरुले कसरी सिकाइ उपलब्धि प्राप्त गरी रहेका छन भन्ने पनि थाहा हुन्छ । भाषा सिकाइ गर्ने क्रममा विद्यार्थीहरुले विभिन्न गल्ती, कमजोरी र त्रुटिहरु पर्दछन् । यस्ता त्रुटिहरु, कमजोरीहरुलाई सुधार गर्दै भावी सुधारात्मक क्रियाकलाप सञ्चालन गर्न विभिन्न समयमा लिइएका आवधिक परीक्षाले सहयोग गर्दछ । विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई गति प्रदान गर्न, पठ्न पाठनलाई प्रभावकारी र स्तरीय बनाउन, आवश्यक र अनिवार्य हुने सुझाबर निर्देशनहरु प्रदान गर्न, प्रगतिको मापन गर्न, विद्यार्थीहरुले सिकाइको क्रममा के सिके, त्रुटि क्षेत्रहरु के-के हुन, के-के सुधार भएको छ आदि पक्षहरुमा आवधिक परीक्षाहरुको तुलनाले निश्चित गर्दछ । यती मात्र होइन आवधिक परीक्षाहरुबिचको तुलनाले शिक्षण कार्यमा सङ्लग्न विद्यालय, शिक्षक, विद्यार्थी, पाठ्यक्रम,पाठ्यपुस्तक आदि पक्षहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा सम्बन्धित गराउँदछ । विद्यार्थीहरुको सिकाइ प्रगतिमा सुधार ल्याउन विद्यालयका भौतिक पक्षहरुको व्यवस्थापन, नीति-निर्माण, छनोट, शैक्षिक क्रियाकलापहरुको छनोट, सङ्ठन, कार्यान्वयन र शिक्षक तालिम आदि पक्षहरुमा विद्यार्थीका सिकाइ उपलब्धिको तुलनाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यसै सन्दर्भमा यहाँ शोध विद्यालयले सञ्चालन गरेको पहिलो आवधिक र दोस्रो आवधिक परीक्षाको प्रगति विवरणलाई तुलना गर्नको लागि तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५: प्रथम आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षाबिच तुलना

| क्र.सं. | प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क | प्रतिशत | दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्क | प्रतिशत | फरक भएको अंक |
|---|---|---|---|---|---|
| १ | २४ | ७९ | २५ | ८२ | १ |
| २ | २१ | ६९ | २५ | ८२ | ४ |
| ३ | २४ | ६९ | २५ | ८२ | १ |
| ४ | २४ | ७९ | २२ | ७३ | १ |
| ५ | २३ | ७९ | २१ | ६९ | १ |
| ६ | १५ | ७६ | २३ | ७६ | ८ |
| ७ | १४ | ४९ | १८ | ५९ | ४ |
| ८ | १४ | ४९ | २० | ६६ | ६ |
| ९ | १५ | ४९ | १० | ३३ | २ |
| १० | १८ | ४० | २० | ६६ | ४ |
| ११ | २० | ६९ | २३ | ७३ | ३ |
| १२ | १७ | ५९ | १३ | ४३ | १ |
| १३ | १५ | ५६ | १७ | ५६ | २ |
| १४ | १५ | ४९ | १४ | ४६ | १ |
| १५ | १५ | ४९ | २० | ६६ | ५ |
| १६ | १४ | ४९ | २० | ६६ | ६ |
| १७ | १५ | ४० | १८ | ५९ | ३ |
| १८ | १५ | ४९ | १८ | ५९ | ३ |
| १९ | १८ | ४९ | २३ | ७६ | ५ |
| २० | १७ | ५९ | २० | ६६ | ३ |
| २१ | १४ | ५६ | १८ | ५९ | ४ |
| २२ | १५ | ४६ | २१ | ६९ | ६ |
| २३ | १४ | ४९ | २३ | ७६ | ९ |
| २४ | १५ | ४६ | १९ | ६३ | ४ |
| २५ | १४ | ४९ | १५ | ४९ | १ |
| २६ | १४ | ४६ | ११ | ३६ | १ |
| २७ | १२ | ४६ | २२ | ७३ | १० |
| २८ | २१ | ६९ | २० | ६६ | २ |
| २९ | १२ | ४६ | १४ | ४६ | २ |
| ३० | २१ | ६९ | २६ | ८६ | ५ |
| | ५०२ | | ५८४ | | १०८ |

माथिको तालिका ५ मा देखाए अनुसार प्रथम आवधिक परीक्षामा निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्ड अनुसार ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ४ जना रहेका छन् भने ४० प्रतिशत देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २६ जना र ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु शून्य रहेका छन् । यस परीक्षाको औसत प्राप्ताङ्क १६.७३ रहेको छ भने सबैभन्दा बढी अङ्क ७९ प्रतिशत र सबैभन्दा कम अङ्क ४० प्रतिशत रहेको छ ।

यस परीक्षामा निरन्तर मूल्याङ्कनको मापदण्ड अनुसार ७० प्रतिशतदेखि १०० प्रतिशत सम्म अङ्क प्राप्त गर्ने १३ जना, ४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १७ जना र ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने एक जना पनि छैन् । यसको औसत प्राप्ताङ्क १९.४६ रहेको छ ।

यस दोस्रो आवधिक परीक्षाको सबैभन्दा बढी अङ्क ८६ प्रतिशत र सबै भन्दा कम अङ्क ४३ प्रतिशत रहेको छ । यसरी प्रथम आवधिक र दोस्रो आवधिक परीक्षामा एउटै नमुना र समान पूर्णाङ्क अर्थात् ३० पूर्णाङ्कको प्रश्न पत्रलाई उही समयको आधारमा वा दुवै परीक्षालाई २ घण्टा समय तोकी परीक्षा लिँदा उक्त परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई अध्ययन गर्दा पहिलो आवधिक परीक्षाभन्दा दोस्रो आवधिक परीक्षामा भाषा सिकाइमा केही प्रगति भएको पाइयो ।

## ३.७ उत्तर परीक्षाको नतिजाको विश्लेषण

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नको लागि त्यससँग सम्बन्धित बस्तुस्थितिको जानकारी लिनको लागि पूर्व परीक्षा लिइन्छ भने पूर्व परीक्षा पश्चात त्यस विषयमा के कस्तो प्रगति भयो अर्थात् पहिले र पछिको मूल्याङ्कन गर्दा त्यसमा के भिन्नता प्राप्त भयो भनी जानकारी लिन उत्तर अवस्था अथवा पछिको अवस्थाको पनि अध्ययन गर्ने गरिन्छ ।

यस अन्तर्गत  यहाँ पनि नेपाली भाषा सिकाइमा पहिलेको अवस्था भन्दा पछिको अवस्थामा के-कस्तो सुधार भयो भनी अध्ययन गर्नका लागि सञ्चालन गरीने परीक्षा नै उत्तर परीक्षा हो । विद्यार्थीहरुको उपलब्धिको स्तर पत्ता लगाई यसको आधारमा विभिन्न प्रकारका निर्णयहरु लिन पनि यस उत्तर परीक्षाले सहयोग गर्दछ । यसले विद्यार्थीमा भएको कमजोरी पक्षहरुलाई हटाउन पनि मद्दत गर्दछ ।

उत्तर परीक्षाले विद्यार्थीहरुको सिकाइको लेखाजोखा गर्दछ । विद्यार्थीहरुले सिकेका कुराहरुको मात्रा निर्धारण गर्दछ । यसले विद्यार्थीहरुको भाषा सिकाइको उपलब्धिको मूल्याङ्कन गर्दछ । विद्यार्थीहरुले के-कति मात्रामा सिकाइ उपलब्धि प्राप्त गरे त्रुटि भएका क्षेत्रहरुमा कसरी सुधार्न सकिन्छ, अनुसन्धानका लागि सुरु गरेको अथवा कक्षा सातका विद्यार्थीहरुको सुरुको अवस्था र उत्तर परीक्षा पछिको अवस्थामा उनीहरुले के-कस्तो प्रगति गरेका छन् सिकाइ उपलब्धिको स्तर वृद्धि कसरी भयो या भएन नभएको भए कस्ता किसिमका पृष्ठपोषण दिने भनेर निक्यौल गर्न उत्तर परीक्षाले सघाउँछ ।

यस उत्तर परीक्षामा छोटो उत्तर दिनु पर्ने प्रश्नहरु, दिएको अनुच्छेद पढी उत्तर दिनु पर्ने प्रश्नहरु, स-प्रसङ्ग व्याख्या गर्नु पर्ने, अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नु पर्ने प्रश्नहरु, दिएका शब्दको अर्थ लेख्नु पर्ने प्रश्नहरु, शुद्ध गरी लेख्नु पर्ने प्रश्नहरु विद्यालयको वरिपरि फुलबारी बनाउन अनुरोध गर्दै विद्यालय व्यवस्थापन समितिलाई निवेदन लेख्नु पर्ने प्रश्न र कोष्ठकको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नु पर्ने प्रश्नहरु सोधिएका थिए ।

यसै सन्दर्भमा श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुले उत्तर परीक्षामा प्राप्त गरेको नतिजालाई निरन्तर मूल्याङ्कनको मापदण्ड अनुसार श्रेणीगत गरी प्रतिशत निकाली तालिकामा तालिकीकरण गरिएको छ :

तालिका ६ : उत्तर परीक्षाको प्रगति विवरण

| क्र.सं. | उत्तर परीक्षाबाट प्राप्त प्राप्ताङ्क | प्रतिशत(%) | श्रेणी |
|---|---|---|---|
| १ | २७ | ८९ | क |
| २ | २६ | ८६ | क |
| ३ | २६ | ८६ | क |
| ४ | २६ | ८६ | क |
| ५ | २५ | ८२ | क |
| ६ | २५ | ८२ | क |
| ७ | २० | ६६ | ख |
| ८ | २१ | ६९ | ख |
| ९ | १५ | ४९ | ख |
| १० | १४ | ४६ | क |
| ११ | २४ | ७९ | क |
| १२ | २० | ६६ | ख |
| १३ | ११ | ३६ | ख |
| १४ | १७ | ५६ | ख |
| १५ | १८ | ५९ | ख |
| १६ | १८ | ५९ | ख |
| १७ | १७ | ५६ | ख |
| १८ | २० | ६६ | ख |
| १९ | १७ | ५६ | क |
| २० | १८ | ५९ | ख |
| २१ | २० | ६६ | ख |
| २२ | २२ | ७३ | क |
| २३ | २४ | ७९ | क |
| २४ | २० | ६६ | ख |
| २५ | १६ | ५३ | ख |
| २६ | १६ | ५३ | ख |
| २७ | २३ | ७६ | क |
| २८ | २३ | ७६ | क |
| २९ | १५ | ४९ | ख |
| ३० | २७ | ८९ | क |
| | ६०१ | | |

माथिको तालिका ६ मा प्रस्तुत गरिएको उत्तर परीक्षाको प्राप्ताङ्कलाई व्यक्तिगत श्रेणीको मध्यमान निकाली विश्लेषण गरिएको छ ।

प्राप्ताङ्कः, २७, २६, २६, २६, २५, २५, २०, २१, १५, १४, २४, २०, ११, १७, १८, १७, २०, ११, १७, १८, २०, २२, २४, २०, १६, १६, २३, २३, १५, २७

सुत्रानुसार,

मध्यमान $\overline{X} = \frac{\sum x}{N}$

$\overline{x} = \frac{६०१}{३०}$

$= २०.०३$

यसको मध्यमान = २०.०३ रहेको छ ।

माथिको तालिका ६ मा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा राखिएको छ । जस अनुसार ७० प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरु १२ जना, ६० प्रतिशतदेखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ६ जना, ५० प्रतिशतदेखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ८ जना र ४० प्रतिशतदेखि ४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ४ जना र ३९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी १ जना पनि छैन् वा ० प्रतिशत देखिन्छन् ।

यस परीक्षाको औसत प्राप्ताङ्क निकाल्दा २०.०३ हुन्छ । यस परीक्षाको सबभन्दा बढी अङ्क अथवा उच्च शैक्षिक क्षमता भएको विद्यार्थीले ८९ प्रतिशत अङ्क र निम्न शैक्षिक क्षमता भएका विद्यार्थीले ४९ प्रतिशत अङ्क प्राप्त गरेको देखिन्छ ।

उत्तर परीक्षाको प्राप्ताङ्क तालिका अनुसार विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन गर्नको लागि लिइएको उत्तर परीक्षाको प्राप्ताङ्कको विश्लेषण गर्दा मध्यमान २०.३३ रहेको छ । उक्त परीक्षामा ३० जना विद्यार्थीहरुमध्ये १७ जनाको प्राप्ताङ्क मध्यमान भन्दा कम र १३ जनाको प्राप्ताङ्क मध्यमान भन्दा बढी रहेको पाइयो ।

यस तथ्याङ्कबाट कक्षाको स्थिति सन्तुलित छैन भन्ने देखिन्छ । मध्यमानभन्दा तल रहेका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गरी स्तर बढाउन आवश्यक देखिन्छ ।

### ३.८ दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाबिच तुलनात्मक अध्ययन

विद्यार्थीहरुले ३।३ महिनाको अवधिसम्म सिकेका कुराहरु जाँच गर्नको लागि लिइने परीक्षा नै त्रैमासिक परीक्षा हो । यसलाई आवधिक परीक्षा पनि भनिन्छ । यो आवधिक परीक्षाले विद्यार्थीहरुले सिकेको विषयवस्तु जाँचेर सिकाइमा कति प्रगति भयो भनी पत्ता लगाई सुधारात्मक शिक्षण गर्न, परीक्षाको प्रश्नको विश्लेषण गरी त्यसको उपयुक्त स्तर निर्धारण गर्न, शिक्षकलाई आफ्नो शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन, अभिभावकहरुलाई उनीहरुको नानीहरुको सामयिक उपलब्धि बारे जानकारी प्रदान गर्न महत्त्वपूर्ण सहयोग गर्दछ ।

यसरी हेर्दा यो दोस्रो आवधिक परीक्षाले एक प्रकारले निर्माणात्मक मूल्याङ्कनको काम पनि गरेको देखिन्छ । यस मूल्याङ्कनलाई रचनात्मक मूल्याङ्कन पनि भन्ने गरिन्छ । यस प्रकारको मूल्याङ्कन शिक्षक र विद्यार्थीहरुको सहमतिमा योजनाबद्ध रुपमा कुनै पनि समयमा सञ्चालन गर्न सकिन्छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरुले गरेका गल्तिलाई सुधार गरी सिकाइ प्रक्रियालाई प्रेरणादायी बनाउने यस मूल्याङ्कनको उद्देश्य हो ।

यस मूल्याङ्कनले शैक्षिक योजनामा उद्देश्य, पाठ्यक्रम, पाठ्य विषय, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि र उपलब्धि मूल्याङ्कन आदि पक्षहरुमा सहयोग गर्दछ । सबै पक्षहरुको छुट्टाछुट्टै मूल्याङ्कन गरी योजनामा कमी भएका पक्षहरुको प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक परीक्षाका माध्यमबाट पनि सुधार गर्न सकिन्छ ।

यसरी विभिन्न पक्षहरुमा सुधार गर्नका लागि आन्तरिक र रचनात्मक रुपबाट गरिने त्रैमासिक परीक्षा मार्फत् निर्माणात्मक मूल्याङ्कनलाई सञ्चालन गर्न सकिन्छ । यस मूल्याङ्कनका अन्य उद्देश्यहरु शिक्षण योजनालाई सही रुपमा कार्यान्वयन गर्नु, शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु, शिक्षण सिकाइमा देखा परेका त्रुटिहरु हटाइ तत्कालै पृष्ठपोषण दिनु, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनु, शिक्षक, विद्यार्थीहरुबिच सुमधुर सम्बन्ध कायम गराउनु, विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्नु, विद्यार्थीका सम्पूर्ण अनुभव र व्यवहारको दैनिक रुपमा लेखाजोखा गर्नु आदि रहेका छन् ।

यस शोधका सन्दर्भमा शोधकार्य गरी सकेपछि पूर्व कार्यसँग वा पहिलेको अवस्था र अहिलेको अवस्थामा के-कस्तो फरक आयो भनेर जानकारी प्राप्त गर्नको लागि अगाडि गरेको काम र पछाडि गरेको कामको मूल्याङ्कनलाई तुलना मानिएको छ ।

यो दोस्रो आवधिक परीक्षा लिएको एक महिना पश्चात उत्तिकै अङ्क भारमा र उस्तै प्रकृतिका अन्य प्रश्नहरु निर्माण गरी उत्तर परीक्षा सञ्चालन गरियो । दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको प्रगति विवरणलाई तुलनाको लागि तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ : दोसो आवधिक परीक्षा र उत्तर परीक्षाबिच तुलना

| क्र.सं. | दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्क | उत्तर परीक्षाको प्राप्ताङ्क | फरक भएको अंक |
|---|---|---|---|
| १ | २५ | २७ | २ |
| २ | २५ | २६ | १ |
| ३ | २५ | २६ | १ |
| ४ | २२ | २६ | ४ |
| ५ | २१ | २५ | ४ |
| ६ | २३ | २५ | २ |
| ७ | १८ | २० | २ |
| ८ | २० | २१ | १ |
| ९ | १० | १५ | ५ |
| १० | २० | १४ | ६ |
| ११ | २३ | २४ | १ |
| १२ | १३ | २० | ७ |
| १३ | १७ | ११ | ६ |
| १४ | १४ | १७ | ३ |
| १५ | २० | १८ | ३ |
| १६ | २० | १८ | २ |
| १७ | १८ | १७ | १ |
| १८ | १८ | २० | २ |
| १९ | २३ | २४ | १ |
| २० | २० | १७ | ३ |
| २१ | १८ | १८ | ० |
| २२ | २१ | २० | १ |
| २३ | २३ | २४ | १ |
| २४ | १९ | २० | १ |
| २५ | १५ | १६ | १ |
| २६ | ११ | १६ | १ |
| २७ | २२ | २३ | १ |
| २८ | २० | २३ | ३ |
| २९ | १४ | १५ | १ |
| ३० | २६ | २७ | १ |
| | ५८४ | ६०१ | |

माथिको तालिका ७ अनुसार श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयका कक्षा ७ का विद्यार्थीहरुको नेपाली भाषा सिकाइको प्रगति विवरणको अध्ययन गर्ने क्रममा विद्यालयले परीक्षा सञ्चालन गरी शिक्षकद्वारा प्रदान गरिएको अङ्क र नेपाली भाषा सिकाइको अध्ययन गर्नको लागि लिइएको उत्तर परीक्षाको प्राप्ताङ्कलाई तुलना गरी हेर्ने उद्देश्यले तालिकामा तालिकीकरण गरीयो ।  दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको तुलना गरी हेर्दा दोस्रो आवधिक परीक्षाभन्दा उत्तर परीक्षामा सिकाइ उपलब्धिमा वृद्धि भएको पाइयो । दोस्रो आवधिक परीक्षाको सबभन्दा बढी प्राप्ताङ्क २६ अङ्क प्राप्त भएको छ भने उत्तर परीक्षाको सबभन्दा बढी अङ्क २७ रहेको छ । त्यस्तै गरी दोस्रो आवधिक परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १० छ भने उत्तर परीक्षाको सबभन्दा कम प्राप्ताङ्क ११ रहेको छ । यसरी सबभन्दा बढी प्राप्ताङ्कमा १ अङ्कले वृद्धि भएको छ भने सबभन्दा कम प्राप्ताङ्कमा पनि १ अङ्कले फरक भएको पाइयो । दोस्रो आवधिक परीक्षाको औसत प्राप्ताङ्क १९.४६ छ भने उत्तर परीक्षाको औसत प्राप्ताङ्क २०.०३ रहेको छ । यसरी दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको बिचमा तुलना गर्दा दोस्रो आवधिक परीक्षाभन्दा उत्तर परीक्षामा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि भएको  पाइयो ।

यसरी अघिल्ला परीक्षाको नतिजाको आधारमा विद्यार्थीहरुलाई पृष्ठपोषण दिँदै र कमी कमजोरी अनुसार उपचारात्मक शिक्षण गर्दे जाँदा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुँदै जान्छ । अतः निरन्तर विद्यार्थी मूल्याङ्कन र सुधारात्मक शिक्षण महत्त्वपूर्ण हुन्छ ।

## ३.९. पूर्व परीक्षा र उत्तर परीक्षाबिच तुलना

कुनै विषयमा अध्ययन गर्नु भन्दा पहिले त्यस विषयमा जानकारी लिनको लागि त्यस सँग सम्बन्धित  विषयमा आवश्यक कुराहरु थाहा पाउनु पर्ने हुन्छ तसर्थ यहाँ पनि नेपाली भाषा सिकाइका लागि पूर्व स्थिति थाहा पाउनको लागि पूर्व परीक्षा लिइयो र त्यस पूर्व परीक्षामा विद्यार्थीको सिकाइ उपलब्धि कति थियो र पछि सिकाइमा कति परिवर्तन भयो

भनी जानकारी लिन उत्तर परीक्षा पनि सञ्चालन गरियो । यहाँ पूर्व परीक्षा र उत्तर परीक्षाको तुलना गरी हेर्नको लागि तुलनात्मक तालिका प्रस्तुत गरिएको छ :

तालिका ८ : पूर्व परीक्षा र उत्तर परीक्षाबिच तुलना

| क्र.सं. | पूर्व परीक्षाको प्राप्ताङ्क | उत्तर परीक्षाबाट प्राप्त प्राप्ताङ्क | फरक भएको अंक |
|---|---|---|---|
| १ | २२ | २७ | ५ |
| २ | १९ | २६ | ७ |
| ३ | १९ | २६ | ९ |
| ४ | २२ | २६ | ४ |
| ५ | २२ | २५ | ३ |
| ६ | १६ | २५ | १२ |
| ७ | १३ | २० | ७ |
| ८ | १३ | २१ | ९ |
| ९ | १३ | १५ | २ |
| १० | १६ | १४ | २ |
| ११ | १९ | २४ | ५ |
| १२ | १७ | २० | ३ |
| १३ | १३ | ११ | २ |
| १४ | १३ | १७ | ४ |
| १५ | १३ | १८ | ५ |
| १६ | १३ | १८ | ५ |
| १७ | १० | १७ | ७ |
| १८ | १३ | २० | ७ |
| १९ | १३ | २४ | ११ |
| २० | १६ | १७ | १ |
| २१ | १३ | १८ | ५ |
| २२ | १५ | २० | ५ |
| २३ | १३ | २४ | ११ |
| २४ | ९ | २० | ११ |
| २५ | १३ | १६ | ३ |
| २६ | १३ | १६ | ३ |
| २७ | १५ | २३ | ८ |
| २८ | १७ | २३ | ६ |
| २९ | १४ | १५ | १ |
| ३० | १९ | २७ | ८ |
| जम्मा | ४६० | ६०१ | |

माथिको तालिका ८ को प्रगति विवरणको अध्ययन गर्दा पूर्व परीक्षाको सबभन्दा बढी प्राप्ताङ्क २२ र सबभन्दा कम प्राप्ताङ्क १० रहेको छ भने औसत प्राप्ताङ्क १५.३३ रहेको छ । पछिल्लो परीक्षामा सबभन्दा बढी प्राप्ताङ्क २७ र सबभन्दा कम प्राप्ताङ्क ११ छ भने औसत प्राप्ताङ्क २०.०३ रहेकोछ ।

यसरी पूर्व परीक्षाभन्दा उत्तर परीक्षामा सबभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरुमा ५ अङ्कले वृद्धि भएको छ र सबभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरुमा १ अङ्कले वृद्धि भएको छ । औसत प्राप्ताङ्कमा भने ७.०३ ले वृद्धि भएको पाइयो ।

### ३.९.१ पूर्व परीक्षा, प्रथम र दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको नतिजाको तुलनात्मक अध्ययन

तुलना गर्दा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि कुन प्रकारको छ भन्ने थाहा हुन्छ । सिकाइको क्रममा भएका त्रुटि क्षेत्रहरु पत्ता लगाई पृष्ठपोषण दिन पनि सजिलो हुने गर्दछ । पहिलो परीक्षाको सिकाइ उपलब्धि, दोस्रो परीक्षाको सिकाइ उपलब्धि, तेस्रो परीक्षाको सिकाइ उपलब्धि र चौथो परीक्षाको सिकाइ उपलब्धि स्तरमा के कसरी वृद्धि भइरहेको छ र वृद्धि भएन भने किन भएन भनी जानकारी प्राप्त गर्नको लागि एउटा परीक्षाको अर्को परीक्षासँग तुलना गर्ने गरिन्छ ।

तसर्थ यहाँ पनि पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा, तेस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको प्राप्ताङ्कको तुलना गरिएको छ ।

तालिका ९ : आवधिक परीक्षाहरुको नतिजाको तुलनात्मक तालिका

| क.सं. | आवधिक परीक्षाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्व परीक्षाको प्राप्ताङ्क | प्रतिशत | प्रथम आवधिक परीक्षाको प्राप्ताङ्क | प्रतिशत | दोस्रो आवधिक परीक्षाको प्राप्ताङ्क | प्रतिशत | उत्तर परीक्षाको प्राप्ताङ्क | प्रतिशत |
| १ | २२ | ७२ | २४ | ७९ | २५ | ८२ | २७ | ८९ |
| २ | १९ | ६३ | २१ | ६९ | २५ | ८२ | २६ | ८६ |
| ३ | १९ | ५६ | २१ | ६९ | २५ | ८२ | २६ | ८६ |
| ४ | २२ | ७३ | २४ | ७९ | २२ | ८२ | २६ | ८६ |
| ५ | २२ | ७३ | २४ | ७९ | २४ | ७९ | २५ | ८२ |
| ६ | १६ | ४३ | १५ | ७६ | २३ | ७६ | २५ | ८२ |
| ७ | १३ | ४३ | १५ | ४९ | १८ | ५९ | २० | ६६ |
| ८ | १३ | ४३ | १५ | ४९ | २० | ६६ | २१ | ६९ |
| ९ | १३ | ४३ | १५ | ४९ | १० | ४३ | १५ | ४९ |
| १० | १६ | ५३ | १८ | ४० | २० | ७३ | १४ | ७६ |
| ११ | १९ | ६३ | २१ | ६९ | २३ | ७३ | २४ | ७९ |
| १२ | १७ | ५३ | १८ | ५९ | १३ | ५९ | २० | ६६ |
| १३ | १३ | ४३ | १५ | ५६ | १७ | ५६ | ११ | ५९ |
| १४ | १३ | ४३ | १५ | ४९ | १४ | ५३ | १७ | ५९ |
| १५ | १३ | ४३ | १५ | ४९ | २० | ६६ | १८ | ६९ |
| १६ | १३ | ४३ | १५ | ४९ | २० | ६६ | १८ | ६९ |
| १७ | १० | ३३ | १२ | ४० | १८ | ५९ | १७ | ६६ |
| १८ | १३ | ४३ | १५ | ४९ | १८ | ५९ | २० | ६६ |
| १९ | १३ | ४३ | १५ | ४९ | २३ | ७६ | १७ | ७९ |
| २० | १६ | ५३ | १८ | ५९ | २० | ६६ | १८ | ६९ |
| २१ | १३ | ४३ | १७ | ५६ | १८ | ५९ | २० | ६३ |
| २२ | १५ | ३३ | १२ | ४६ | २१ | ६९ | २२ | ७३ |
| २३ | १३ | ४३ | १५ | ४९ | २३ | ७६ | २४ | ७९ |
| २४ | ९ | ३२ | १२ | ४६ | १९ | ६३ | २० | ६६ |
| २५ | १३ | ४३ | १५ | ४९ | १५ | ४९ | १६ | ५३ |
| २६ | १५ | ४३ | १२ | ४६ | ११ | ४९ | १६ | ५३ |
| २७ | १० | ३३ | १२ | ४६ | २२ | ७३ | २३ | ७६ |
| २८ | १७ | ६३ | २१ | ६९ | २० | ७३ | २३ | ७६ |
| २९ | १४ | ३२ | १२ | ४६ | १४ | ४६ | १५ | ४९ |
| ३० | १९ | ६३ | २१ | ६९ | २६ | ८६ | २७ | ८९ |

नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन गर्ने क्रममा विद्यालयमा सञ्चालन गरेको पूर्व परीक्षाको औसत प्राप्ताङ्क १५.३३ प्रतिशत रहेको छ ।

सबभन्दा बढी शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ७२ प्रतिशत र सबभन्दा कम शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ३२ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

प्रथम आवधिक परीक्षाको प्राप्ताङ्कलाई अध्ययन गर्दा औसत प्राप्ताङ्क प्रतिशत १६.७३ रहेको छ । सबभन्दा बढी शैक्षिक क्षमता भएका विद्यार्थीले ७९ प्रतिशत र सबभन्दा कम शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ४६ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो ।

दोस्रो आवधिक परीक्षामा विद्यार्थीहरुले  प्राप्त गरेको सिकाइ उपलब्धिलाई अध्ययन गर्दा यस परीक्षाको औसत प्राप्ताङ्क प्रतिशत १९.४६ रहेको छ । उच्च शैक्षिक क्षमता भएका विद्यार्थीले ८६ प्रतिशत र सबभन्दा कम शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ४३ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो ।

उत्तर परीक्षाको प्राप्ताङ्क विवरणको अध्ययन गर्दा औसत प्राप्ताङ्क प्रतिशत २०.०३ रहेको छ । उच्च शैक्षिक क्षमता भएका विद्यार्थीले ८९ प्रतिशत र न्यून शैक्षिक क्षमता भएका विद्यार्थीहरुले ३६ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो ।

यसरी निष्कर्षमा भन्नुपर्दा पूर्व परीक्षाको औसत प्राप्ताङ्क १५.३३, प्रथम आवधिक परीक्षाको औसत प्राप्ताङ्क १६.७३, दोस्रो आवधिक परीक्षाको औसत प्राप्ताङ्क १९.४६ र उत्तर परीक्षाको औसत प्राप्ताङ्क २०.०३ रहेको पाइयो । यसरी प्रत्येक पटकको मूल्याङ्कनमा सिकाइ उपलब्धि स्तरमा क्रमश वृद्धि भएको पाइयो । यसबाट शिक्षण सिकाइको बिच-बिचमा निरन्तर मूल्याङ्कन गर्नु पर्छ यसो गर्दा सिकाइको स्तर वृद्धि हुँदै जान्छ भन्ने  निष्कर्षमा पुगियो ।

३.९.२ आवधिक परीक्षाबाट प्राप्त नतिजाको तुलनात्मक स्तम्भ रेखाचित्र

माथिका तथ्याङ्कहरुलाई अझ प्रष्ट पार्नको लागि पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाबाट प्राप्त सिकाइ उपलब्धिको औसत प्राप्ताङ्क विवरणलाई तलको स्तम्भ चित्रमा देखाइएको छ :

आवधिक परीक्षाबाट प्राप्त नतिजाको तुलनात्मक स्तम्भ रेखाचित्र




श्री खड्ग स्मृति माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीहरुको नेपाली भाषा सिकाइ उपलब्धिको अध्ययन गर्दा पूर्व परीक्षाको औसत प्राप्ताङ्क १५.३३, प्रथम आवधिक परीक्षाको औसत प्राप्ताङ्क १६.७३, दोस्रो आवधिक परीक्षाको औसत प्राप्ताङ्क १९.४६ र उत्तर परीक्षाको औसत प्राप्ताङ्क २०.०३ रहेको पाइयो । यसरी लिखित परीक्षाद्वारा विभिन्न आवधिक परीक्षाहरु जस्तै पूर्व परीक्षा, प्रथम

आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको तथ्याङ्कलाई विश्लेषण गर्दा सिकाइ उपलब्धि स्तर पूर्व परीक्षा भन्दा प्रथम आवधिक परीक्षा, प्रथम आवधिक परीक्षा भन्दा दोस्रो आवधिक परीक्षा र दोस्रो आवधिक परीक्षा भन्दा उत्तर परीक्षामा क्रमशः वृद्धि भएको पाइयो । यस तथ्यबाट विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्दा उनीहरुको सिकाइ स्तरमा वृद्धि हुन्छ भन्ने कुरा प्रष्ट हुन आउँछ ।

अगाडि प्रस्तुत गरिएको चारवटा परीक्षाहरुको प्राप्ताङ्क तालिका र स्तम्भ चित्र अनुसार प्रत्येक आवधिक परीक्षाहरुको औसत प्राप्ताङ्कलाई अझ प्रष्ट पार्न यहाँ तालिकामा पनि देखाइएको छ ।

तालिका १० : आवधिक परीक्षाको औसत प्राप्ताङ्कको तुलनात्मक विवरण

| क्र.सं. | परीक्षा | औसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|
| १ | पूर्व परीक्षा | १५.३३ |
| २ | प्रथम आवधिक परीक्षा | १६.७३ |
| ३ | दोस्रो आवधिक परीक्षा | १९.४६ |
| ४ | उत्तर परीक्षा | २०.०३ |

माथिको तालिका १० मा देखाएको आवधिक परीक्षाहरुको औसत प्राप्ताङ्क तालिका अनुसार विद्यार्थीहरुको पूर्व परीक्षाको औसत प्राप्ताङ्क १५.३३, प्रथम आवधिक परीक्षाको औसत प्राप्ताङ्क १६.७३, दोस्रो आवधिक परीक्षाको औसत प्राप्ताङ्क १९.४६ र उत्तर परीक्षाको औसत प्राप्ताङ्क २०.०३ रहेको छ ।

यसरी निरन्तर मूल्याङ्कन गर्ने क्रममा श्री खड्ग स्मृति उच्च मा.वि.को कक्षा ७ मा अध्ययनरत ३० जना विद्यार्थीहरुको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन गरी प्राप्त सिकाइ उपलब्धिको विश्लेषण गर्दा प्रत्येक आवधिक परीक्षामा क्रमशः वृद्धि भएको पाइयो । पूर्व परीक्षादेखि उत्तर परीक्षासम्म आइपुग्दा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि स्तरमा एक भन्दा अर्को परीक्षामा वृद्धि भएको पाइयो । यसै सन्दर्भमा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्नु आवश्यक छ । यो कुरा विद्यार्थीहरुको शैक्षिक क्षमता पहिचान गर्न शिक्षण सिकाइ क्रियाकलाप पश्चात उनीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गर्दा जानकारी हुन आउँछ । पठनपाठन कार्यको बिच-बिचमा मूल्याङ्कन गर्दा विद्यार्थीका सिकाइ उपलब्धिहरुमा अपेक्षित प्रगति हुन आउँछ । पठन-पठन कार्यको बिच-बिचमा आवधिक परीक्षाद्वारा मूल्याङ्कन गर्दा  विद्यार्थीहरुका सिकाइ उपलब्धिहरुमा अपेक्षित प्रगति हुन सक्ने देखिन्छ । तसर्थ निरन्तर मूल्याङ्कन शिक्षण गरेको प्रत्येक एकाइको अन्त्यमा गरिरहनु पर्दछ । यसबाट सुधारात्मक शिक्षण पनि अपनाउन सक्ने देखिन्छ ।

# अध्याय : चार

# प्रयोगात्मक परीक्षाको तुलना

## ४.१ आवधिक परीक्षाहरुको प्रगति विवरण

विद्यालयमा आवधिक रुपमा सञ्चालन गरिने लिखित परीक्षा जस्तै मौखिक परीक्षा पनि हो । यो परीक्षाको मौखिक रुपमा प्रश्नहरु सोधेर मूल्याङ्कन गरिन्छ । विद्यार्थीहरुलाई भाषिक सिपमा दक्ष बनाउनको लागि सञ्चालन गरिन्छ । कतिपय विद्यार्थीहरु लेख्न मात्र जान्दछन भने कतिपय पढ्न मात्र जान्दछन् । भाषिक सिपमा दक्ष हुनको लागि यी दुबै लिखित र मौखिक सिपहरुको निरन्तर अभ्यास गर्नु पर्दछ । यसबाट विद्यार्थीहरुको लिखित र मौखिक रुपमा भाषिक सिप विकास हुन जान्छ । अत : यो शोध अध्ययन गर्दा पनि भाषाका लिखित र मौखिक दुबै पक्षको मूल्याङ्कन गरिएको छ ।

लेखाइ सिपको मूल्याङ्कन गर्दा माथि अध्याय तिनको तालिका एक, तालिका दुई, तालिका चार र तालिका ६ को विद्यार्थीहरुको लिखित रुपमा लिइएको पूर्व परीक्षा, प्रथम आवधिक परीक्षा, दोस्रो आवधिक परीक्षा र उत्तर परीक्षाको नतिजालाई क्रमशः तालिका एघार, बाह्र, तेह्र र चौधको पहिलो परीक्षा,दोस्रो परीक्षा, तेस्रो परीक्षा र चौथो परीक्षा भनी त्यही अङ्कलाई लेखाइ सिपको मूल्याङ्कन तालिकामा राखिएको छ ।

## ४.२ पहिलो प्रयोगात्मक परीक्षाको प्रगति विवरण

सोध विद्यालयका कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीहरुको सुनाइ सिपको प्रयोगात्मक परीक्षा लिइएको थियो । उक्त परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

## तालिका ११ : पहिलो प्रयोगात्मक परीक्षाको प्रगति विवरण

| क्र. सं | सुनाइ | | | बोलाइ | | | पढाइ | | | लेखाइ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी |
| १ | २२ | ७२ | क | २२ | ७२ | क | १६ | ५३ | ख | २२ | ७२ | क |
| २ | १९ | ६३ | ख | २३ | ७६ | क | १३ | ४३ | ख | १९ | ६३ | ख |
| ३ | २२ | ७२ | क | १८ | ५९ | ख | १८ | ५९ | ख | १९ | ६३ | ख |
| ४ | २२ | ७२ | क | २२ | ७२ | क | १८ | ५९ | ख | २२ | ७२ | क |
| ५ | २२ | ७२ | क | २० | ६६ | ख | १८ | ५९ | ख | २२ | ७२ | क |
| ६ | २३ | ७६ | क | १७ | ५६ | ख | १८ | ५९ | ख | १६ | ५३ | ख |
| ७ | २१ | ६९ | ख | १६ | ५३ | ख | १५ | ४९ | ख | १३ | ४३ | ख |
| ८ | २१ | ६९ | ख | १७ | ५६ | ख | १६ | ५३ | ख | १३ | ४३ | ख |
| ९ | २० | ६६ | ख | १५ | ४९ | ख | १३ | ४३ | ख | १३ | ३९ | ग |
| १० | २० | ६६ | ख | १६ | ५३ | ख | १४ | ४६ | ख | १६ | ५३ | ख |
| ११ | २२ | ७२ | क | २३ | ७६ | क | १५ | ४९ | ख | १९ | ६३ | ख |
| १२ | २० | ६६ | ख | २१ | ६९ | | १४ | ४६ | ख | १७ | ५६ | ख |
| १३ | १४ | ४६ | ख | १५ | ४९ | ख | १४ | ४६ | ख | १३ | ४३ | ख |
| १४ | १४ | ४६ | ख | १४ | ४६ | ख | १४ | ४६ | ख | १३ | ४३ | ख |
| १५ | २२ | ७२ | क | १२ | ३९ | ग | १४ | ४६ | ख | १३ | ४३ | ख |
| १६ | १८ | ५९ | ख | १३ | ४३ | ख | १५ | ४९ | ख | १० | ३३ | ग |
| १७ | १८ | ५९ | ख | १३ | ४३ | ख | १५ | ४९ | ख | १३ | ४३ | ख |
| १८ | १८ | ५९ | ख | १६ | ५३ | ख | १४ | ४६ | ख | १३ | ४३ | ख |
| १९ | १९ | ६३ | ख | १८ | ५९ | ख | २० | ६६ | ख | १६ | ५३ | ख |
| २० | २१ | ६९ | ख | १६ | ५३ | ख | १५ | ४९ | ख | १३ | ४३ | ख |
| २१ | १८ | ५९ | ख | १६ | ५३ | ख | १४ | ४६ | ख | १५ | ४९ | ख |
| २२ | १८ | ५९ | ख | १७ | ५६ | ख | १४ | ४६ | ख | १३ | ४३ | ख |
| २३ | २० | ६६ | ख | १६ | ५३ | ख | १६ | ५३ | ख | १३ | ४३ | ख |
| २४ | १९ | ६३ | ख | १५ | ४९ | ख | १५ | ४९ | ख | १३ | ४३ | ख |
| २५ | १९ | ६३ | ख | १६ | ५३ | ख | १८ | ५९ | ख | १३ | ४३ | ख |
| २६ | २१ | ६९ | ख | १५ | ४९ | ख | १४ | ४६ | ख | १५ | ४९ | ख |
| २७ | २० | ६६ | ख | १६ | ५३ | ख | १७ | ५६ | ख | १७ | ५६ | ख |
| २८ | २२ | ७२ | क | १४ | ४६ | ख | १७ | ५६ | ख | १७ | ५६ | ख |
| २९ | १९ | ६३ | ख | १७ | ४६ | ख | १५ | ४९ | ख | १४ | ४६ | ख |
| ३० | २२ | ७२ | क | १८ | ५९ | ख | १७ | ५६ | ख | १९ | ६३ | ख |
| | ५९६ | | | ४८७ | | | ४६८ | | | ४६० | | |

माथिको तालिका ११ मा प्रस्तुत गरेको प्राप्ताङ्क विवरण अनुसार विद्यार्थीहरुले सुनाइ सिपमा ७० प्रतिशतदेखि माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने ९ जना, ४० प्रतिशतदेखि ६९ प्रतिशत अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २१ जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने विद्यार्थीहरु सून्य छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १४ र सबभन्दा बढी प्राप्ताङ्क २३ र औसत प्राप्ताङ्क १९.८६ रहेको छ ।

बोलाइ सिपमा ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने ४ जना, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २५ जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने १ जना विद्यार्थी रहेका छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १२ र सबभन्दा बढी २३ र औसत प्राप्ताङ्क १६.२३ रहेको छ । पढाइ सिपमा ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने छैनन्, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने ३० जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने विद्यार्थी सून्य रहेका छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १३ र सबभन्दा बढी १८ र औसत प्राप्ताङ्क १५.६ रहेको छ । त्यस्तै गरी लेखाइ सिप अन्तर्गत ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने ३ जना, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २५ जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने २ जना विद्यार्थी रहेका छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १० र सबभन्दा बढी २२ र औसत प्राप्ताङ्क १५.३३ रहेको छ ।

यसरी माथिको तथ्याङ्कबाट के देखियो भने विद्यार्थीहरुको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको सिकाइ उपलब्धि स्तर समान छैन । यसमा सबभन्दा बढी सिकाइ उपलब्धि सुनाइ सिपमा प्राप्त भएको छ भने अरु सिपमा सिकाइको स्तर सुनाइको तुलनामा कम देखिन्छ । अतः भाषिक सिप सम्बद्ध शिक्षण सिकाइ क्रियाकलापमा जोड दिनु पर्ने देखिन्छ ।

## ४.३ दोस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण

शोध विद्यालय श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमा भाषिक सिपको दोस्रो प्रयोगात्मक परीक्षा लिइएको थियो । उक्त परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२ : दोस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण

| क.सं | सुनाइ | | | बोलाइ | | | पढाइ | | | लेखाइ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी | प्राप्ताङ्क | प्रतिशत | श्रेणी |
| १ | २२ | ७२ | क | २३ | ७६ | क | १८ | ५९ | ख | २४ | ७९ | क |
| २ | १७ | ५६ | ख | १४ | ४६ | ख | १६ | ५३ | ख | २१ | ६९ | ख |
| ३ | १८ | ५९ | ख | १८ | ५९ | ख | २१ | ६९ | ख | २४ | ७९ | क |
| ४ | २३ | ७६ | क | १६ | ५३ | ख | २३ | ७६ | क | २४ | ७९ | क |
| ५ | २४ | ७९ | क | १७ | ५६ | ख | १७ | ५६ | ख | २३ | ७६ | क |
| ६ | १७ | ५६ | ख | २० | ६६ | ख | १६ | ५३ | ख | १५ | ५९ | ख |
| ७ | २३ | ७६ | क | १९ | ६३ | ख | १७ | ५६ | ख | १४ | ४६ | ख |
| ८ | २२ | ७२ | क | १९ | ६३ | ख | २२ | ७२ | क | १४ | ४६ | ख |
| ९ | २२ | ७२ | क | २० | ६६ | ख | १५ | ४९ | ख | १५ | ४९ | ख |
| १० | २१ | ६९ | ख | १३ | ४३ | ख | २० | ६६ | ख | १८ | ५९ | ख |
| ११ | २२ | ७२ | क | १६ | ५३ | ख | १९ | ५३ | ख | २० | ६६ | ख |
| १२ | २२ | ७२ | क | २० | ६६ | ख | २० | ६६ | ख | १७ | ४६ | ख |
| १३ | २१ | ६९ | ख | १४ | ४६ | ख | २० | ६६ | ख | १५ | ४९ | ख |
| १४ | १८ | ५९ | ख | १४ | ४६ | ख | २२ | ७२ | क | १५ | ४९ | ख |
| १५ | २३ | ७६ | क | १२ | ३९ | ग | २० | ६६ | ख | १५ | ४९ | ख |
| १६ | २० | ६६ | ख | १२ | ३९ | ग | १९ | ६३ | ख | १४ | ४६ | ख |
| १७ | २० | ६६ | ख | १३ | ४३ | ख | १९ | ६३ | ख | १२ | ३९ | ग |
| १८ | १८ | ५९ | ख | १३ | ४३ | ख | २० | ६६ | ख | १५ | ४९ | ख |
| १९ | १९ | ६९ | ख | १८ | ५९ | ख | १९ | ६३ | ख | १८ | ५९ | ख |
| २० | २१ | ६९ | ख | १८ | ५९ | ख | २१ | ६९ | ख | १७ | ५६ | ख |
| २१ | २० | ६६ | ख | १६ | ५३ | ख | १८ | ५९ | ख | १४ | ४६ | ख |
| २२ | १९ | ६३ | ख | १७ | ५६ | ख | २० | ६६ | ख | १२ | ३९ | ग |
| २३ | २२ | ७२ | क | १६ | ५३ | ख | २० | ६६ | ख | १४ | ४६ | ख |
| २४ | २० | ६६ | ख | १६ | ५३ | ख | २२ | ७२ | क | १२ | ३९ | ग |
| २५ | २० | ६६ | ख | २० | ६६ | ख | २२ | ७२ | क | १४ | ४६ | ख |
| २६ | २२ | ७२ | क | १५ | ४९ | ख | २० | ६६ | ख | १४ | ४६ | ख |
| २७ | २१ | ६९ | ख | १६ | ५३ | ख | २२ | ७२ | क | १२ | ३९ | ग |
| २८ | २३ | ७६ | क | १४ | ४६ | ख | २१ | ६९ | ख | २१ | ६९ | ख |
| २९ | २० | ६६ | ख | १७ | ५६ | ख | २१ | ६९ | ख | १२ | ३९ | ग |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | २४ | ७६ | क | १७ | ५६ | ख | २४ | ७९ | क | २१ | ६९ | ख |
| | ५८२ | | | ४७४ | | | ६१४ | | | ५०२ | | |

माथिको तालिका १२ मा प्रस्तुत गरेको प्राप्ताङ्क तालिका अनुसार दोस्रो प्रयोगात्मक परीक्षा अन्तर्गत सुनाइ सिपमा निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्ड अनुसार ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने १३ जना, ४० प्रतिशत देखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख'श्रेणी प्राप्त गर्ने १७ जना छन भने ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने विद्यार्थी देखिदैनन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १७ र सबभन्दा बढी प्राप्ताङ्क २३ रहेको छ भने औसत प्राप्ताङ्क १९.४० रहेको छ । बोलाइ सिपको प्रयोगात्मक परीक्षामा ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने १ जना, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २७ जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने २ जना विद्यार्थी रहेका छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १४ र सबभन्दा बढी २३ र औसत प्राप्ताङ्क १५.८० रहेको छ । त्यसै गरी पढाइ सिपको प्रयोगात्मक परीक्षामा ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने ७ जना, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २३ जना छन र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने  छैनन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १५ र सबभन्दा बढी २४ र औसत प्राप्ताङ्क २०.४६ रहेको छ । लेखाइ सिपको परीक्षामा ७० प्रतिशतभन्दा माथि अङ्क ल्याई 'क' श्रेणी प्राप्त गर्ने ४ जना, ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याई 'ख' श्रेणी प्राप्त गर्ने २१ जना र ४० प्रतिशतभन्दा कम अङ्क ल्याई 'ग' श्रेणी प्राप्त गर्ने ५ जना विद्यार्थी रहेका छन् । यस परीक्षाको सबभन्दा कम प्राप्ताङ्क १२ र सबभन्दा बढी प्राप्ताङ्क २४ रहेको छ भने औसत प्राप्ताङ्क १६.७३ रहेको छ ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने भाषिक सिपहरुमध्ये पढाइ सिपमा सबभन्दा बढी अङ्क प्राप्त भएको छ । यस बाहेकका सुनाइ, बोलाइ र लेखाइ सिप विकासको लागि सुधारात्मक शिक्षण अपनाउनु पर्ने देखिन्छ ।

## ४.४ तेस्रो प्रयोगात्मक परीक्षाको प्रगतिको विवरण

श्री खड्ग स्मृति उच्च माध्यमिक विद्यालयमा भाषिक सिपको तेस्रो परीक्षा सञ्चालन भएको थियो । उक्त परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका १३ : तेस्रो प्रयोगात्मक परीक्षाको प्रगति विवरण

| क.सं | सुनाइ | | | बोलाइ | | | पढाइ | | | लेखाइ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
